हाम्रो जनसंख्या र वातावरण शिक्षा

शिक्षक निर्देशिका

कक्षा - ८

हाम्री जनसङ्ख्या र वातावरण शिक्षा

शिक्षक निर्देशिका

कक्षा - ८

304.6
PAU-p
2061

लेखकहरू
आनन्द पौडेल
प्रेमकुमार भट्टराई
गोकर्ण थापा
लक्ष्मीकुमारी माली
गीता कार्की

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

851
C.1

प्रकाशक
श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

© पाठ्यक्रम विकास केन्द्र

शिक्षक निर्देशिकासम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा निहित रहेको छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिविना यसको पूरै वा आंशिक भाग हुवहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिवाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइनेछैन ।

प्रथम संस्करण, २०६१

मूल्य रु. :

मुद्रित प्रति :

मुद्रक : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमी, भक्तपुर ।

निर्देशिकासम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका टिप्पणीहरू भएमा पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूवाट आउने टिप्पणीहरूलाई यो केन्द्र स्वागत गर्दछ ।

तपाईंको पुस्तकमा छपाइप्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा उक्त निर्देशिका जनक शिक्षा सामग्री केन्द्र लिमिटेड वा नजिकको साझा प्रकाशनबाट साट्न सक्नुहुनेछ ।

• जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

हाम्रो भनाइ

राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को प्रतिवेदनको सिफारिसअनुसार विद्यालयस्तरका पाठ्यपुस्तकमा समयसापेक्ष परिर्वतन गरिएको छ । शिक्षाले विद्यार्थीहरूमा बहुदलीय प्रजातान्त्रिक मूल्य र मान्यताअनुरूप उदात्त भावना प्रस्फुटित गराई देशलाई आवश्यक हुने मानवीय स्रोत र साधनको विकास गरी प्रतिस्पर्धापूर्ण जीवनयापन गर्न सक्ने दक्ष, सुशील र कर्तव्यनिष्ठ नागरिक तयार गरी मानवीय साधनको उत्पादनका लागि पाठ्यक्रम पाठ्यपुस्तकलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सघाउ पुऱ्याउने उद्देश्यले कक्षा ८ को हाम्रो जनसङ्ख्या तथा वातावरण शिक्षा विषयको शिक्षक निर्देशिका तयार गरिएको हो । यस निर्देशिकाको प्रयोगबाट यस विषयको कक्षा शिक्षणमा शिक्षकहरूलाई थप सहयोग पुऱ्याउने कुरामा केन्द्र विश्वस्त रहेको छ ।

विद्यालय तहमा शैक्षिक सत्र २०५१/०५२ सालदेखि जनसङ्ख्या र वातावरण विषयको पाठ्यक्रम कार्यान्वयन हुँदै आइरहेको छ । सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत नागरिक तयार गर्ने उद्देश्यले विकास गरिएको नि.मा.वि. तहको यस विषयको पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि पाठ्यपुस्तकलाई सहीरूपबाट प्रयोग गर्नुपर्ने हुन्छ । बालबालिकाहरूलाई कक्षाकोठाप्रति आकर्षित तुल्याउन र सिर्जनात्मक कार्यहरू गर्न गराउनमा शिक्षकको गहनतम भूमिका हुने भएकाले उनीहरूलाई यी कार्यहरूमा सहयोग पुऱ्याउनु विद्यालय शिक्षामा संलग्न सबै निकाय र व्यक्तिको साझा दायित्वको विषय हो । यस दायित्वलाई सहज तुल्याउने अभिप्रायले कक्षा ८ को शिक्षक निर्देशिकाको विकास गरिएको छ । यस निर्देशिकाको विकास गर्ने कार्यमा श्री जगन्नाथ अवा, श्री लक्ष्मीप्रसाद खत्री र गोपालप्रसाद अधिकारीको अमूल्य सुझाव प्राप्त भएको छ । यसको भाषा सम्पादन श्री भरत नेपाली प्याकुरेल र श्री विष्णुप्रसाद अधिकारीले गर्नुभएको हो । आवरण डिजाइन टार्जन राई तथा कम्प्युटर टाइप तथा लेआउट श्री रबिन श्रेष्ठले गर्नुभएको हो ।

यस निर्देशिकाले पाठ्यक्रम र पाठ्यपुस्तकमा दिइएका विषयवस्तुको अध्यापन र अभ्यास गराउँदा अपनाउनुपर्ने विधि र तरिका सम्बन्धमा सकेसम्म स्पष्ट पार्न खोजेको छ । पाठ्यपुस्तकको सरल कार्यान्वयनका लागि शिक्षकहरूलाई सहयोग पुऱ्याउने उद्देश्यले तयार पारिएको यस निर्देशिकामा अझै केही कमीकमजोरी रहेका हुन सक्छन् । यस निर्देशिकाको सुधार तथा परिमार्जनका लागि विषयविज्ञ, शिक्षक, विद्यार्थी, शिक्षाप्रेमी तथा अभिभावकहरूप्रति यो केन्द्र सदैव रचनात्मक सुझावको अपेक्षा गर्दछ ।

पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

विषयसूची

	शीर्षक	पृष्ठ
एकाइ : १	जनसङ्ख्या र वातावरणको परिचय र महत्त्व	१-९
एकाइ : २	जनसङ्ख्या र प्राकृतिक स्रोत तथा साँस्कृतिक सम्पदाको स्थिति	१०-२२
एकाइ : ३	जनसङ्ख्या परिवर्तन र वातावरणका ह्रासका कारणहरू	२३-३६
एकाइ : ४	जनसङ्ख्या बृद्धिबाट जीवनको गुणस्तरमा ह्रास	३७-५१
एकाइ : ५	जनसङ्ख्या नियन्त्रयण र वातावरण संरक्षण तथा संवर्द्धनका उपायहरू	५२-६२
एकाइ : ६	जनसङ्ख्या नियन्त्रण तथा वातावरण संरक्षणमा संलग्न अन्तराष्ट्रिय निकायहरूको भूमिका	६३-७०

एकाइ : १	जनसङ्ख्या र वातावरणको परिचय र महत्त्व	घन्टी : १२

१. भूमिका

जनसङ्ख्या तथा वातावरण शिक्षाको परिचय र महत्त्व पठनपाठन गराउने उद्देश्यले यो एकाइ योजना तयार पारिएको छ । यस एकाइमा जनसङ्ख्या र वातावरणको अन्तरसम्बन्ध, मानिसको वातावरणमा निर्भरता, वातावरण विनाशबाट मानिसमा पर्ने असरहरू र मानवीय क्रियाकलापबाट वातावरणमा पर्ने असरहरूबारे विभिन्न क्रियाकलापद्वारा अध्यापन गर्ने सीप र विधिहरू दिन खोजिएको छ ।

१.१ जनसङ्ख्या र वातावरणको अन्तरसम्बन्ध

१. परिचय

मानिस र वातावरणबीच अन्तरसम्बन्ध रहेको हुन्छ । मानिसहरूले जीवन निर्वाह गर्नका लागि वातावरणमा भएका विभिन्न प्राकृतिक स्रोत र साधनहरू प्रयोग गर्दछन् । जतिजति मानिसको सङ्ख्या बढ्दै जान्छ, उतिउति प्राकृतिक स्रोतहरूमा प्रयोग पनि बढ्दै जान्छ । यसरी प्राकृतिक स्रोतहरू अत्यधिक प्रयोग भएमा वातावरणमा सन्तुलन विग्रिन्छ । जसको कारण विभिन्न प्राकृतिक प्रकोपहरू जस्तै; बाढीपहिरो, भूक्षय, अनावृष्टि, अतिवृष्टि आदि समस्याले वातावरण प्रदूषित हुन्छ ।

२. विशिष्ट उद्देश्य

यस पाठको अध्ययन पूरा गरिसकेपछि विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

२.१. जनसङ्ख्या र वातावरण अन्तरसम्बन्ध व्याख्या गर्न,
२.२ मानिस र प्राकृतिक स्रोतहरूबीचको सम्बन्ध वर्णन गर्न,
२.३ प्राकृतिक स्रोतहरूलाई उचित प्रयोगको आवश्यकता वर्णन गर्न,

३. शैक्षिक सामग्री

३.१ जनसङ्ख्या र वातावरणको अन्तरसम्बन्ध भएको चित्र
३.२ पानीको स्रोत, बोटबिरुवा र पशुपन्छीहरूको चित्र
३.३ प्राकृतिक स्रोतहरू अति प्रयोगबाट वातावरण विनास भएका चित्रहरू आदि
३.४ खेतबारी, पानीका स्रोतहरू, वन आदि स्थलहरू

नोट : यस एकाइका लागि पाठ्यक्रमले तय गरेका घन्टीका आधारमा शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।

४. शिक्षण क्रियाकलाप

४.१ विद्यार्थीहरूलाई जनसङ्ख्या र वातावरणवीचको अन्तरसम्वन्ध कत्तिको छ ? भनी प्रश्न गरी छलफल गराउने र उनीहरूवाट आएको उत्तरलाई कालोपाटीमा लेख्दै जाने, अन्त्यमा तलको चित्र प्रस्तुत गरी जनसङ्ख्या र वातावरणको अन्तरसम्वन्ध स्पष्ट पारिदिने ।

जतिजति मात्रामा जनसङ्ख्या वृद्धि हुँदै गयो त्यतित्यति नै वातावरणमा भएका प्राकृतिक स्रोत र साधनहरूको प्रयोग बढ्दै जान्छ । वातावरणीय स्रोत र साधनहरूको अनियन्त्रित प्रयोग रोक्नका लागि जनसङ्ख्या वृद्धिलाई नै रोक्न आवश्यक हुन्छ । प्राकृतिक स्रोतहरूको उचित प्रयोग गरी वातावरणको संरक्षण गर्नुपर्दछ ।

४.२ विद्यार्थीहरूलाई प्राकृतिक स्रोत भनेको प्रकृतिमा आफैं उत्पन्न हुने वस्तुहरू हुन् । यी वस्तुहरू उत्पादनका लागि मानिसले आर्थिक स्रोत लगाएका हुँदैन । ती वस्तुहरू केके हुन् ? भनी प्रश्न गरी छलफल गराउने र उनीहरूबाट आएको उत्तरलाई कालोपाटीमा लेख्दै जाने, अन्त्यमा मानिस र प्राकृतिक स्रोतको सम्बन्ध प्रस्टयाउने खालका चित्रहरू देखाई तलको निष्कर्ष बताइदिने ।

वातावरणमा पाइने हावापानी, माटो, वनस्पति, खनिज पदार्थ, जीवजन्तु आदि वस्तुहरू प्राकृतिक स्रोतहरू हुन् ।

प्राकृतिक सम्पदा मानिसहरूको ठूलो सार्वजनिक सम्पत्ति हो । जहाँ प्राकृतिक स्रोतहरू हुन्छन् त्यहीँ नै जीवहरूको जीवन हुन्छ । प्रकृति विना जीवहरूको अस्तित्व सम्भव हुँदैन ।

चित्र नं. १ जनसङ्ख्या र वातावरणको अन्तरसम्बन्धको चित्र



४.३ प्राकृतिक स्रोतहरूलाई विवेकपूर्ण ढङ्गबाट प्रयोग गर्नुपर्ने आवश्यकताका कुरामा विद्यार्थीहरूबीच छलफल गराउने । प्राकृतिक स्रोतहरूलाई अति प्रयोग गर्नाले केके हुन्छ भनी प्रश्न गरी छलफल गराउने र उनीहरूबाट आएको उत्तरलाई कालोपाटीमा लेख्दै जाने अन्त्यमा शिक्षकले प्रस्टयाइदिने ।

प्राकृतिक स्रोतको विवेकपूर्ण किसिमबाट प्रयोग नगरेमा वा संरक्षण नगरेमा छिटोछिटो प्राकृतिक स्रोतहरू ह्रास हुँदै जान सक्छन् जसले जीवहरूको अस्तित्व खतरामा पुग्छ ।

प्राकृतिक स्रोतहरूलाई अति प्रयोग गर्नाले :

- प्राकृतिक स्रोतहरू सकिँदै जान्छन् ।
- मानिसका आवश्यकताहरू पूरा गर्न नसक्ने अवस्थामा पुग्छन् ।
- जीवहरूको अस्तित्व नै सङ्कट पर्न सक्छ ।
- वातावरण असन्तुलन हुन गई मानिसलाई बाँच्न कठिन पर्न जान्छ ।
- प्राकृतिक स्रोतहरू, खाद्यान्न, जडीबुटी र बासस्थान सबै नै वातावरणमा निर्भर छन् । यसकार वातावरणको विनासबाट यी सबै वस्तुहरू पनि विनास हुन्छन् ।

५. मूल्याङ्कन

५.१ जनसङ्ख्या र वातावरण एकआपसमा कसरी अन्तरसम्बन्धित छन् ?

५.२ मानिस र प्राकृतिक स्रोतको बीचमा कस्तो सम्बन्ध छ ?

५.३ किन प्राकृतिक स्रोतलाई विवेकपूर्ण किसिमबाट प्रयोग गर्नुपर्दछ ?

६. सारांश

६.१ जनसङ्ख्याको वृद्धिसँगसँगै वातावरणमा भएका प्राकृतिक स्रोत र साधनहरूको प्रयोग बढ्दै जान्छ । त्यसकारण प्राकृतिक स्रोत र साधनको अनियन्त्रित प्रयोग रोक्नका लागि जनसङ्ख्या वृद्धिलाई रोक्नुपर्छ ।

६.२ प्राकृतिक सम्पदा मानिसहरूको ठूलो सम्पत्ती हो । जहाँ प्राकृतिक स्रोतहरू हुन्छन् त्यहाँ जीवहरूको जीवन हुन्छ । प्रकृतिविना जीवहरूको अस्तित्व सम्भव हुँदैन ।

६.३ प्राकृतिक स्रोतहरूलाई प्रयोग सँगसँगै संरक्षण नगरेमा प्राकृतिक स्रोतहरू ह्रास हुँदै जान्छन् जसले जीवहरूको अस्तित्व पनि लोप हुन सक्छ ।

६.४ मानिसलगायत सबै जीवहरू वातावरणमा निर्भर छन् । प्राकृतिक स्रोतहरू, खाद्यान्न, बासस्थान सबै नै वातावरणमा निर्भर रहने वस्तुहरू हुन् । यसकारण वातावरण स्वच्छ राख्न अति आवश्यक छ ।

१.२ मानिसको वातावरणमा निर्भरता

१. भूमिका

मानिसलगायत अन्य जीवहरूलाई बाँच्नका लागि उपयुक्त किसिमको वातावरण आवश्यक पर्दछ । आफ्ना आवश्यकता परिपूर्तिका लागि वातावरणमा नै निर्भर रहन्छन् । त्यसकारण जीवहरू बाँच्नका लागि स्वच्छ वातावरण चाहिन्छ ।

२. विशिष्ट उद्देश्य

यस पाठको अध्ययन पूरा गरिसकेपछि विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

२.१ मानिसको वातावरणमा निर्भरता व्याख्या गर्न,
२.२ जीवहरू बाँच्नका लागि स्वच्छ वातावरणको आवश्यकता वर्णन गर्न ।

३. शैक्षिक सामग्री

३.१ विभिन्न वनस्पति, बोटविरुवाहरूको चित्र
३.२ प्राकृतिक स्रोतहरू देखाइएका तालिका
३.३ विभिन्न जीवहरूको बासस्थान देखाइएका चित्र

४. शिक्षण क्रियाकलाप

४.१ विद्यार्थीहरूसँग मानिसका आधारभूत आवश्यकताहरू केके हुन् ? ती वस्तु कहाँबाट प्राप्त हुन्छ ? भनी प्रश्न गरी छलफल गराउने र उनीहरूबाट आएको उत्तरलाई कालोपाटीमा लेख्दै जाने । अन्त्यमा ती आधारभूत आवश्यकताहरू सबै नै वातावरणबाट प्राप्त हुने कुरा स्पष्ट पारिदिने । साथै बोटबिरुवा, अन्नवाली, फलफूलको बोट, पानीको स्रोत वनजङ्गल, जीवजन्तु, हावा र बासस्थानसम्बन्धी चित्रहरू देखाएर मानिस वातावरणमा निर्भरताको व्याख्या गर्ने ।

मानिसलगायत जीव बाँच्नका लागि अनुकूल वातावरणको आवश्यकता पर्दछ । जस्तै;

- स्वच्छ हावा
- स्वच्छ पानी
- उर्वर, माटो
- सूर्यको प्रकाश
- खनिज पदार्थ

- वनजङ्गल
- जमिन
- जलाशय

माथिका बुँदाहरूमा छलफल गराई यी सबै कुराहरू वातावरणभित्रका हुन भन्ने कुरा स्पष्ट पारीदिने ।



५. मूल्याङ्कन

१. किन मानिसलाई स्वच्छ वातावरणको आवश्यक पर्दछ ?
२. जीवहरू बाँच्नका लागि वातावरणमा निर्भर हुन्छन्, कसरी ?
३. मानिस जीवजन्तुमा पनि निर्भर रहन्छ कसरी ?

६. सारांश

- मानिसलगायत जीवहरू बाँच्नका निम्ति अनुकूल वातावरणको आवश्यकता पर्दछ ।
- मानिसहरू वातावरणमा नै निर्भर छन् । जस्तै; स्वच्छ हावा, स्वच्छ पानी, उर्वर माटो, वनजङ्गल आदि नभएमा मानिस बाँच्न सक्दैन ।
- प्राकृतिक स्रोतहरू, खाद्यान्न, जडीबुटी र बासस्थानसमेत पनि वातावरणबाट नै प्राप्त हुन्छ ।

१.३ वातावरण विनासबाट मानिसमा पर्ने असरहरू

१. पृष्ठभूमि

हामी जहाँ बाँचेका छौँ त्यो एक प्रकारको वातावरण हो । हामी बाँच्दा वातावरणका विविध वस्तुहरू उपयोग गरेर बाँचेका हुन्छौँ । यी वस्तुहरूको उपभोग गर्ने क्रममा धेरै उपभोग गर्‍यौँ भने वातावरणका वस्तुहरूमा कमी आउन थाल्छ र ती वस्तुहरूको अपर्याप्तताका कारण हाम्रो जीवनलगायत प्राणी र वनस्पतिहरूमा पनि कमी आउन थाल्छ जब वातावरणीय असन्तुलन पैदा हुन्छ, तब विभिन्न वातावरणीय विपत्ति आउन थाल्छन् भन्ने विषयहरू हामी यस पाठमा केन्द्रित हुनेछौँ ।

२. विशिष्ट उद्देश्य

यस पाठको अध्ययन पूरा गरिसकेपछि विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

२.१ वातावरणीय विनासबाट मानिसलाई पर्ने असरहरू चिन्न,
२.२ भूक्षय, बाढी, पहिरोले मानिसलाई पुऱ्याउने असरहरू बताउन,
२.३ वनस्पती विनासले मानिसमा पर्ने असर पहिचान गर्ने,
२.४ पानीको स्रोत विनास भएपछि मानिसलाई पर्ने असर बताउन,
२.५ विभिन्न प्रदूषणले मानिसलाई पार्ने असर बताउन ।

३. शैक्षिक सामाग्री

(क) भू-क्षय भएको, वनस्पति काटेका चित्रहरू
(ख) विभिन्न प्रदूषण देखिने चित्रहरू

४. शिक्षण क्रियाकलाप

४.१ शिक्षकले हामी कहाँ बस्छौँ ? हामीले वातावरणबाट कुनकुन वस्तु प्रयोग गर्छौँ ? भनी प्रश्न राख्दै प्रश्नको उत्तर ठीक भए टिप्दै जाने ।

४.२ शिक्षकले विद्यार्थीहरूलाई चारओटा समूहमा विभाजन गर्न लगाई प्रत्येक समूहलाई एकएक ओटा विषयवस्तुको बारेमा छलफल गरी प्रतिवेदन तयार गर्न लगाउने र पालैसँग सबैलाई सुनाउन निर्देशन दिने ।

४.३ स्पष्ट नभए शिक्षकले निम्न कुरामा स्पष्ट पारिदिने
(क) भूक्षय भएमा मलिलो माटो बगाउँछ,
(ख) उर्वरभूमि घट्छ,
(ग) उर्वर माटोको कमीले खाद्यान्नमा कमी आउँछ,
(घ) १ से.मि. माटो बन्न १०० देखि ४०० वर्षसम्म लाग्छ

४.४ बाढी पहिरोले -

(क) जग्गाजमिन बगाउँछ,

(ख) घरखेत बगाउछ,

(ग) बोटविरुवा, जीवजन्तुहरू नास हुन्छन्,

(घ) खेतीयोग्य जमिन घट्छ,

(ङ) धनजनको क्षति हुन्छ,

४.५ पानीको स्रोत बिगारेमा -

(क) मानिसले पानीको लागि धेरै दुःख खानुपर्छ,

(ख) पानीका स्रोत सुकेमा खेतीमा सिँचाइ गर्न र बोटविरुवा हुर्कन कठिनाइ उत्पन्न हुन्छ,

(ग) जलाशय सुख्खा हुन्छ,

(घ) जीवजन्तु पशुपन्छी मर्छन्,

(ङ) खेती गर्न पाइँदैन,

(च) उत्पादन हुँदैन,

४.६ हावा प्रदूषणले -

(क) विभिन्न रोगहरू लाग्छ,

(ख) वातावरण नराम्रो हुन्छ,

(ग) पानी प्रदूषणले जीवजन्तु, जलचर, बोटबिरुवा, खेती, किराफट्याङ्ग्रा नास हुन्छ,

(घ) हैजा, टाइफाइड, झाडापखालाजस्ता रोगको महामारी हुन्छ जसबाट मानिसको मृत्यु हुन्छन्,

(ङ) जमिन प्रदूषणले उर्वरशक्ति कम हुन्छ,

(च) उत्पादन कम हुन्छ, बोटबिरुवा मर्छन्, मरुभूमीकरण हुन्छ,

(छ) किटपतङ्ग नास हुन्छ,

(ज) ध्वनि प्रदूषणले मानिस बहिरो, कान नसुन्ने, उच्च रक्तचाप, चिर्डाचिडापन, मुटुरोगी हुने हुन्छ ।

५. मूल्याङ्कन

(क) वातावरण विनासबाट मानिसमा पर्ने असरहरू केके हुन् ?

(ख) वनस्पति विनासले मानिसलाई केके असर पर्छ ? सूची बनाऊ ।

६. सारांश

(क) वातावरणीय विनासले भू-क्षय र बाढी पहिरो जान्छ ।

(ख) वनस्पति विनासले मानिसका स्रोतमा कमी आउँछ ।

(ग) वातावरणीय नासले जीवजन्तुमा असर पुग्छ ।

(घ) पानीका स्रोत सुक्नाले जीवको आधारभूत खानामा कमी हुन्छ, जीवजन्तु पशुपन्छी मर्छन्, वनस्पति नास हुन्छ ।

(ङ) वातावरणीय प्रदूषणले मानिसलाई विभिन्न रोग लाग्छ जसबाट वातावरण असन्तुलन हुन्छ ।

१.४ मानवीय क्रियाकलापबाट वातावरणमा पर्ने असरहरू

१. पृष्ठभूमि

मानिसले प्रकृतिका स्रोतहरू उपयोग गरेर बाँच्ने गर्दछ । यसरी उपभोग गर्दा कतिपय वस्तुहरू पहिलेको अवस्थामा आउन नपाउँदै सकिने हुन्छ यसरी स्रोत र साधनको अभाव भएमा मानिसलाई पनि स्वतः प्रभाव पर्छ । तसर्थ वातावरणका वस्तुहरू प्रयोग गर्दा विवेकपूर्ण ढङ्गबाट गर्नुपर्छ र भोलि पनि बाँच्नु छ भनी ती वस्तुहरूको संरक्षण र सम्वर्द्धन गर्नुपर्छ । हामी यस पाठमा मानवीय क्रियाकलापबाट वातावरणमा पर्ने असरहरूको अध्ययन गर्नेछौँ ।

२. विशिष्ट उद्देश्य

यस पाठको अध्ययन पूरा गरिसकेपछि विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

२.१ मानवीय क्रियाकलापबाट वातावरणमा पर्ने असरहरू बताउन,
२.२ जैविक पक्ष र भौतिक पक्षमा देखा पर्ने परिवर्तन उल्लेख गर्न,
२.३ प्रदूषण वृद्धि हुने कारणहरू पत्ता लगाउन ।

३. शिक्षण सामाग्री

(क) डाँडापाखा, वनजङ्गल भएको चित्र
(ख) विभिन्न प्रदूषण दर्साइएको चित्र

४. शिक्षण क्रियाकलाप

४.१ विद्यार्थीहरूलाई वातावरणका जैविक पक्ष र भौतिक पक्ष भनेको के हो ? तुलना गर्न लगाउने । विद्यार्थीले भनेका कुरा ठीक भए कालोपाटीमा टिपेर सबैलाई बुझाउने ।

४.२ शिक्षकले -
(क) भौतिक पक्ष भनेको के हो ?
(ख) जैविक पक्ष भनेको के हो ? प्रस्ट पारिदिने ।

४.३ कालोपाटीमा जीवजन्तु वनस्पति, माटो, पानी, हावा, पहाडहरू देखाएर जैविक र अजैविक छुट्टयाउने ।

४.४ भौतिक पक्षमा मानिसले पुऱ्याएको क्षति र जैविक पक्षमा पुऱ्याएको असरहरू बताइदिने ।

४.५ मानिसले -

(क) माटो र कलकारखाना प्रयोग गरेकाले धुंवा, धुलो बढी हुन गएको स्पष्ट पार्ने ।

(ख) जमिनमा जथाभावी रूपमा रासायनिक मल हाल्नाले माटो विग्रन गएको कुरा बताउने ।

(ग) सहरवाट ढल फाल्नाले वातावरण प्रदूषण भएको वताउने ।

(घ) त्यस्तै ध्वनि प्रदुषणका बारेमा स्पष्ट पार्ने ।

(ङ) त्यस्तै फोहोरमैलाले विभिन्न समयमा सिर्जना गरेको छ भन्ने ।

५. मूल्याङ्कन

(क) मानवीय क्रियाकलापवाट वातावरणमा पर्ने २ ओटा असर लेख ।

(ख) प्रदूषण वृद्धि हुने कारणहरू केके हुन् ?

६. सारांश

मानवीय क्रियाकलाप नै वातावरणमा असर पार्नमा जिम्मेवार हुन्छ । प्राकृतिक स्रोतको अत्यधिक प्रयोग, विकास निर्माण क्रियाकलापहरूको अवैज्ञानिक रूपमा सञ्चालन, वन्यजन्तु आदिको विनाश आदि सबै मानवीय कार्यहरूवाट हुने गर्दछन् । उपलब्ध प्राकृतिक साधन र स्रोतको उचित ढङ्गवाट प्रयोग गर्न नसकेवाट वातावरणमा असन्तुलन, विभिन्न प्रकारका प्रकोपहरू जस्तै; भू-क्षय, वाढी पहिरो, अतिवृष्टि, अनावृष्टि आदि समस्याहरू पर्न जान्छन् । जल, वायू, जर्मीन, आवाज प्रदूषण आदिका पछाडी पनि मानवीय क्रियाकलापहरू नै जिम्मेवार हुने गर्दछन् । तसर्थ मानवीय क्रियाकलाप र वातावणमा पर्ने असरको बारेमा उचित जानकारी लिइ सन्तुलित ढङ्गवाट प्रयोग गर्ने बानी बसाल्नु राम्रो हुन्छ ।

एकाइ : २	जनसङ्ख्या र प्राकृतिक स्रोत तथा साँस्कृतिक सम्पदाको स्थिति	घन्टी : १३

२.१ जनसङ्ख्याका तत्त्वहरू

१. भूमिका

जनसङ्ख्या परिवर्तनसम्बन्धी अध्ययनका तीन प्रमुख तत्त्वहरू हुन्छन् । ती हुन् : जन्म, मृत्यु र बसाइँसराइ । जन्म, मृत्यु र बसाइँराइका कार्यले गर्दा नै जनसङ्ख्याको आकारमा परिवर्तन ल्याउँछन् । जनसाङ्ख्यिकीय प्रक्रिया तथा मापन - जन्मदर, मृत्युदर र बसाइँराइ विषयको बोध गराइन्छ । जनसाङ्ख्यिकीय मापनको अभ्यास पनि यस एकाइमा गराइनेछ ।

२. विशिष्ट उद्देश्य

यस पाठको अध्ययन पूरा गरिसकेपछि विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

२.१ जनसाङ्ख्यिकीय तत्त्व र प्रक्रियाबारे व्याख्या गर्न,
२.२ जनसाङ्ख्यिकीय मापनका साधारण सूत्रहरूका माध्यमबाट यसको मापन गर्न ।

३. शैक्षिक सामग्री

३.१ जनसङ्ख्या परिवर्तनको फ्लो मोडेल (Flow Model)
३.१ नेपालका विभिन्न जनगणनाअनुसारको कुल जनसङ्ख्या, कोरा जन्मदर र कोरा मृत्युदरको तालिका ।

४. शिक्षण क्रियाकलाप

४.१ जनसाङ्ख्यिकीय भनेको के हो ? भन्नेबारे छलफल गर्ने । छलफलबाट आएका बुँदाहरूलाई बोर्डमा टिप्दै विद्यार्थीबाट आएका विचारहरूबाटै तलको कोष्ठमा दिइएका कुराहरूसँग मिलाई व्याख्या गर्ने ।

जनसाङ्ख्यिकीय खास गरेर ग्रीक शब्द 'डेमोस' र 'ग्राफियन' बाट आएको हो । 'डेमोस भनेको मान्छे (जनता) 'ग्राफियन' भनेको अध्ययन गर्ने शास्त्र अर्थात विधा हो । यसरी जनसाङ्ख्यिकीय भन्नाले जनसङ्ख्याको आकार, वितरण, वनावट र जनसङ्ख्या परिवर्तनहरूबारे तथ्याङ्कीय र गणितीयरूपले अध्ययन गर्ने शास्त्र भन्ने बुझिन्छ ।

४.२ परिवार, गाउँ र देशको जनसङ्ख्यामा जन्म, मृत्यु र बसाइँसराइले त्यस क्षेत्रको जनसङ्ख्या बढ्ने, घट्ने सम्बन्धमा तलका प्रश्नहरू राखी छलफल गराउने ।

जन्मले परिवारको आकार कस्तो हुन्छ ?
मृत्युले परिवारको आकार कस्तो हुन्छ ?
विवाहपछि कुनै परिवारको आकारमा कस्तो परिवर्तन हुन्छ ?
बसाइँसराइले जनसङ्ख्यामा कस्तो परिवर्तन ल्याउँछ ?

४.३ जनसाङ्ख्यिकीय तत्त्व - जन्म, मृत्यु, र बसाइँसराइबारे छलफल गर्ने जन्म, मृत्यु, र बसाइँसराइ हुने प्रक्रिया - प्रजनन, मरण र बसाइँ सरी आउने जाने प्रक्रिया सम्बन्धमा छलफल गर्ने । यी प्रक्रियालाई जन्मदर, मृत्युदर र बसाइँसराइ दरबाट हुन आउने जनसङ्ख्याको आकार, सङ्ख्या आदिमा मापन गर्न सकिनेबारे छलफल गर्ने र तलको चार्ट नं. २ प्रयोग गरी व्याख्या गर्ने ।

तालिका नं. २

तत्त्व	प्रक्रिया	मापन
जन्म	प्रजनन	जन्मदर
मृत्यु	मरण	मृत्युदर
बसाइँसराइ	बसाइँ सरी आउने/जाने	बसाइँसराइ दर

Flow Model

जनसङ्ख्या बढ्छ	जनसङ्ख्या घट्छ
जन्म	मृत्यु
बसाइँ सरी आउने	बसाइँ सरी जाने

तालिका

साल	कुल जनसङ्ख्या	जन्मदर	मृत्युदर
२०३८	१५०२२९३९	४२.२	१८.५
२०४८	१८४९१०९७	३७.८	१३.३
२०५८	२३१५१४२३	३२.५	९.३

४.४ जनसाङ्ख्यिकीय मापन - जनसङ्ख्या विश्लेषण गर्नका लागि जन्म, मृत्यु, बसाइँराइको विवरणको आवश्यकता पर्ने कुरा विद्यार्थीसमक्ष बताउने । जन्म, मृत्यु र बसाइँसराइलाई मापन गर्न सकिन्छ । यसरी मापन गर्नका लागि विभिन्न सूत्रहरू प्रयोग गर्नुपर्छ । जनसाङ्ख्यिकीय मापनका केही नुमनाहरू प्रस्तुत गरी अभ्यासका लागि सूत्रहरू पनि दिने ।

(अ) **प्रजनन दर** (Fertlity Rate)

विद्यार्थीहरूलाई प्रजननको अवधारणा व्याख्या गर्ने । यसअन्तर्गत कोरा जन्मदर, उमेरअनुसारको प्रजनन दर र कुल प्रजननदरको मापन गर्न सकिन्छ भनी व्याख्या गर्ने । जन्मदर मापनका लागि तल दिइएका सूत्रहरूको प्रयोगबारे स्पष्ट पार्ने । समूह विभाजन गरी भिन्दाभिन्दै समस्याहरू दिई समाधान गर्न लगाउने आवश्यक परेको खण्डमा शिक्षकले निर्देशन दिने ।

नोट : मध्यवर्षको जनसङ्ख्या भन्नाले ई.सं. को जुलाई १ वा वि.सं. को कार्त्तिक १ को जनसङ्ख्या लिनुपर्छ अथवा जनवरी १ वा बैशाख १ को कुल जनसङ्ख्या र त्यसै वर्षको डिसेम्बर ३१ वा चैत्र ३१ को कुल जनसङ्ख्यालाई जोडी प्राप्त योगफललाई २ ले भाग गरी मध्यवर्षको जनसङ्ख्या निकाल्न सकिन्छ ।

▼ कोरा जन्मदर सूत्र $= \dfrac{\text{कुनै वर्षमा जीवित जन्मेका शिशुहरूको सङ्ख्या}}{\text{त्यस वर्षको मध्यसम्ममा भएको कुल जनसङ्ख्या}} \times १०००$

माथि दिइएको सूत्रको आधारमा विद्यार्थीहरूलाई तलका प्रश्नहरू दिई अभ्यास गर्न लगाउने

प्रश्न नं १. वि.सं. २०४० सालमा कुनै ठाउँको कुल जनसङ्ख्या ५०,००० थियो । त्यही साल त्यस ठाउँमा २५० जना जीवित शिशुहरूको जन्म भएको थियो भने त्यस ठाउँको कोरा जन्मदर कति थियो होला ?

प्रश्न नं २. कुनै ठाउँमा वि.सं. २०५८ मा ६८० जना जीवित शिशुहरूको जन्म भयो । त्यस ठाउँमा जनसङ्ख्या त्यो साल ८०,००० भयो भने त्यहाँ कोरा जन्मदर कति होला ?

▼ **उमेर अनुसारको प्रजनन दर** (Age-Specific Fertility Rat)

उमेरअनुसारको प्रजनन दर $= \dfrac{\text{एक वर्षमा खास उमेर समूहका महिलाहरूबाट जन्मेका जीवित शिशुहरूको सङ्ख्या}}{\text{त्यही उमेर समूहमा पर्ने त्यस वर्षको मध्येतिरको महिलाहरूको कुल जनसङ्ख्या}} \times १०००$

प्रश्न नं. १. वि.सं. २०४५ सालमा १६ वर्षदेखि ३० वर्षका महिलाहरूले ४०० शिशुको जन्म दिए । ती शिशुहरू जन्माउने महिलाहरूको सङ्ख्या त्यो साल ६,००० हजार थियो भने उमेरअनुसारको प्रजननदर कति भयो ? निकाल्नुहोस् ।

प्रश्न नं. २. ३० देखि ३४ वर्ष समूहका महिलाको सङ्ख्या ७,००० हजार हुँदा त्यस समूहका महिलाहरूले ५०० शिशु जन्माए भने उमेरअनुसारको प्रजनन दर कति हुन्छ ? निकाल्नुहोस् ।

▼ **कुल प्रजनन दर** (Total Fertility Rate-TFR)

$$\text{कुल प्रजननदर} = \frac{\text{उमेरअनुसारको प्रजनन दरहरूको योग X ५ (उमेरको वर्ष अन्तर)}}{१००}$$

प्रश्न नं. १, २

उमेर समूह	उमेर समूहअनुसारको प्रजननदर	
	२०४८	२०५८
२० - २४	२८०	२६०
२५ - २९	३००	२८०
३० - ३४	२४०	२००
३५ - ३९	१२०	१२०
जम्मा	९४०	८६०

माथिको तालिकाअनुसार कुल प्रजननदर २०४८ मा कति हुन्छ र २०५८ मा कति हुन्छ ? निकाल्नुहोस् ।

(आ) **मृत्युदर** (Martality Rate) **अथवा** (Crude Death Rate - CDR)

कक्षामा विद्यार्थीहरूलाई मृत्युको अवधारणा दिनलाई मृत्यु भनेको के हो ? जस्ता प्रश्न गर्ने । विद्यार्थीहरूबाट आएको जवाफलाई आधार मानी मृत्युको अवधारणा स्पष्ट पारिदिने । यसअन्तर्गत कोरा मृत्युदर, उमेरअनुसारको मृत्युदर र शिशुमत्युदर - मृत्युका मापनहरू हुन भनी शिक्षकले प्रस्ट पारिदिने ।
मृत्युदर मापनका लागि निम्न सूत्रहरू प्रयोग गर्नेबारे स्पष्ट पारी प्रत्येकका लागि भिन्दभिन्दै समस्याहरू दिई समाधान गर्न लगाउने । आवश्यकताअनुसार शिक्षकले निर्देशनहरू दिने ।

▼ **कोरा मृत्युदर** (Crude Death Rate - CDR)

$$\text{उमेरअनुसारको प्रजनन दर} = \frac{\text{कुनै एकवर्षमा मरेका मानिसको सङ्ख्या}}{\text{यस वर्षको मध्यतिरको कुल जनसङ्ख्या}} \text{ X १०००}$$

प्रश्न नं. १ कुनै सहरमा वि.सं. २०४० सालको मध्यवर्षको जनसङ्ख्या ३०,५०० थियो भने त्यसवर्ष जम्मा २४० जनाको मृत्यु हुन गयो । त्यस वर्षको कोरामृत्युदर कति भयो ? निकाल्नुहोस् ।

प्रश्न नं. २ वि.सं. २०५० सालको कुनै सहरको जनसङ्ख्या ४०,००० थियो भने त्यो साल १८० जनाको मृत्यु भएको थियो भने कोरा मृत्युदर कति भयो ? निकाल्नुहोस् ।

▼ **उमेरअनुसारको मृत्युदर** (Age-specific Death Rate - ASDR)

$$\text{उमेरअनुसारको प्रजनन दर} = \frac{\text{एकवर्षभित्र खास उमेर समूहमा मर्ने मानिसको सङ्ख्या}}{\text{मध्मध्यवर्षमा भएको त्यही उमेर समूहको जनसङ्ख्या}} \times १०००$$

प्रश्न नं १ कुनै वर्ष कुनै सहरमा ४५ देखि ५० वर्ष उमेर समूहको जनसङ्ख्या ४०,००० थियो । यदि त्यो साल त्यही उमेर समूहका ५५० व्यक्तिहरूको मृत्यु भयो ? भने त्यस सहरको उमेरअनुसारको मृत्युदर कति भयो पत्ता लगाउनुहोस् ।

प्रश्न नं २ कुनै गाउँमा २०५० सालमा ३० देखि ३५ वर्ष उमेर समूहका ८५२० जनसङ्ख्या थियो भने त्यसै वर्ष त्यही उमेर समूहका ६६ जना मानिसको मृत्यु भयो भने त्यही गाउँ उमेरअनुसारको मृत्युदर कति भयो होला ? पत्ता लगाउनुहोस् ।

▼ **शिशु मृत्युदर** (Infant Mortality Rate, IMR)

$$\text{उमेरअनुसारको प्रजनन दर} = \frac{\text{एकवर्षभित्र एकवर्षमुनिका शिशुहरूको मृत्यु सङ्ख्या}}{\text{उक्त वर्षमा जीवित जन्मेका शिशुहरूको सङ्ख्या}} \times १०००$$

प्रश्न नं १ कुनै वर्ष एकवर्षभन्दा कम उमेरका २५०० शिशुहरू भएको सहरमा त्यही वर्ष उही उमेर समूहका ३० शिशुहरू मरे भने त्यस सहरको शिशु मृत्युदर कति होला ?

प्रश्न नं २ वि.सं. २०४० सालमा कुनै गाउँमा ८०० शिशुहरूको जन्म भयो । त्यही साल एकवर्षभन्दा कम उमेरका १२० जना शिशुहरूको मृत्यु भयो भने त्यस गाउँको शिशु मृत्यदर कति भयो ? पत्तालगाउनुहोस् ।

३. बसाइँसराइ (Migration)

कक्षामा शिक्षकले विद्यार्थीहरूलाई बसाइँसराइसम्बन्धी अवधारणाको जानकारी छ वा छैन भन्ने जान्नका लागि बसाइँसराइ भनेको के हो ? बसाइँसराइ कसरी हुन्छ ?

जस्ता प्रश्नहरू गर्ने । विद्यार्थीहरूबाट आएको उत्तरलाई आधारमानी बसाइँसराइको अवधारणवारे व्याख्या गरिदिने । यसअन्तर्गत पर्ने आप्रवासदर, उत्प्रवासदर, खास वसाइँसराइदर र कुल वसाइँसराइदरका मापनहरूबारे प्रस्ट्याइदिने । यसरी उल्लिखित वसाइँसराइमा मापनको सम्वन्धमा निम्न प्रश्नहरू गरी छलफल गर्ने ।

१. मानिसहरू किन वसाइँसराइ सर्छन ?
२. उत्प्रवास र आप्रवास भनेको के हो ?
३. खास वसाइँसराइदर र कुल वसाइँसराइदरमा के भिन्नता छ ?
४. जनसङ्ख्याको वृद्धि, बनावट र वितरणमा बसाइँसराइले कस्तो प्रभाव पार्छ ?

वसाइँसराइ मापनका लागि निम्न सूत्रहरूको प्रयोगका सम्बन्धमा स्पष्ट पारी प्रत्येकका लागि भिन्दाभिन्दै समस्याहरू दिई समाधान गर्न लगाउने । आवश्यक परेको खण्डमा शिक्षकले निर्देशनहरू दिने ।

▼ **अप्रवासनदर** (In-migration Rate - IMR)

सूत्र

$$\text{आप्रवाससनदर} = \frac{\text{खास ठाउँमा निश्चित वर्षमा बसाइँ सरी आउनेहरूको सङ्ख्या}}{\text{त्यस वर्षको मध्यतिरको कुल जनसङ्ख्या}} \times १०००$$

▼ **उत्प्रवासनदर** (Out - migration Rate - OMR)

सूत्र

$$\text{उमेरअनुसारको प्रजनन दर} = \frac{\text{खास ठाउँमा निश्चित वर्षमा बसाइँ सरेर जानेहरूको सङ्ख्या}}{\text{त्यस वर्षको मध्यतिरको कुल जनसङ्ख्या}} \times १०००$$

प्रश्न :

वि.सं. २०५२ सालमा कुनै गाउँमा बसाइँ सरी जानेहरूको सङ्ख्या ११० थियो भने त्यस गाउँमा अन्तबाट बसाइँ सरी आउनेहरूको सङ्ख्या ७५ जना थियो । त्यस गाउँको मध्यतिरको कुल जनसङ्ख्या २५,००० थियो । त्यस गाउँको आप्रवासदर र उत्प्रवासनदर कतिकति हुन्छ ? निकाल्नुहोस् ।

▼ **खास बसाइँसराइ दर** (Net - migration Rate - NMR)

सूत्र

$$\text{खास वसाइँसराइ दर} = \frac{\text{भित्र आउनेको सङ्ख्या (आप्रवास) - बाहिर जानेको सङ्ख्या (उत्प्रसाव)}}{\text{त्यस ठाउँको मध्यवर्षको जनसङ्ख्या}} \times १०००$$

प्रश्न :

वि.सं. २०५५ सालमा कुनै सहरमा ९०० मानिसहरू बसाइँ सरेर आए । त्यसै वर्ष उक्त सहर छोडी २०० मानिसहरू वसाइँ सरेर गए । त्यस वर्ष उक्त सहरको मध्यतिरको कुल जनसङ्ख्या २०,००० छ भने सहरको खास बसाइँसराइदर कति होला ? निकाल्नुहोस् ।

▼ **कुल बसाइँसराई दर** (Gross Migration Rate, GMR)

सूत्र

$$\text{कूल वसाइँसराइ दर} = \frac{\text{भित्र आएकाहरूको सङ्ख्या (आप्रवास) + बाहिर गएकाहरूको सङ्ख्या सङ्ख्या उत्प्रसावा)}}{\text{त्यस ठाउँको मध्यवर्षको जनसङ्ख्या}} \times १०००$$

प्रश्न :

कुनै सहरको मध्यवर्षको कुल जनसङ्ख्या ८०,००० थियो । त्यस वर्ष त्यस सहरबाट २,००० मानिस बसाइँ सरी गए । २५०० जना मानिस बाहिरबाट बसाइँसरी त्यस सहरमा आए । उक्त सहरको कुल बसाइँसराइदर कति होला ? निकाल्नुहोस् ।

२.२ प्राकृतिक तथा साास्कृतिक सम्पदाको परिवर्तन स्वरूप

१. भूमिका

मानिसहरूले प्राकृतिक स्रोतहरूको प्रयोग विभिन्न किसिमवाट गर्दछन् । यसकारण प्रयोगको साथसाथै संरक्षण कार्य पनि गर्दै जानुपर्छ । मानिसहरूको परिश्रम र आर्थिक लगानीविना नै प्रकृतिमा आफैँ उत्पति हुने वस्तुहरू नै प्राकृतिक सम्पदाहरू हुन् । हावा, पानी, वनजङ्गल, वन्यवन्तु, खनिजपदार्थ र वनस्पतिहरू हाम्रो प्रमुख प्राकृतिक सम्पदाहरू हुन् । यिनीहरू एक अर्कामा निर्भर रहेका हुन्छन् । बाक्लो वन भएको ठाउँमा जलवायु स्वच्छ हुन्छ । जलवायु स्वच्छ भएको ठाउँमा वनस्पति र वन्यजन्तु हुर्कन र वढ्न वंश विस्तार गर्न पाएका हुन्छन् । वनले जलसम्पदा र माटो संरक्षण गर्दछ । यसबाट वायुमण्डल स्वच्छ राख्ने काम हुन्छ । वन हराभरा हुनु, हराभरा वनमा वनस्पति र वन्यजन्तुहरू हुनु, माटो र पानी संरक्षण हुनु नै प्राकृतिक सम्पदाको स्वरूप हो ।

वढ्दो जनसङ्ख्याको आवश्यकता पूरा गर्न यी प्राकृतिक सम्पदाहरूलाई अति प्रयोग गरी प्राकृतिक सम्पदाको ह्रासले गर्दा यसको स्वाभाविक गुणमा नै परिवर्तन भएको छ । जस्तै; वनविनास, वनस्पति र वन्यजन्तु लोप हुनु, पानीको मुहान सुक्नु, भूक्षय हुनु, वाढी-पहिरो जस्तो दैवी प्रकोप वढ्नु आदि । त्यस्तै वढ्दो जनसङ्ख्याका कारणले साँस्कृतिक सम्पदाको स्वरूपमा पनि परिवर्तन देखा पर्ने गरेको छ ।

२. विशिष्ट उद्देश्य

यस पाठको अध्ययन पूरा गरिसकेपछि विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

२.१ प्राकृतिक तथा साँस्कृतिक सम्पदाको स्वरूपबारे व्याख्या गर्न,
२.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदाको स्वरूपमा देखिएका परिवर्तनहरूबारे वर्णन गर्न,
२.३ राष्ट्रिय निकुञ्ज र आरक्षहरूको परिचय दिन,
२.४ नेपालको प्रमुख प्राकृतिक सम्पदाहरूबारे बताउन,
२.५ नेपालका प्रमुख साँस्कृतिक विश्व सम्पदाहरूवारे बताउन,
२.६ प्रदूषणबाट साँस्कृतिक सम्पदामा परेका असरहरू बताउन ।

३. शैक्षिक सामग्रीहरू

३.१ कुनै संरक्षित वनका चित्रहरू र धार्मिक स्थलहरूको चित्रहरू
३.२ वनविनासका चित्रहरू, वाढी पहिरोका चित्रहरू
३.३ वन्यजन्तुहरूको चित्र
३.४ धार्मिक स्थलहरू विग्रेभत्केका चित्र र वास्तविक स्थलहरू
३.५ संरक्षण कार्यमा लागेका चित्रहरू

४. शिक्षण क्रियाकलाप

४.१ विद्यार्थीलाई प्राकृतिक सम्पदाहरूवीच अन्तरसम्वन्ध कत्तिको छ ? भनी प्रश्न गरी छलफल गराउने र उनीहरूवाट आएको उत्तरलाई वोर्डमा लेख्दै जाने । अन्त्यमा एउटा संरक्षित वनको चित्र प्रस्तुत गरी प्राकृतिक सम्पदाहरूवीच भएको अन्तरसम्वन्ध प्रस्ट पारिदिने र प्राकृतिकस्वरूपवारे बताइदिने ।

हावापनी, वनजङ्गल, वनस्पति, वन्यजन्तु, खनिज, माटो एकअर्कामा अन्तरसम्वन्ध रहेको हुन्छ । वाक्लो वन भएको ठाउँमा जलवायु स्वछ हुन्छ । स्वच्छ जलवायु भएको ठाउँमा वनस्पति र वन्यजन्तु हुर्कन, बढ्न र वंश विस्तार गर्न पाएका हुन्छन् । वनले जलसम्पदा र माटोलाई संरक्षण गरेको हुन्छ, जसवाट वायुमण्डल राख्ने काम गर्दछ । यसरी यी प्राकृतिक सम्पदाहरू एक अर्कामा निर्भर हुन्छन् । वन हराभरा हुनु, हराभरा वनमा वनस्पति र वन्यजन्तुहरू हुनु, माटो र पानी संरक्षित हुनु नै प्राकृतिक सम्पदाको स्वरूप हो ।

४.२ प्राकृतिक सम्पदाको स्वरूपमा देखिएका परिवर्तनहरू केके छन् ? भनी प्रश्न गर्ने र विद्यार्थीहरूवाट आएको उत्तरहरूलाई बोर्डमा लेखी छलफल गर्ने अन्त्यमा वनविनास भएको चित्र र वाढी पहिरोका चित्रहरू देखाई प्रस्ट पारिदिने ।

जनसङ्ख्याको वृद्धिको चापले प्राकृतिक सम्पदाहरू अति प्रयोग हुन गई वातावरणीय तत्त्वहरूमा प्रभाव पारी प्राकृतिक सम्पदाहरूको ह्रासले गर्दा यसका स्वाभाविक गुणमा ह्रास आई यसको स्वाभाविक गुण र स्वरूपमा नै परिवर्तन भएको छ ।

वनजङ्गलको विनासले वनस्पति लोप हुँदै गए, वन्य जन्तुहरूको वासस्थान भएन र वंश विस्तार भएन, पानीका मुहानहरू सुक्दै गए, माटो खुकुलो भएर पहिरो जाने क्रम बढ्यो । फलस्वरूप बाढी आयो । माटोमा छरेका विभिन्न किटनाशक, रासायनिक जैविक विषालु पदार्थहरू पानीमा मिसिनाले जलचरहरूको पनि विनास भयो ।

४.३ विद्यार्थीहरूलाई राष्ट्रिय निकुञ्ज र आरक्षहरूको बारेमा के थाहा छ ? भनी प्रश्न गर्ने विद्यार्थीहरूबाट आएको उत्तरलाई बोर्डमा निकुञ्ज र आरक्षको छुट्टाछुट्टै टिप्दै जाने र छलफलमा जाने अन्त्यमा निकुञ्ज र आरक्षको भिन्नता छुट्टयाई प्रस्ट पारिदिने ।

प्राकृतिक वातावरण कायम राख्न वनस्पति, वन्यजन्तु, चराचुरुङ्गीहरू र भूवनोट संरक्षण, व्यवस्थापन र उपयोगका लागि छुट्टयाइएको भूभागलाई राष्ट्रिय निकुञ्ज भनिन्छ । यस क्षेत्रमा प्राकृतिक सौन्दर्य र दृश्यहरू भएका ठाउँहरू समावेश भएका हुन्छन् ।

दुर्लभ तथा लोप हुन थालेका वनस्पति र वन्यजन्तु तथा चराचुरुङ्गीहरूको वासस्थानको संरक्षण तथा व्यवस्थापन गर्नुलाई आरक्ष भनिन्छ ।

राष्ट्रिय निकुञ्जहरू	आरक्षहरू
१. शाही चितवन राष्ट्रिय निकुञ्ज	शाही शुक्लाफाँट वन्यजन्तु आरक्ष
२. सगरमाथा राष्ट्रिय निकुञ्ज	कोशीटप्पु वन्यजन्तु आरक्ष
३. लामटाङ राष्ट्रिय निकेञ्ज	शिवपुरी जलाधार क्षेत्र र वन्यजन्तु आरक्ष
४. रारा राष्ट्रिय निकुञ्ज	पर्सा जलाधार क्षेत्र र वन्यजन्तु आरक्ष
५. शाही बर्दिया राष्ट्रिय निकुञ्ज	ढोरपाटन सिकार वन्यजन्तु आरक्ष
६. सेफोक्सुन्डो राष्ट्रिय निकुञ्ज	अन्नपूर्ण संरक्षण क्षेत्र
७. खप्तड राष्ट्रिय निकुञ्ज	कञ्जनजङ्घा संरक्षण क्षेत्र
८. मकालु राष्ट्रिय निकुञ्ज	

४.४ विद्यार्थीहरूलाई विश्वसम्पदा सूचीमा समावेश भएको राष्ट्रिय निकुञ्जहरूमा कुनकुन हो ? भनी प्रश्न गर्ने, आएको उत्तरहरू बोर्डमा लेखी छलफल गराउने । विश्वसम्पदा सूचीमा समावेश भएको मितिसहित परिचय दिई स्पष्ट पारिदिने ।

४.४.१ शाही चितवत राष्ट्रिय निकुञ्ज

- यो नेपालको पहिलो राष्ट्रिय निकुञ्ज हो ।
- यो निकुञ्ज वि.सं. २०३० सालमा स्थापना भएको हो ।
- यो निकुञ्ज क्षेत्रफल ९३२ वर्ग कि.मि. छ ।
- यो निकुञ्ज वि.सं. २०४१ सालमा विश्वसम्पदा सूचीमा समावेश भएको हो ।
- यो निकुञ्ज नारायणी अञ्चलको - चितवन, मकवानपुर र पर्सा जिल्लामा फैलिएको छ ।
- चुरे पर्वत, राप्ती उपत्यका, नारायणी र रिउ नदी मुख्य क्षेत्र समेटेको छ ।
- साल, सिसौका रूखहरू बढी पाइन्छ ।
- यो निकुञ्जमा ३० ठूलाजातका वन्यजन्तुहरू - गैंडा, पाटेबाघ, गौरीगाई आदि ।
- यो निकुञ्जमा ४०० भन्दा बढी चराचुरुङ्गीहरू - मुजुर, धनेस, मैना आदि ।
- यो निकुञ्जमा १०० जातका माछा, घडियाल गोही, मगर गोही, साँस, अजिङ्गर र घ्रसने किराफट्याङ्ग्रा आदि पाइन्छन् ।

४.४.२ सगरमाथा राष्ट्रिय निकुञ्ज

- स्थापना वि.सं. २०३२ सालमा भएको हो ।
- क्षेत्रफल १,१४ वर्ग कि.मि. छ ।
- वि.सं. २०३९ साल देखि विश्वसम्पदा सूचीमा समावेश भएको ।
- सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्लामा पर्दछ ।
- विश्वको सर्वोच्च शिखर सगरमाथासम्म फैलिएको छ ।
- यो निकुञ्ज दूध कोसी, इम्जाखोला र तिब्बतसम्म फैलिएको छ ।
- ल्होत्से, नुप्से, पुमोरी, आमादब्लम र थामसेर्कु, हिमचुचुराहरू यस निकुञ्चभित्र पर्दछन् ।

४.५ विद्यार्थीहरूलाई हाम्रो साँस्कृतिक स्वरूपमा आएका परिवर्तनहरूबारे प्रश्न गर्ने । विद्यार्थीहरूबाट आएको उत्तरलाई बोर्डमा लेखी छलफल गराउने अन्त्यमा शिक्षकले उदाहरण दिई स्पष्ट पारिदिने ।

प्रश्नहरू :

- साँस्कृतिक सम्पदा भनेको के हो ?
- यसको स्वरूप कसरी परिवर्तन भइरहेको छ ?
- हाम्रो रहनसहनमा केके कुराहरूमा परिवर्तन आएको छ ?

आचारविचार, व्यवहार, धारणा, आस्था, विश्वासहरूबाट मानिसहरूका जीवनपद्धति निर्माण हुन्छ । यही पद्धतिलाई नै संस्कृति भनिन्छ । त्यही संस्कृतिबाट समृद्ध र सुखमय बनाउन ज्ञानविज्ञान, कला, साहित्य, धर्म र दर्शनसम्बन्धी क्रियाकलापहरूबाट उत्पन्न वस्तुहरू नै साँस्कृतिक सम्पदाहरू हुन् । जस्तै; प्राचीन धर्म ग्रन्थहरू, संस्कारहरू, चाडपर्वहरू, सङ्गीत, नृत्य, भाषा, भेषभूषा, धार्मिक मठमन्दिर, गुम्बा, रहनसहन आदि ।

विकास निर्माणका क्रियाकलापहरू सञ्चालन गर्दा साँस्कृतिक सम्पदालाई ध्यान नदिनाले साँस्कृतिक सम्पदाको स्वरूपमा नै परिवर्तन आई विकृति आएको छ । मठमन्दिरमा राखिएका मूर्ति र कलात्मक वस्तुहरू चोरी हुनाले, मन्दिर परिसरमा फोहोर मैला फ्याँक्नाले पनि साँस्कृतिक सम्पदाहरू धमाधम लोप हुने अवस्थामा पुगेको छन् ।

आफ्नो साहित्य, सङ्गीत, कला, भेषभूष, भाषा, रीतिरिवाज, सामाजिक रहनसहन, साँस्कृतिक परम्परामा भन्दा अर्काको संस्कृतितर्फ समाज आकृष्ट गराउँदै लगेकों छ । यसरी सामाजिक संरचनामा आएको संक्रमणले हाम्रा साँस्कृतिक सम्पदाहरूको परिवर्तनको स्वरूप आफ्नो मौलिकतावाट अर्काको अनुकरणीय स्वरूपतर्फ उन्मुख भएको छ । जस्तै; गीत, सङ्गीत, भेषभूषा, भाषा, खानपान आदि ।

४.६ नेपालका साँस्कृतिक सम्पदाहरूमा - विश्वसम्पदा सूचीमा समावेश भएका साँस्कृतिक सम्पदाहरू कुनकुन हुन ? भनी प्रश्न राख्ने विद्यार्थीहरूबाट आएको उत्तरलाई बोर्डमा लेखी छलफल गराउने । अन्त्यमा शिक्षकले विश्वसम्पदा सूचीमा परेका सम्पदाहरूको चित्रहरू प्रस्तुत गरी स्पष्ट व्याख्या गरी दिने ।

संयुक्त राष्ट्रसंघीय शिक्षा, विज्ञान तथा साँस्कृतिक सङ्गठनले विश्वभरिका प्रमुख प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरूलाई तिनीहरूको महत्त्वअनसार ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक, कलात्मक सुन्दरता, दुर्लभता र राष्ट्रलाई परिचय गराउने खालका सम्पदाहरूको परीक्षण गरेर मात्र सूचीमा राखिन्छ ।

साँस्कृतिक सम्पदाहरू - विश्वसम्पदा सूचीमा परेका

१. काठमाडौँको हनुमानढोका दरबार चोक
२. भक्तपुर दरबार चोक
३. ललितपुर दरबार चोक
४. पशुपति नाथको मन्दिर
५. चाँगुनारायणको मन्दिर
६. स्वयम्भूनाथ
७. बौद्धनाथ
८. लुम्विनी क्षेत्र

४.७ प्रदूषणले साँस्कृतिक सम्पदामा कस्तो असर पारेको छ ? भनी विद्यार्थीहरूलाई प्रश्न गर्ने । आएको उत्तरलाई बोर्डमा लेखी छलफल गराउने । अन्त्यमा शिक्षकले उदाहरणसहित स्पष्ट पारिदिने । फोहोरमैला, धुलो, धुँवाले गर्दा अनास्थामा परेका मठमन्दिरहरूको चित्र देखाउने र वास्तविक स्थानमा लैजाने र देखाउने ।

- मठमन्दिरको परिसरमा फोहोरमैलाहरू थुपारेको कारणले भत्कने अवस्थामा पुगेका छ । मठमन्दिरभित्र रहेका मूर्तिहरू कार्वोन मनोअक्साइड मिसिएको धुँवाहरूबाट खिइँदै गइरहेका छन् ।
- विभिन्न रासायनिक पदार्थहरू मिसिएको पानीले धोई दिँदा पनि मूर्तिहरू खिइँदै गएको देखिन्छ ।

४.८ विद्यार्थीहरूलाई आठओटा समूहमा विभाजन गरी प्रत्येकलाई पाठ्यपुस्तकमा भएको साँस्कृतिक सम्पदाहरू एउटा अध्ययन गर्न लगाउने । त्यसका लागि २० मिनेट समय दिने । उक्त अध्ययनबाट प्रत्येक शीर्षकको सारांश बताउन लगाउने र कक्षामा छलफल गराई नमिलेको उत्तर शिक्षकले मिलाई दिने ।

५. मूल्याङ्कन

तलका प्रश्नहरू विद्यार्थीलाई गर्ने -

१. प्राकृतिक सम्पदाको स्वरूपमा देखिएका परिवर्तनहरू केके छन् ? सङ्क्षेपमा लेख्नुहोस् ।

२. प्राकृतिक सम्पदाहरूबीच भएको अन्तरसम्बन्ध उल्लेख गर्नुहोस् ।

३. राष्ट्रिय निकुञ्ज र आरक्षहरूको सूची तयार गर्नुहोस् ।

४. विश्वसम्पदा सूचीमा परेका प्राकृतिक सम्पदामध्ये कुनै एकको सङ्क्षेपमा वर्णन गर्नुहोस् ।

५. साँस्कृतिक सम्पदाहरूको सूची तयार गरी कुनै एकको सङ्क्षेपमा लेख्नुहोस् ।

६. प्रदूषणले साँस्कृतिक सम्पदामा कस्तो असर पारेको छ ? सङ्क्षेपमा वर्णन गर्नुहोस् ।

६. सारांश

६.१ प्राकृतिक सुन्दर दृश्य, वनजङ्गल, भूवनोट, वन्यजन्तु आदिका दृष्टिमा प्राकृतिक सम्पदाहरू महत्त्वपूर्ण मानिन्छन् । यसबाट प्राकृतिक वस्तुहरूको ज्ञान प्राप्त गर्न सकिन्छ ।

६.२ साँस्कृतिक सम्पदाहरूको कलाकौशल, शिल्पहरू, वास्तुकला, ऐतिहासिक मूल्य-मान्यता तथा साँस्कृतिक महत्त्व आदिलाई सदुपयोग गरेर हाम्रो जीवन समृद्ध बनाउन सक्छौं ।

६.३ विश्वसम्पदा सूचीमा रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरूको विश्वमा नै विशेष महत्त्व रहेको छ ।

६.४ चितवन राष्ट्रिय निकुञ्जमा उष्ण प्रदेशीय वनजङ्गल, उष्ण जलवायु, भूवनौटले गर्दा विभिन्न किसिमका वन्यजन्तु तथा चराहरू, जलचरहरू पाइन्छन् । यस क्षेत्रमा पर्यटकहरू अवलोकन गर्न जान्छन् । यसबाट देशलाई विदेशी मुद्रा अथवा आर्थिक आर्जन हुन्छ ।

६.५ सगरमाथा राष्ट्रिय निकुञ्ज हिमाली प्रदेशमा परेको हुनाले यसमा वनस्पति, वन्यजन्तु, चराहरू प्रशस्त पाइने हुनाले यो महत्त्वपूर्ण पर्यटक क्षेत्र बनेको छ ।

६.६ पशुपतिनाथको धार्मिक महत्त्व छ । उपत्यकाको सभ्यता विकास र ऐतिहासिक पृष्ठभूमि अध्ययन र महत्त्वका क्षेत्रको रूपमा लिन सकिन्छ । यो हिन्दुहरूको महत्त्वपूर्ण क्षेत्र हो ।

६.७ स्वयम्भूनाथ उपत्यकाको सभ्यताको सुरुवातसँगै धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्त्वको धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्त्वको धार्मिक तीर्थस्थल हो । बौद्ध धर्मावलम्बीहरूको महत्त्वपूर्ण क्षेत्र हो ।

६.८ बौद्धनाथ सुन्दर विशाल स्तूप वास्तुकलाको उत्कृष्ट नमुना हो । यसलाई खासा चैत्य पनि भनिन्छ ।

६.९ चाँगुनारायण मन्दिर वैष्णव तीर्थस्थल हो । यस क्षेत्रमा उत्कृष्ट दुर्लभ प्रस्तर मूर्तिहरू छन् । यस क्षेत्रमा कलाकृतिहरूको ऐतिहासिक महत्त्व पनि रहेको छ ।

६.१० लुम्बिनी क्षेत्र भगवान् गौतम बुद्धको जन्मस्थल हो । यसको ऐतिहासिक आफ्नै महत्त्व छ । अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको पहिचान बोकेको क्षेत्र देश कै गौरव हो ।

एकाइ : ३	जनसङ्ख्या परिवर्तन र वातावरणका ह्रासका कारणहरू	घन्टी : १८

यस एकाइमा नेपालमा जनसङ्ख्या परिवर्तन विभिन्न कारणहरू, जन्म, मृत्यु बसाइँसराइ र त्यसबाट प्रकृति र मानव जीवनका विभिन्न पक्षहरूमा पर्ने प्रभावसम्बन्धी विषयवस्तुहरू राखिएको छ । यसका साथै वातावरणीय ह्रासका कारण तथा यसबाट प्राकृतिक स्रोत, राष्ट्रिय र सांस्कृतिक सम्पदामा पर्ने असरसम्बन्धी विषयवस्तुहरू समेटिएका छन् ।

३.१ नेपालमा जनसङ्ख्या वृद्धिका कारणहरू

१. भूमिका

जनसङ्ख्या वृद्धि जन्म र बसाइँसराइको कारणले हुन्छ । यी कारणहरूलाई प्रभाव पार्ने तत्त्वहरू अशिक्षा, उच्च शिशु मृत्युदर, आर्थिक स्थिति, धार्मिक र सांस्कृतिक परम्परा र मूल्य मान्यताहरू आदि हुन् । नेपालको ग्रामीण क्षेत्रमा धेरै मानिसहरू अशिक्षित छन् । उनीहरूको आर्थिक स्थिति पनि अत्यन्त कमजोर छ । हाम्रो सामाजिक तथा सांस्कृतिक रीतिरिवाज तथा परम्पराले गर्दा केटीहरूको छिटो विवाह गरिदिने, परिवार नियोजनका साधनहरू प्रयोग गर्न निशेध गर्ने र छोरालाई बढी प्रश्रय दिने गरेको पाइन्छ । बसाइँसराइले गर्दा कुनै ठाउँमा जनसङ्ख्या वृद्धि हुने गरेको पाइन्छ । बसाइँसराइले गर्दा कुनै ठाउँमा जनसङ्ख्या कम हुने र कुनै ठाउँमा बढ्ने गर्दछ ।

२. विशिष्ट उद्देश्य

यो पाठ अध्ययन गरेपछि विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

२.१. जनसङ्ख्या परिवर्तनका कारणहरू उल्लेख गर्न,
२.२ जनसङ्ख्या वृद्धिका कारणहरू सङ्क्षेपमा बताउन ।

३. शैक्षिक सामग्री

३.१ भर्खर जन्मेको बालक, मान्छेको मृत्यु हुँदाको चित्र र मानिसहरू बसाइँ सरेर जाँदै गर्दाको चित्र ।
३.२ धेरै बालबच्चा भएका र थोरै बालबच्चा भएकी महिलाको चित्र ।
३.३ विद्यालय वरिपरि समुदाय ।

४. शिक्षण क्रियाकलाप

४.१ कुनै एउटा टोल, गाउँ वा सहरको उदाहरण दिएर ठाउँका जनसङ्ख्यामा परिवर्तन आउने कारणहरू विद्यार्थीहरूलाई सोध्दै निष्कर्षमा पुग्ने ।

४.२ विद्यार्थीबाट आएका जवाफ कालोपाटीमा लेख्दै जाने ।

४.३ ठूलो परिवार र सानो परिवार, मानिसको मृत्यु भएको र वसाइँसराइको चित्र देखाउँदै चित्रको आधारमा जनसङ्ख्या परिवर्तन हुनाका कारणहरू जन्म, मृत्यु र बसाइँसराइ हुन् भन्ने निष्कर्षमा पुग्ने ।

४.४ जन्म, मृत्यु र बसाइँसराइमध्ये कुनकुनले कसरी जनसङ्ख्या बढाउने गर्दछन् भनी प्रश्न गर्ने ।

४.५ नेपालमा मानिसहरूले धेरै बच्चा जन्माउन चाहने कारणहरू सोध्ने र विद्यार्थीको उत्तरको आधारमा यसका कारणहरू अशिक्षा, आर्थिक स्थिति र सामाजिक तथा धार्मिक मूल्यमान्यता रहेछन् भन्ने निष्कर्षमा पुग्ने ।

४.६ मानिसको बसोवास भएको कुनै ठाउँको उदाहरण दिएर त्यस ठाउँको जनसङ्ख्या बढेको भए केके कारणले बढेको हो, छलफल गरी निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउने ।

४.७ विद्यार्थीहरूलाई चित्रहरू दिएर वर्णन गर्न लगाउने ।

५. मूल्याङ्कन

विद्यार्थीहरूलाई तलका प्रश्नहरू सोधेर उत्तर भन्न र लेख्न लगाउने -

१. कुनै ठाउँको जनसङ्ख्या घटबढ हुनाका कारणहरू केके हुन् ?

२. जनसङ्ख्या वृद्धि केके कारणले हुन्छ ?

३. मानिसहरू अशिक्षित हुँदा किन जनसङ्ख्या बढ्छ ?

४. मानिसको आर्थिक अवस्थाले जनसङ्ख्या वृद्धिमा कस्तो असर पार्दछ ?

५. हाम्रो समाजमा छोरीको छिटो विवाह हुनुको कारण के हो ?

६. हाम्रो सामाजिक तथा धार्मिक मूल्य र मान्यताले जनसङ्ख्या वृद्धि गर्न कस्तो भूमिका खेलेको छ ?

६. सारांश

६.१ जनसङ्ख्यामा परिवर्तन ल्याउने तत्त्वहरू जन्म, मृत्यु र बसाइँसराइ हुन् ।

६.२ जन्म र बसाइँसराइले गर्दा कुनै पनि ठाउँको जनसङ्ख्या बढ्दछ ।

६.३ नेपालमा शिशु मृत्युदर निकै उच्च रहेको छ । जन्मेका सन्तानको मृत्यु हुने सम्भावना बढ्ने भएको हुनाले आमाबाबुहरू धेरै सन्तान जन्माउन चाहन्छन् ।

६.४ हाम्रो समाजमा व्याप्त रहेको अशिक्षा र विशेषगरी महिला शिक्षाको कमी जनसङ्ख्या वृद्धि हुने अर्को कारण हो ।

६.५ कतिपय सामाजिक र धार्मिक परम्पराले छोरालाई बढी महत्त्व दिने, सन्तानलाई ईश्वरको वरदानको रूपमा मानिन्छ । परिवार नियोजन गर्नुलाई धर्म विरूद्ध सम्झीन्छ । यी कारणहरूले गर्दा जनसङ्ख्यामा वृद्धि हुन्छ ।

३.२ जनसङ्ख्या घट्नुका कारणहरू

१. भूमिका

जनसङ्ख्या घट्ने कारण मानिसहरूको मृत्यु हुनु हो । शिशुहरूको उचित हेरचाह भएन भने धेरै शिशुहरू मर्ने सम्भावना हुन्छ । प्राकृतिक प्रकोप मानिसको मृत्युको अर्को कारण हो । गरिबीले गर्दा मानिसहरूले आफ्नो सन्तानलाई पोसिलो खानेकुरा, लुगा, स्वास्थ्य सुविधा आदि व्यवस्था गर्न सक्दैनन् । बाँच्नका लागि चाहिने आधारभूत कुराहरूको अभावमा उनीहरूका जीवनस्तर अत्यन्त कमजोर हुन्छ । स्वास्थ्यसम्बन्धी ज्ञान तथा सेवा र सुविधाको अभावमा मानिसहरूको अकालमा मृत्यु हुने सम्भावना बढेर जान्छ । फलस्वरूप जनसङ्ख्या घट्छ । कुनै ठाउँबाट धेरै मानिसहरू बसाइँ सरेर गएमा त्यस ठाउँको जनसङ्ख्या घट्छ ।

२. विशिष्ट उद्देश्य

यो पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

२.१ जनसङ्ख्या घट्नुका कारणहरू बताउन,
२.२ मानिसको मृत्युका विभिन्न कारणहरू उल्लेख गर्न ।

३. शैक्षिक सामग्री

३.१ मानिसको मृत्यु भएको चित्र
३.२ बाढी पहिरोले गाउँ र मानिसहरूलाई बगाउँदै गरेको चित्र
३.३ बिरामी भएको मानिसको चित्र
३.४ राम्ररी खान नपाएर दुब्लो देखिएको, फाटेको कपडा लगाएको र ठूलो परिवारमा रहेको मानिसको चित्र

४. शिक्षण क्रियाकलाप

४.१ विद्यार्थीहरूलाई कुनै ठाउँको उदाहरण दिएर त्यस ठाउँमा मानिसको सङ्ख्या बढ्नुका कारणहरू बारे छलफल गर्ने ।
४.२ उनीहरूसँगको छलफलको आधारमा त्यस ठाउँमा जनसङ्ख्या घट्नुको कारणहरू केके हुन सक्लान् भनी उनीहरूबाट आएका कुराहरू कालोपाटीमा लेख्दै जाने ।
४.३ मानिसको मृत्यु भएको चित्र देखाएर जनसङ्ख्या घट्नुको एकमात्र कारण धेरै मानिसको मृत्यु हुनु हो भन्ने निष्कर्षमा पुग्ने । त्यसपछि मानिसको मृत्यु हुनाका विभिन्न कारणहरू हुन्छन् भन्ने कुरा स्पष्ट पारिदिने ।

४.४.२ सगरमाथा राष्ट्रिय निकुञ्ज

- स्थापना वि.सं. २०३२ सालमा भएको हो ।
- क्षेत्रफल १,१४ वर्ग कि.मि. छ ।
- वि.सं. २०३९ साल देखि विश्वसम्पदा सूचीमा समावेश भएको ।
- सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्लामा पर्दछ ।
- विश्वको सर्वोच्च शिखर सगरमाथासम्म फैलिएको छ ।
- यो निकुञ्ज दूध कोसी, इम्जाखोला र तिब्बतसम्म फैलिएको छ ।
- ल्होत्से, नुप्से, पुमोरी, आमादब्लम र थामसेर्कु, हिमचुचुराहरू यस निकुञ्चभित्र पर्दछन् ।

४.५ विद्यार्थीहरूलाई हाम्रो साँस्कृतिक स्वरूपमा आएका परिवर्तनहरूबारे प्रश्न गर्ने । विद्यार्थीहरूबाट आएको उत्तरलाई बोर्डमा लेखी छलफल गराउने अन्त्यमा शिक्षकले उदाहरण दिई स्पष्ट पारिदिने ।

प्रश्नहरू :

- साँस्कृतिक सम्पदा भनेको के हो ?
- यसको स्वरूप कसरी परिवर्तन भइरहेको छ ?
- हाम्रो रहनसहनमा केके कुराहरूमा परिवर्तन आएको छ ?

आचारविचार, व्यवहार, धारणा, आस्था, विश्वासहरूबाट मानिसहरूका जीवनपद्धति निर्माण हुन्छ । यही पद्धतिलाई नै संस्कृति भनिन्छ । त्यही संस्कृतिबाट समृद्ध र सुखमय बनाउन ज्ञानविज्ञान, कला, साहित्य, धर्म र दर्शनसम्बन्धी क्रियाकलापहरूबाट उत्पन्न वस्तुहरू नै साँस्कृतिक सम्पदाहरू हुन् । जस्तै; प्राचीन धर्म ग्रन्थहरू, संस्कारहरू, चाडपर्वहरू, सङ्गीत, नृत्य, भाषा, भेषभूषा, धार्मिक मठमन्दिर, गुम्बा, रहनसहन आदि ।

विकास निर्माणका क्रियाकलापहरू सञ्चालन गर्दा साँस्कृतिक सम्पदालाई ध्यान नदिनाले साँस्कृतिक सम्पदाको स्वरूपमा नै परिवर्तन आई विकृति आएको छ । मठमन्दिरमा राखिएका मूर्ति र कलात्मक वस्तुहरू चोरी हुनाले, मन्दिर परिसरमा फोहोर मैला फ्याँक्नाले पनि साँस्कृतिक सम्पदाहरू धमाधम लोप हुने अवस्थामा पुगेको छन् ।

आफ्नो साहित्य, सङ्गीत, कला, भेषभूष, भाषा, रीतिरिवाज, सामाजिक रहनसहन, साँस्कृतिक परम्परामा भन्दा अर्काको संस्कृतितर्फ समाज आकृष्ट गराउँदै लगेकों छ । यसरी सामाजिक संरचनामा आएको संक्रमणले हाम्रा साँस्कृतिक सम्पदाहरूको परिवर्तनको स्वरूप आफ्नो मौलिकतावाट अर्काको अनुकरणीय स्वरूपतर्फ उन्मुख भएको छ । जस्तै; गीत, सङ्गीत, भेषभूषा, भाषा, खानपान आदि ।

३.२ जनसङ्ख्या घट्नुका कारणहरू

१. भूमिका

जनसङ्ख्या घट्ने कारण मानिसहरूको मृत्यु हुनु हो । शिशुहरूको उचित हेरचाह भएन भने धेरै शिशुहरू मर्ने सम्भावना हुन्छ । प्राकृतिक प्रकोप मानिसको मृत्युको अर्को कारण हो । गरिबीले गर्दा मानिसहरूले आफ्नो सन्तानलाई पोसिलो खानेकुरा, लुगा, स्वास्थ्य सुविधा आदि व्यवस्था गर्न सक्दैनन् । बाँच्नका लागि चाहिने आधारभूत कुराहरूको अभावमा उनीहरूका जीवनस्तर अत्यन्त कमजोर हुन्छ । स्वास्थ्यसम्बन्धी ज्ञान तथा सेवा र सुविधाको अभावमा मानिसहरूको अकालमा मृत्यु हुने सम्भावना बढेर जान्छ । फलस्वरूप जनसङ्ख्या घट्छ । कुनै ठाउँबाट धेरै मानिसहरू बसाइँ सरेर गएमा त्यस ठाउँको जनसङ्ख्या घट्छ ।

२. विशिष्ट उद्देश्य

यो पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

२.१ जनसङ्ख्या घट्नुका कारणहरू बताउन,
२.२ मानिसको मृत्युका विभिन्न कारणहरू उल्लेख गर्न ।

३. शैक्षिक सामग्री

३.१ मानिसको मृत्यु भएको चित्र
३.२ बाढी पहिरोले गाउँ र मानिसहरूलाई बगाउँदै गरेको चित्र
३.३ बिरामी भएकों मानिसको चित्र
३.४ राम्ररी खान नपाएर दुब्लो देखिएको, फाटेको कपडा लगाएको र ठूलो परिवारमा रहेको मानिसको चित्र

४. शिक्षण क्रियाकलाप

४.१ विद्यार्थीहरूलाई कुनै ठाउँको उदाहरण दिएर त्यस ठाउँमा मानिसको सङ्ख्या बढ्नुका कारणहरू बारे छलफल गर्ने ।
४.२ उनीहरूसँगको छलफलको आधारमा त्यस ठाउँमा जनसङ्ख्या घट्नुको कारणहरू केके हुन सक्लान् भनी उनीहरूबाट आएका कुराहरू कालोपाटीमा लेख्दै जाने ।
४.३ मानिसको मृत्यु भएको चित्र देखाएर जनसङ्ख्या घट्नुको एकमात्र कारण धेरै मानिसको मृत्यु हुनु हो भन्ने निष्कर्षमा पुग्ने । त्यसपछि मानिसको मृत्यु हुनाका विभिन्न कारणहरू हुन्छन् भन्ने कुरा स्पष्ट पारिदिने ।

४.४.२ सगरमाथा राष्ट्रिय निकुञ्ज

- स्थापना वि.सं. २०३२ सालमा भएको हो ।
- क्षेत्रफल १,१४ वर्ग कि.मि. छ ।
- वि.सं. २०३९ साल देखि विश्वसम्पदा सूचीमा समावेश भएको ।
- सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्लामा पर्दछ ।
- विश्वको सर्वोच्च शिखर सगरमाथासम्म फैलिएको छ ।
- यो निकुञ्ज दूध कोसी, इम्जाखोला र तिब्बतसम्म फैलिएको छ ।
- ल्होत्से, नुप्से, पुमोरी, आमादब्लम र थामसेर्कु, हिमचुचुराहरू यस निकुञ्चभित्र पर्दछन् ।

४.५ विद्यार्थीहरूलाई हाम्रो साँस्कृतिक स्वरूपमा आएका परिवर्तनहरूबारे प्रश्न गर्ने । विद्यार्थीहरूबाट आएको उत्तरलाई बोर्डमा लेखी छलफल गराउने अन्त्यमा शिक्षकले उदाहरण दिई स्पष्ट पारिदिने ।

प्रश्नहरू :

- साँस्कृतिक सम्पदा भनेको के हो ?
- यसको स्वरूप कसरी परिवर्तन भइरहेको छ ?
- हाम्रो रहनसहनमा केके कुराहरूमा परिवर्तन आएको छ ?

आचारविचार, व्यवहार, धारणा, आस्था, विश्वासहरूबाट मानिसहरूका जीवनपद्धति निर्माण हुन्छ । यही पद्धतिलाई नै संस्कृति भनिन्छ । त्यही संस्कृतिबाट समृद्ध र सुखमय बनाउन ज्ञानविज्ञान, कला, साहित्य, धर्म र दर्शनसम्बन्धी क्रियाकलापहरूबाट उत्पन्न वस्तुहरू नै साँस्कृतिक सम्पदाहरू हुन् । जस्तै; प्राचीन धर्म ग्रन्थहरू, संस्कारहरू, चाडपर्वहरू, सङ्गीत, नृत्य, भाषा, भेषभूषा, धार्मिक मठमन्दिर, गुम्बा, रहनसहन आदि ।

विकास निर्माणका क्रियाकलापहरू सञ्चालन गर्दा साँस्कृतिक सम्पदालाई ध्यान नदिनाले साँस्कृतिक सम्पदाको स्वरूपमा नै परिवर्तन आई विकृति आएको छ । मठमन्दिरमा राखिएका मूर्ति र कलात्मक वस्तुहरू चोरी हुनाले, मन्दिर परिसरमा फोहोर मैला फ्याँक्नाले पनि साँस्कृतिक सम्पदाहरू धमाधम लोप हुने अवस्थामा पुगेको छन् ।

आफ्नो साहित्य, सङ्गीत, कला, भेषभूष, भाषा, रीतिरिवाज, सामाजिक रहनसहन, साँस्कृतिक परम्परामा भन्दा अर्काको संस्कृतितर्फ समाज आकृष्ट गराउँदै लगेको छ । यसरी सामाजिक संरचनामा आएको संक्रमणले हाम्रा साँस्कृतिक सम्पदाहरूको परिवर्तनको स्वरूप आफ्नो मौलिकतावाट अर्काको अनुकरणीय स्वरूपतर्फ उन्मुख भएको छ । जस्तै; गीत, सङ्गीत, भेषभूषा, भाषा, खानपान आदि ।

३.२ जनसङ्ख्या घट्नुका कारणहरू

१. भूमिका

जनसङ्ख्या घट्ने कारण मानिसहरूको मृत्यु हुनु हो । शिशुहरूको उचित हेरचाह भएन भने धेरै शिशुहरू मर्ने सम्भावना हुन्छ । प्राकृतिक प्रकोप मानिसको मृत्युको अर्को कारण हो । गरिबीले गर्दा मानिसहरूले आफ्नो सन्तानलाई पोसिलो खानेकुरा, लुगा, स्वास्थ्य सुविधा आदि व्यवस्था गर्न सक्दैनन् । बाँच्नका लागि चाहिने आधारभूत कुराहरूको अभावमा उनीहरूका जीवनस्तर अत्यन्त कमजोर हुन्छ । स्वास्थ्यसम्बन्धी ज्ञान तथा सेवा र सुविधाको अभावमा मानिसहरूको अकालमा मृत्यु हुने सम्भावना बढेर जान्छ । फलस्वरूप जनसङ्ख्या घट्छ । कुनै ठाउँबाट धेरै मानिसहरू बसाइँ सरेर गएमा त्यस ठाउँको जनसङ्ख्या घट्छ ।

२. विशिष्ट उद्देश्य

यो पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

२.१ जनसङ्ख्या घट्नुका कारणहरू बताउन,
२.२ मानिसको मृत्युका विभिन्न कारणहरू उल्लेख गर्न ।

३. शैक्षिक सामग्री

३.१ मानिसको मृत्यु भएको चित्र
३.२ बाढी पहिरोले गाउँ र मानिसहरूलाई बगाउँदै गरेको चित्र
३.३ बिरामी भएकों मानिसको चित्र
३.४ राम्ररी खान नपाएर दुब्लो देखिएको, फाटेको कपडा लगाएको र ठूलो परिवारमा रहेको मानिसको चित्र

४. शिक्षण क्रियाकलाप

४.१ विद्यार्थीहरूलाई कुनै ठाउँको उदाहरण दिएर त्यस ठाउँमा मानिसको सङ्ख्या बढ्नुका कारणहरू बारे छलफल गर्ने ।
४.२ उनीहरूसँगको छलफलको आधारमा त्यस ठाउँमा जनसङ्ख्या घट्नुको कारणहरू केके हुन सक्लान् भनी उनीहरूबाट आएका कुराहरू कालोपाटीमा लेख्दै जाने ।
४.३ मानिसको मृत्यु भएको चित्र देखाएर जनसङ्ख्या घट्नुको एकमात्र कारण धेरै मानिसको मृत्यु हुनु हो भन्ने निष्कर्षमा पुग्ने । त्यसपछि मानिसको मृत्यु हुनाका विभिन्न कारणहरू हुन्छन् भन्ने कुरा स्पष्ट पारिदिने ।

४.४ नेपालमा मानिसहरूको मृत्यु कुनकुन कारणले हुने गरेको छ भन्ने प्रश्न समूहमा सोधी कालोपाटीमा लेख्ने ।

४.५ अन्त्यमा विद्यार्थीहरूलाई जनसङ्ख्या घट्नुका विभिन्न कारणहरूको सूची बनाउन लगाउने ।

५. मूल्याङ्कन

५.१ विद्यार्थीहरूलाई निम्न प्रश्नहरू सोध्ने -

(क) जनसङ्ख्या घट्नुको मुख्य कारण के हो ?

(ख) धेरै मानिसको अकालमै मृत्यु हुनुका कारणहरू केके हुन् ?

(ग) नेपालमा प्राकृतिक प्रकोपले गर्दा धेरै मानिसको मृत्यु कुनै दुईओटा उदाहरणहरू देऊ ।

(घ) नेपालमा धेरै मानिसहरूलाई अकाल मृत्युवाट बचाउन केके गर्नुपर्छ ?

६. सारांश

६.१ जनसङ्ख्या घट्नुको कारण धेरै मानिसहरूको मृत्यु हुनु हो । उच्च शिशु मृत्युदर, प्राकृतिक प्रकोप, कमजोर आर्थिक स्थिति, स्वास्थ्य शिक्षाको कमी, स्वास्थ्य सेवा तथा सुविधाको अभावका कारणहरू गर्दा धेरै मानिसहरूको अकालमै मृत्यु हुने गेरको पाइन्छ ।

६.२ उच्च शिशुमृत्युदरले गर्दा जनसङ्ख्या घट्छ । शिशुहरू मर्ने सम्भावना बढी भएमा आमाबाबुले धेरै छोराछोरी जन्माउन चाहने हुनाले कहिलेकाहीँ जनसङ्ख्या बढ्ने समेत सम्भावना हुन्छ ।

६.३ बाढी, पहिरो,आँधीवेरी भुइँचालो आदि जस्ता प्राकृतिक प्रकोपहरूले धेरै मानिसहरूको मृत्यु हुन्छ । नेपालमा भूइँचालो, बाढी, पहिरो आदिले धेरै मानिसहरूले अकालमा ज्यान गुमाउने गरेका छन् ।

६.४ कमजोर आर्थिक स्थितिले गर्दा पोषिलो खानेकुरा, लुगा र स्वास्थ्य सुविधाको उचित व्यवस्था हुन नसकेका कारण धेरै मानिसहरू अकालमै मर्ने गर्दछन् । वालमृत्युदर बढेर जान्छ । स्वास्थ्य शिक्षा र सुविधाको स्वस्थ रहने तरिका थाहा नपाएर र विभिन्न दुर्घटना एवम् रोगको बेलैमा उपचार गराउन नसक्नाले मानिसहरूको मृत्यु सम्भावना बढ्दछ ।

३.३ बसाइँसराइका कारणहरू

१. भूमिका

मानिसहरू विभिन्न कारणले आफूले बसोवास गर्दै आएको ठाउँ छोडेर अन्यत्र गई बसोवास गर्ने गर्दछन् । आफू बसेको ठाउँमा खाद्यान्न, काम, स्वास्थ्य, शिक्षा यातायात सञ्चार आदिको सुविधा भएन भने त्यस्तो सुविधा भएको ठाउँतिर मासिहरू बसाइँ सर्दछन् । बसाइँसराइका कारणले गर्दा जनसङ्ख्याको बनोट, वितरण तथा वृद्धिमा असर पर्दछ । मानिसले छोडेर गएको ठाउँको जनसङ्ख्या घट्छ भने बसाइँ सरेर गएको ठाउँको जनसङ्ख्या भने बढ्छ । नेपालमा हिमाली र पहाडी क्षेत्रका विशेष गरेर दुर्गम र विकासका पूर्वाधारहरूको विकास नभएका ठाउँहरूबाट त्यस्ता सुविधाहरूको विकास भएका क्षेत्रहरूतर्फ बसाइँ सर्ने गरेको पाइन्छ ।

२. विशिष्ट उद्देश्य

यो पाठ पढाइ सकेपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

२.१ बसाइँसराइको सामान्य परिचय दिन,
२.२ बसाइँसराइका कारणहरू वर्णन गर्न ।

३. शैक्षिक सामग्री

३.१ विकासको पूर्वाधार विकास नभएको दुर्गम गाउँ र सहर वा त्यस्ता सुविधा पुगेको तराई क्षेत्रको कुनै ठाउँको चित्र,
३.२ मानिसहरू बसाइँ हिँड्दै गरेको चित्र ।

४. शिक्षण क्रियाकलाप

४.१ शिक्षकले सहर र गाउँ, पहाड र तराई क्षेत्रका विभिन्न ठाउँको चित्र देखाउँदै त्यहाँ भएका विकासका पूर्वाधारहरू र मानिसको बसोवास र जीवनशैलीमा पाइने भिन्नताबारे प्रश्नोत्तर र छलफल गर्दै विद्यार्थीहरूको मस्तिष्क मन्थन गराउने ।
४.२ विद्यार्थीहरूलाई बसाइँ हिँड्दै गरेको परिवारको चित्र देखाएर तल लेखिएका र त्यस्तै अन्य प्रश्नहरू सोधी उत्तर दिन लगाउने -
(क) चित्रमा देखिएको परिवार के गर्दैछ ?
(ख) सो परिवार कता गएको होला ?
(ग) सो परिवारले आफूले बर्षौंदेखि बसोवास गर्दै आएको ठाउँ किन छोडेको होला ?

(घ) उसले बसोवास गर्दै आएको ठाउँमा केके असुविधाहरू थिए होलान् ?

(ङ) उसले बसाइँ सर्न रोजेको ठाउँमा केके सुविधा होलान् आदि ।

४.३ विद्यार्थीबाट प्राप्त भएका उत्तरहरू कालोपाटीमा लेख्दै जाने र दोहोरिएका जति हटाएर मानिसहरू बसाइँ सर्नाका कारणहरूको सूची तयार गर्ने ।

४.४ स्थानीय ठाउँको पहाडी वा गाउँ क्षेत्रमा रहेको बस्तीबाट सो ठाउँको पायक पर्ने सहरी वा तराई क्षेत्रको कुनै ठाउँमा मानिसहरू बसाइँ सरेको उदाहरण लिएर त्यसरी मानिसहरू बसाइँ सर्नाका कारणहरूबारे छलफल गर्ने र त्यसरी बसाइँ सर्नुका कारणहरू विद्यार्थीलाई नै मौखिक रूपमा वर्णन गर्न लगाउने ।

४.५ छलफल र प्रश्नोत्तरकै आधारमा बसाइँसराइका कारणहरूलाई निष्कर्षको रूपमा प्रस्तुत गर्ने र अन्त्यमा पाठको निष्कर्ष छोटो रूपमा बताइदिने ।

५. मूल्याङ्कन

विद्यार्थीहरूलाई तलका प्रश्नहरूको उत्तर भन्न र लेख्न लगाउने ।

५.१ बसाइँसराइ भनेको के हो ?

५.२ बसाइँसराइबाट जनसङ्ख्यामा कस्तो असर पर्दछ ।

५.३ बसाइँसराइका कारणहरू केके हुन् ।

५.४ तलको चित्रको वर्णन गरी बसाइँसराइका कारणहरूबारे एउटा अनुच्छेद लेख ।
विकासका पूर्वधार नभएको गाउँ वा ठाउँको चित्र
मानिस सपरिवार बसाइँ हिड्दै गरेको चित्र
रोजगारी, खाद्यान्न यातायात, सञ्चार र विकासका पूर्वाधारहरूसहितको तराई वा सहरी क्षेत्रको चित्र ।

६. सारांश

६.१ आफूले लामो समयदेखि बसोवास गर्दै आएको ठाउँ छोडेर अन्यत्र गएर बसोवास गर्नु बसाइँसराइ हो । छोड्ने ठाउँमा खाद्यान्न, रोजगारी, स्वास्थ्य सुविधा, यातायात, सञ्चार, शिक्षाको सुविधाको अभाव हुने हुनाले त्यस्ता सुविधा भएको ठाउँमा मानिसहरू बसाइँ सरेर जाने गर्दछन् ।

३.४ वातावरण ह्रास हुनाका कारणहरू

१. भूमिका

यस पाठमा नेपालमा वातावरण ह्रास हुने विभिन्न कारणहरू प्रस्तुत गरिएको छ । जनसङ्ख्याको वृद्धि भएमा प्राकृतिक स्रोत र साधनहरूको बढी खपत हुन्छ । वनजङ्गलको विनास हुन्छ, सांस्कृतिक महत्त्वका स्मारक क्षेत्र, मन्दिर, पाटी पौवा आदि क्षेत्रमा अतिक्रमण बढ्छ । पानी, वायु र भूमिमा प्रदूषण बढ्न थाल्छ । मानिसको वसोवास भएको ठाउँमा साधन र स्रोतहरूको अभाव र अव्यवस्था भएर वातावरणमा थप समस्याहरू देखिन थाल्छन् ।

२. विशिष्ट उद्देश्यहरू

यस पाठमा शिक्षणपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

२.१ वातावरण ह्रासको अवधारणा बताउन,
२.२ नेपालको आर्थिक स्थितिको कारणले प्राकृतिक स्रोतमा परेको नकारात्मक प्रभाव वर्णन गर्न ।

३. शैक्षिक सामग्री

३.१ वनजङ्गलको चित्र ।
३.२ उद्योग धन्दाबाट फोहोर पदार्थको निकास भएको चित्र ।
३.३ अव्यवस्थित बसोवास भएको देखिने चित्र जस्तै; ढल फुटेको, सडक भत्केको, थोत्रो सवारी साधनबाट धुँवाको मुस्लो आउँदै गरेको चित्र ।

४. शिक्षण क्रियाकलाप

४.१ विद्यार्थीहरूलाई वातावरणीय विनास भएको झल्काउने विभिन्न चित्रहरू देखाउने र यस्तो किन र कसरी भएको होला भन्नेबारे प्रसङ्ग जोड्दै प्रश्नहरू सोध्ने ।
४.२ माथिको प्रश्नोत्तर र छलफलको आधारमा निष्कर्षमा पुगी वातावरण ह्रासको अवधारणा बताई दिने ।
४.३ वातावरणको ह्रासका विभिन्न कारणहरूका बारेमा विद्यार्थीहरूलाई प्रश्न सोध्ने र विद्यार्थीबाट प्राप्त उत्तरहरू कालोपाटीमा सार्दै जाने ।
४.४ विद्यार्थीहरूबाट प्राप्त उत्तरका आधारमा वातावरण ह्रासका विभिन्न कारणहरू बताइदिने । तीमध्ये आर्थिक कारणहरूतर्फ विद्यार्थीहरूको ध्यान केन्द्रित गर्ने ।

४.५ वातावरणीय ह्रासका आर्थिक कारणहरूमध्ये निम्न कारणहरूमा केन्द्रित रही विद्यार्थीहरूसँग प्रश्नोत्तर र छलफल गर्ने ।

(क) वनजङ्गलको विनास

(ख) जङ्गली जनावरको सिकार

(ग) अव्यवस्थित आवास र सहरीकरण

(घ) अव्यवस्थित रूपमा कलकारखानाको स्थापना

(ङ) वहन क्षमताको ख्याल नगरीकन स्रोत साधनहरूको प्रयोग गर्नु ।

४.६ निष्कर्षमा वातावरणीय ह्रास, वातावरणीय ह्रासका विभिन्न कारणहरू र ती कारणहरूमध्ये आर्थिक कारणहरूवारे सङ्क्षेपमा वताइदिने ।

५. मूल्याङ्कन

तलको प्रश्नहरूको पहिले मौखिक रूपमा भन्न र त्यसपछि लिखित उत्तर लेख्न लगाउने ।

५.१ वातावरणीय ह्रास भनेको के हो ?

५.२ वातावरणीय ह्रास हुनाका मुख्यमुख्य कारणहरू केके हुन् ?

५.३ वातावरणीय ह्रासका कुनै ५ ओटा आर्थिक कारणहरू लेख्नुहोस् ।

५.४ स्रोत साधनको वहन क्षमता भनेको के हो ?

५.५ वहन क्षमताको ख्याल नगरीकन स्रोत र साधनहरूको प्रयोग गरेमा त्यसबाट कस्तो असर पर्दछ ।

६. सारांश

६.१ जनसङ्ख्याको वृद्धिले प्राकृतिक स्रोत र साधनहरूको वढी प्रयोग हुन्छ । यसले गर्दा वातावरणमा असन्तुलन उत्पन्न हुन्छ ।

६.२ वाढी, पहिरो, भूक्षय जमिनको अधिक प्रयोगले गर्दा वातावरणीय सन्तुलन खलवलिन गई वातावरणीय ह्रास आउँछ ।

६.३ वनजङ्गलको विनास वातावरणीय ह्रासको अर्को कारण हो ।

६.४ अव्यवस्थित बसोवास र उद्योगधन्दाहरूको सञ्चालन गर्नाले वातावरणीय ह्रास आउँछ ।

६.५ वातावरणीय ह्रासका अन्य कारणहरूमा आर्थिक कारण, जनसङ्ख्या वृद्धि, प्राकृतिक सम्पदाको विनास, प्राकृतिक सम्पदाको विकृति आदि पर्दछन् । यीमध्ये आर्थिक कारण एउटा महत्त्वपूर्ण कारण हो ।

६.६ मानिसले प्राकृतिक स्रोतलाई आफ्नो जीविकोपार्जनको स्रोतका रूपमा प्रयोग गर्दछन् । आर्थिक स्थिति कमजोर र जनसङ्ख्याको वृद्धिवाट प्राकृतिक स्रोतको अत्याधिक प्रयोग हुने हुनाले यसवाट वातावरणमा ह्रास उत्पन्न हुन्छ ।

३.५ जनसङ्ख्या वृद्धिबाट वातावरणमा ह्रास

१. भूमिका

वातावरणमा ह्रास ल्याउने मुख्य तत्त्वहरूमध्ये जनसङ्ख्याको वृद्धि पनि एक हो । उच्च जन्मदर, स्वास्थ्य सेवा र सुविधाहरूमा वृद्धि, प्राणघातक रोगहरूको उन्मूलन आदि कारणले जनसङ्ख्या वृद्धि हुन्छ । जनसङ्ख्या वृद्धिले गर्दा खेती र आवासका लागि बढी जमिन चाहिने र पानी अन्य सुविधाहरूको आवश्यकता बढ्छ । बसाइँसराइ र सहरीकरण अनियन्त्रियत रूपमा बढ्छ । यसबाट वातावरणमा ह्रास आउँछ ।

२. विशिष्ट उद्देश्य

यो पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

२.१ जनसङ्ख्या वृद्धिबाट वातावरणमा पर्ने असरहरू बताउन ।

३. शैक्षिक सामग्री

३.१ जनसङ्ख्या वृद्धि भएको झल्काउने चित्र ।
३.२ वनविनास गर्दै गरेको चित्र ।
३.३ अव्यवस्थित बसोवास क्षेत्र झल्काउने चित्र ।

४. शिक्षण सिकाइ क्रियाकलाप

४.१ विद्यार्थीहरूलाई उनीहरूको सहर वा गाउँको वातावरणमा ह्रास आउनाका कारणहरू सोध्ने र कालोपाटीमा लेख्दै जाने ।

४.२ विद्यार्थीहरूलाई जनसङ्ख्या वृद्धिबाट वातावरणमा केके असर परेको छ भन्ने प्रश्न गर्दै प्रश्नोत्तर र छलफलको आधारमा जनसङ्ख्या वृद्धिले गर्दा वातावरणमा ह्रास आउने कुराको निष्कर्षसम्म पुऱ्याउने ।

४.३ जनसङ्ख्या वृद्धिबाट कसरी वातावरणमा ह्रास आउँछ भन्ने प्रश्न विद्यार्थीहरूलाई सोध्ने र त्यस्तै अन्य प्रश्नोत्तर र छलफल गर्दै जनसङ्ख्या बृद्धिबाट वातावरणमा ह्रास आउनाका निम्न कारणहरू निष्कर्षका रूपमा बताउने ।

(क) जनसङ्ख्या वृद्धिले गर्दा वनविनास हुने ।
(ख) जमिन, पानी, आदिको अत्यधिक प्रयोग हुने ।
(ग) आवासका लागि बढी जमिन र अरू सुविधाहरू आवश्यक पर्ने जस्तै; बिजुली, इन्धन, कपडा आदि ।

(घ) बसाइँसराबाट विशेष गरी सहरी इलाकामा अत्यधिक भीड बढ्ने, स्रोत साधनको कमी हुने र फोहोरमैला बढ्ने आदि समस्याले गर्दा वातावरण बिग्रने ।

४.४ अन्त्यमा जनसङ्ख्या वृद्धिबाट वातावरणमा ह्रास हुने कारणबारे निष्कर्ष बताइदिने ।

४.५ चित्रहरू देखाई तिनको वर्णन गर्न लगाउने ।

५. मूल्याङ्कन

मूल्याङ्कनका लागि तलका प्रश्नहरू सोध्ने :

५.१ वातावरणमा ह्रास आउने कारणहरू केके हुन् ?

५.२ जनसङ्ख्या वृद्धिले वातावरणमा कस्तो असर पर्दछ ?

५.३ जनसङ्ख्याको वृद्धिले अव्यवस्थित सहरीकरण बढाउन कसरी मद्दत गर्दछ ? पुष्टि गर्नुहोस् ।

५.४ जनसङ्ख्या वृद्धिबाट वनजङ्गलको विनास कसरी हुन्छ ?

६. सारांश

६.१ जनसङ्ख्या वृद्धिबाट वातावरणका स्रोत र साधनहरूको बढी प्रयोग हुन्छ ।

६.२ जनसङ्ख्या वृद्धिले गर्दा खेतीपाती र आवासका लागि बढी जंनमिनको आवश्यकता पर्ने र वनजङ्गलबाट प्राप्त हुने स्रोतहरूको बढी प्रयोग हुने भएकाले वनविनास हुन्छ । यसका साथै पानी, काठ, दाउरा, घाँस आदिको बढी खपत हुन्छ ।

३.६ प्राकृतिक सम्पदाको विनाश

१. भूमिका

वातावरणमा ह्रास आउनुका विभिन्न कारणहरूमध्ये प्राकृतिक सम्पदाको विनास हुनु पनि एक हो । वनमा आगो लगाउने, काठदाउरा चोरी निकासी गर्ने, अवैध सिकार गर्ने, अतिक्रमण गर्ने जस्ता कार्यहरूले गर्दा वनजङ्गलको विनास भइरहेको छ । वनसम्पदा संरक्षण गर्ने क्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरूको स्थापना भई तिनको संरक्षणार्थ विभिन्न नियमहरू लागू भइरहेका भए पनि वनविनाश गर्ने, अमूल्य र दुर्लभ वन्यजन्तु तथा वनस्पतिहरू नाश गर्ने कार्यहरू भइरहेका हुनाले वातावरणमा ह्रास आएको छ । यसबाट जलस्रोत र जलाधारमा पानी कम हुने, सिँचाइको अभाव हुने र जमिनको उत्पादनकत्व घट्ने जस्ता असरहरू देखा पर्दछन् ।

२. विशिष्ट उद्देश्य

यस पाठको अध्ययन पूरा गरिसकेपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

२.१ प्राकृतिक सम्पदाको परिचय दिन,
२.२ प्राकृतिक सम्पदाको विनाशबाट वातावरणमा पर्ने नकारात्मक असर वर्णन गर्न ।

३. शैक्षिक सामग्री

३.१ वनविनाश गर्दै गरेको चित्र ।
३.२ बाढी पहिरोको चित्र ।

४. शिक्षण क्रियाकलाप

४.१ शिक्षकले प्राकृतिक सम्पदा भनेको के हो भनी विद्यार्थीहरूलाई प्रश्न गर्ने र विद्यार्थीहरूबाट प्राप्त उत्तरको आधारमा मुख्यमुख्य बुँदाहरू कालोपाटीमा टिप्ने ।
४.२ विद्यार्थीहरूसँग हाम्रो देशका मुख्यमुख्य प्राकृतिक सम्पदाहरू केके हुन् भनी प्रश्न गर्ने र विद्यार्थीहरूबाट प्राप्त उत्तरका आधारमा नेपालका मुख्य प्राकृतिक सम्पदाहरूको सूची बनाउने ।
४.३ विद्यार्थीहरूसँग तल लेखिएका र त्यस्तै प्रकारका प्रश्नहरू सोध्ने
(क) वनजङ्गलको विनाश भयो भने के हुन्छ ?
(ख) बाढी पहिरो कसरी आउँछ ?
(ग) दुर्लभ वन्यजन्तु र वनस्पतिहरू नाश हुनाका कारणहरू केके हुन् ?

४.४ माथि लेखिएका र त्यस्तै प्रकारका अन्य प्रश्नहरू सोध्ने विद्यार्थीहरूबाट उत्तरका आधारमा प्राकृतिक सम्पदाको विनाशबाट वातावरणमा हुने ह्रासका बारेमा छलफल गरी निष्कर्षमा प्राकृतिक सम्पदाको विनाशबाट वातावरणमा हुने ह्रास बारेमा सारांशमा बताइदिने ।

४.५ पाठ्यपुस्तकमा यस शीर्षकअन्तर्गतका चित्रहरूबारे एकएक अनुच्छेद लेख्न लगाउने ।

४.६ विद्यार्थीहरूलाई उनीहरूको गाउँ वा टोलमा प्राकृतिक सम्पदाको विनाशबाट वरिपरिको वातावरणमा आएको ह्रासका बारेमा आफ्नो अनुभव छोटकरीमा बताउन लगाउने ।

५. मूल्याङ्कन

विद्यार्थीहरूलाई निम्न प्रश्नहरू सोध्ने :

५.१ नेपालका प्रमुख प्राकृतिक समपदाहरू केके हुन् ?

५.२ नेपालका प्राकृतिक सम्पदाहरूको विनाश भइरहेको कुनै दुईओटा उदाहरणहरू केके हुन् ?

५.३ प्राकृतिक सम्पदाहरूको विनाशबाट वातावरणमा कसरी ह्रास आउँछ ?

५.४ तिम्रो वरिपरिको प्राकृतिक सम्पदाको विनाशबाट वातावरणमा आएको ह्रासको कुनै दईओटा उदाहरणहरू लेख ।

६. सारांश

६.१ वनजङ्गलको विनाश नेपालमा वातावरणीय ह्रास हुनुको प्रमुख कारणमध्येको एउटा हो ।

६.२ वनजङ्गलको विनाश हुनुका कारणहरू वनमा आगो लगाउने, काठदाउरा चोरी निकाशी गर्ने, अवैध सिकार गर्ने, अतिक्रमण गर्ने आदि हुन् ।

६.३ वनजङ्गलको विनाशबाट अमूल्य र दुर्लभ वन्यजन्तु तथा वनस्पतिहरू नाश हुन्छन् ।

६.४ वनजङ्गलको विनाशले गर्दा देशको अमूल्य जलस्रोत र जलाधारहरूमा पानी कम हुँदै आएको छ । पानीका स्रोतहरू सुक्नाले सिँचाइको अभाव हुँदै गएको छ ।

३.७ सांस्कृतिक सम्पदाको विकृति

१. भूमिका

नेपालको सांस्कृतिक सम्पदाहरूमा धातुबाट बनेका कलाकृतिहरू, ढुङ्गाबाट कुँदिएका मूर्तिहरू, काठबाट बनेका टुँडाल, तारण र बुट्टेदार झ्यालढोकाहरू आदि पर्दछन् । नेपालका प्राकृतिक सम्पदाहरू प्रायः धर्ममा आधारित छन् । यस्ता सम्पदाहरूको उचित संरक्षण हुन नसकेमा र वरिपरि अग्ला घरहरू निर्माण गरिएमा वरिपरिको वातावरण ह्रास आउँछ ।

२.. विशिष्ट उद्देश्य

यो पाठको अध्ययनपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

२.१ सांस्कृतिक सम्पदाको अवधारणा बताउन ।
२.२ नेपालका सांस्कृतिक सम्पदाहरूको उदाहरण बताउन ।
२.३ सांस्कृतिक सम्पदाहरूको विकृतिबाट वरिपरिको वातावरणमा पर्ने असरबारे बताउन ।

३. शैक्षिक सामग्री

३.१ विभिन्न मन्दिर, पाटी, पौवा आदिका चित्रहरू ।
३.२ स्थानीय मन्दिर, पुराना दरबार, पाटी पौवा आदि ।

४. शिक्षण क्रियाकलामप

४.१ विद्यार्थीहरूलाई उनीहरूको गाउँ, सहर वा टोलमा भएका पुराना मन्दिर, दरबार, पाटी, पौवा आदि केके छन् भन्न लगाउने र कालोपाटीमा टिप्दै जाने ।
४.२ यस्ता सांस्कृतिक सम्पदाहरूको संरक्षण भएनभएको र वरिपरि बनेका घर र अन्य निर्माण कार्यहरूले वरिपरिको वातावरणमा कस्तो असर परेको छ भन्ने कुरा प्रश्नोत्तर र छलफल गरी अन्त्यमा छोटकरीमा वर्णन गर्न लगाउने ।
४.३ विद्यार्थीहरूलाई आफ्नो गाउँ वा टोलमा कुनै मन्दिर, पुरानो दरवार, पाटी, पौवा, स्मारक क्षेत्र आदिको वरिपरिको वातावरणका बारेमा व्याख्या गर्न र एक अनुच्छेदमा लेख्न लगाउने । समयको उचित व्यवस्था गरेर क्रियाकलाप गराउने :

- नजिकैको कुनै सांस्कृतिक महत्त्वको स्थानमा भ्रमण गराउने र त्यहाँको वातावरणको संरक्षण गर्नका लागि केके काम भएको रहेछ, यस स्थानको संरक्षणको अभावबाट वरिपरिको वातावरणमा केके असर परेको रहेछ आदि विषयमा छोटो प्रतिवेदन तयार गर्न लगाउने ।

- विद्यार्थीहरूलाई सांस्कृतिक सम्पदाको विकृति झल्काउने चित्रहरू देखाएर मौखिक वा लिखित रूपमा वर्णन गर्न लगाउने ।

५. मूल्याङ्कन

विद्यार्थीहरूलाई निम्न प्रश्नहरू सोध्ने -

५.१ सांस्कृतिक सम्पदा केलाई भन्निछ ?
५.२ हाम्रो देशका कुनै पाँचओटा सांस्कृतिक सम्पदाहरूको नाम बताऊ ।
५.३ सांस्कृतिक सम्पदारूमा विकृति कसरी हुन्छ ?
५.४ सांस्कृतिक सम्पदाहरूको विकृतिबाट वातावरणमा कसरी असर पर्दछ ?

६. सारांश

६.१ नेपालमा काठ, धातु, ढुङ्गा आदिबाट बनेका धेरै पुराना मन्दिर, दरबार, पाटी, पौवा आदि छन् ।
६.२ आधुनिकीकरणको प्रभाव र बढ्दो आवासको बिस्तारले गर्दा त्यस्तो सांस्कृतिक महत्त्वको क्षेत्र र त्यसको वरिपरि अव्यवस्थित रूपमा घरहरू बनाउनाले सांस्कृतिक सम्पदाहरूमा विकृति देखापरेको छ ।
४.३ सांस्कृतिक सम्पदाहरूको उचित संरक्षणको अभावले गर्दा मठमन्दिर, पाटीपौवा, ढुङ्गेधारा जस्ता प्राकृतिक सम्पदाहरू क्षतिग्रस्त हुँदै गएका छन् ।

यस एकाइमा जनसङ्ख्या वृद्धिको कारण खाद्य, जमिन, स्वास्थ्य सेवा र सुविधा, शिक्षा आदिमा कमी आई जीवनको गुणस्तरमा ह्रास आएको र बढ्दो जनसङ्ख्याले गर्दा मानिसहरूमा बेरोजगारी बढ्ने लगायत आफ्नो सांस्कृतिक तथा धार्मिक सम्पदाको पूरा स्याहार र बचाउ गर्न नसक्दा सांस्कृतिक र धार्मिक सम्पदाहरूमा आएको ह्रास आदिलाई समावेश गरिएका छन् । तसर्थ विद्यार्थीहरूले यस एकाइबाट विश्वमा जनसङ्ख्याको चाप बढ्दै गएको, विश्वको ९५ प्रतिशत जनसङ्ख्या विकाशोन्मुख देशहरूमा रहेको तर यसको असर भने दुवै विकसित तथा विकासोन्मुख देशहरूले भोग्नु परेको कुराको पनि जानकारी पाउनेछन् ।

पाठ : १ जीवनको गुणस्तरमा ह्रास

१. भूमिका

मानिसले गुणस्तरीय जीवन बिताउनका निम्ति उसलाई चाहिने आधारभूत आवश्यकताहरू जस्तै; पोसिलो खाना, सफा आवास, लत्ताकपडा, स्तरयुक्त शिक्षा, स्वास्थ्य सेवा र सुविधाका साथै अन्य विद्युत् सेवा, सञ्चार सेवा, मनोरञ्जनका साधनहरूको प्रयोग आदि सुख सुविधा पाउन जरुरी हुन्छ । यी सबै आवश्यकता र सुविधाहरू प्राप्त जीवनलाई हामी जीवनको गुणस्तर भन्दछौं । तर जनसङ्ख्याको वृद्धिसँगै दिनप्रतिदिन मानिसहरू यी सबै आवश्यकता, सेवा र सुविधाहरूबाट बञ्चित भइरहेका छन् र उनीहरूको जीवनको स्तर गिर्दै गइरहेको छ ।

२. विशिष्ट उद्देश्य

यस पाठको अध्ययन पूरा गरिसकेपछि विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

२.१ जनसङ्ख्या वृद्धिको अवधारणा बताउन,
२.२ जीवनको गुणस्तरको अवधारणा बताउन,
२.२ जीवनको गुणस्तरमा ह्रास हुने कारण बताउन,
२.४ जीवनको गुणस्तरमा ह्रास ल्याउने मुख्य तत्त्वहरू वर्णन गर्न ।

३. शैक्षिक सामग्री

३.१ संसारको बढ्दो जनसङ्ख्या झल्काउने चित्र
२.२ जनसङ्ख्या वृद्धिबाट हुने समस्या झल्काउने चित्रहरू
२.३ खाद्यपदार्थ आपूर्तिको तालिका
२.४ अव्यवस्थित सहरीकरणले स्वस्थ्यकर आवासको कमी भएको चित्र
२.५ स्वास्थ्य सेवा र सुविधाको कमी झल्काउन भीड भएको अस्पतालको चित्र
२.६ नेपालको शिक्षा क्षेत्रको उन्नतिसम्वन्धी ज्ञान दिने तालिकाहरू र ग्राफहरू ।

४. शिक्षण क्रियाकलाप

४.१ जनसङ्ख्या वृद्धि र यसबाट मानिसको जीवनमा पर्ने असरहरू र यस असरवाट जीवनको गुणस्तरमा आउने ह्रासलाई स्पष्ट पार्न विद्यार्थीहरूलाई छलफलका निम्ति तलका प्रश्नहरू कालोपाटीमा लेखिदिने । जस्तै;

१. जनसङ्ख्या वृद्धि भनेको के हो ?
१. जनसङ्ख्या वृद्धिले मानिसमा कस्तो असर पार्दछ ?
३. गुणस्तरीय जीवन भनेको के हो ?
४. केके कुराको अभावमा जीवनको गुणस्तरमा ह्रास आउँछ ?
५. जनसङ्ख्या वृद्धि र जीवनस्तर घट्नुमा कस्तो सम्बन्ध रहेको हुन्छ ?

माथिका प्रश्नहरूमा छलफल गरिसकेपछि विद्यार्थीहरूलाई संसारमा जनसङ्ख्या दिनप्रतिदिन बढ्दै गइरहेको अवधारणा दिनका निम्ति मानिसहरूले भरिएको पृथ्वीको चित्र देखाई छलफल गर्ने ।

जनसङ्ख्या वृद्धिको अवधारणा :

कुनै स्थानमा त्यहाँको जनसङ्ख्यामा यदि नयाँ बच्चा जन्मिएर वा बाहिरबाट मानिसहरू बसाइँ सरेर आएर बढ्छ भने त्यसलाई जनसङ्ख्या वृद्धि भनिन्छ ।

४.२ जनसङ्ख्या बढेमा मानिसहरूलाई पर्ने पक्षहरूबारे निम्न तालिका देखाई छोटकरीमा व्याख्या गरिदिने ।

जनसङ्ख्या वृद्धिले असर पार्ने पक्षहरू :

१.	सामाजिक र आर्थिक पक्षहरू खाद्यान्न, स्वास्थ्य, शिक्षा, आवास, खानेपानी, लत्ताकपडा, सांस्कृतिक तथा धार्मिक सम्पदाहरू
२.	वातावरणीय पक्षहरू हावा, पानी, वन, वनस्पति, खनिज, जल र स्थल प्राणी, प्राकृतिक प्रकोप, (बाढी, पहिरो, भू-क्षय) आदि ।

विद्यार्थीहरूसँग जनसङ्ख्या बढ्यो कुन पक्षलाई असर गर्छ भनी छलफल गर्ने क्रममा जीवनको गुणस्तरमा ह्रास आउनुको कारणहरू पनि उनीहरूसँग गर्नुपर्ने हुन्छ । प्रथमतः गुणस्तरीय जीवनको अवधारणा प्रस्ट पारिदिने । जस्तै;

गुणस्तरीय जीवनको अवधारणा :

जीवनमा आधारभूत आवश्यकताहरूको साथसाथै अन्य सुख र सुविधाहरू परिपूर्ति हुन्छ भने त्यस्तो जीवनलाई गुणस्तरीय जीवन भनिन्छ । उदाहरणका लागि खाद्यान्न, आवास, शिक्षा, स्वास्थ्य सेवा, रोजागरी, मनोरञ्जन आदि ।

४.३ शिक्षकले जीवनमा गुणस्तरमा ह्रास आउनुको कारण माथि उल्लिखित आधारभूत आवश्यकताहरू, सेवा र सुविधाहरू नहुनाले हो भनी विद्यार्थीहरूलाई बुझाइदिने र प्रस्ट पार्नका लागि प्रत्येक तत्त्व एकएक गरी व्याख्या गरिदिने ।
तत्त्वहरू : (क) खाद्यान्न -ख) आवास (ग) स्वास्थ्य सेवा तथा सुविधा (घ) शिक्षा

(क) खाद्यान्न
विद्यार्थीहरूलाई खाद्यान्नबारे व्याख्या गर्नु अघि एउटा पौष्टिक भोजनको चित्र देखाई निम्न प्रश्नहरू सोध्ने । जस्तै;

१. चित्रमा कस्तो खाना देखाइएको छ ?
२. चित्रमा देखाएर जस्तो हामीले किन खानुपर्छ ?
३. खाना पोसिलो भएन भने हामीलाई के हुनसक्छ ?
४. खाद्यान्नको अभावमा जीवनको गुणस्तरमा ह्रास किन हुनसक्छ ?
५. हाम्रो नेपालमा खाद्यान्न उत्पादनमा कमी हुनुको के कारण होला ?

छलफल गरिसकेपछि विद्यार्थीहरूलाई उपयुक्त उत्तरको प्रोत्साहन गरेर खाद्यान्नवारे निम्न तवरले व्याख्या गरिदिने :

खाद्यान्न वा खाना बाँच्न र स्वस्थ्य रहनका निम्ति नभई नहुने कुरा हो । वौद्धिक र शारीरिक विकास र संरक्षणका लागि यस्तो खाना केटाकेटीदेखि वृद्ध व्यक्तिसम्म उत्तिकै महत्त्वको कुरा हो । हामीले खानाबाट कार्बोहाइड्रेट, प्रोटिन, भिटामिन, खनिज, पानी, चिल्लो पदार्थ आदि पाउन सक्छौँ जुन हामीलाई बलियो पार्न मात्र नभई हामीलाई रोग मुक्त पार्न, शरीर वढाउन/वृद्धि गर्न, चोटपटक घाउ पुर्न आदि जस्ता कार्यहरूमा मद्दत गर्दछ ।

विद्यार्थीहरूलाई खाद्यान्नको अभाव कसरी हुन्छ र यस्तो अभावले जीवनको गुणस्तरमा ह्रास कसरी आउँछ भनी बुझाउन निम्न तरिकाले व्याख्या गरिदिने :

नेपाल कृषिप्रधान देश भए पनि केही दशक यता जनसङ्ख्याको चापले गर्दा जीवनको कमीले र मानिसहरूमा खेतिपातीप्रति रुचि घटेकाले चाहेको अनुपातमा उत्पादन हुन सकेको छैन । जनसङ्ख्याको वृद्धिदर बढ्दै जाँदैछ तर कृषि उत्पादन क्षमता भने घट्दै जाँदैछ । तसर्थ सबैलाई पौष्टिक खाना पुऱ्याउन गाह्रो हुँदै गइरहेको छ । खाद्यान्नको अभावमा मानिसहरूमा विशेषगरी ५ वर्षमुनिका बच्चाहरूमा कुपोषणसम्बन्धी रोगहरू जस्तै; सुकेनास, रिकेट्स, रतन्धो, रक्तअल्पता, गलगाँड आदि बढी देखिएका छन् । नेपाली खानामा हामी कार्बोहाइड्रेटको बढी चलन गर्ने गर्छौँ । तर सन्तुलित भोजनको सेवन गर्ने बानी गरेमा कुपोषण र यससम्बन्धी रोगहरूबाट बच्न सकिने हुन्छ ।

दैनिक कामका साथै स्वस्थ्य रहन एक साधारण तौलको व्यक्तिलाई प्रतिदिन २,२५० क्यालोरी शक्तिको आवश्यकता हुन्छ तर हामीमा भएको खाद्यान्नको अभाव र गरिबीले गर्दा हामी केवल १,८१५ क्यालोरी मात्र प्राप्त गर्न सकिरहेका छौँ । तसर्थ हाम्रो समाजमा जनसङ्ख्या वृद्धिले गर्दा खाद्यान्नको आपूर्ति आवश्यकताबमोजिम नभएकाले जीवनकै गुणस्तरमा ह्रास आएको हो ।

माथिको क्यालोरी विषयलाई प्रस्ट पार्न खाद्यपदार्थ आपूर्ति तालिका देखाई विद्यार्थीलाई बुझाई दिने ।

तालिका नं. १ खाद्य पदार्थ आपूर्ति (प्रतिदिन प्रतिव्यक्ति)

खाद्य स्रोत	परिणाम (ग्राम)	क्यालोरी
अन्न	४०१.६१	१,३८६
दाल/गेडागुडी	१५.५८	५४
कन्दमूल	७३.००	७२
फलफूल	१६०.००	५२
दूध	११३.५२	९४
माछा, मासु र फुल	२४.९५	३९
अन्य	२९.०५	११८
जम्मा	८१७.७१	१,८१५

उल्लिखित तालिकाअनुसार क्यालोरी शक्ति पुऱ्याउन हामीलाई अझ ४३५ क्यालोरी चाहिने कुरा विद्यार्थीहरूलाई बताई दिने ।

४.४ शिक्षकले विद्यार्थीहरूलाई जीवनको गुणस्तरमा ह्रास ल्याउने दोस्रो तत्त्वको बारे व्याख्या गरिदिने जस्तै;

(ख) आवास

आवासलाई मानिसको आधारभूत आवश्यकताको रूपमा लिएको छ । आवासले हामीलाई निम्न फइदाहरू दिन्छ :

- मानिसलाई जाडो, गर्मीबाट बचाई स्वस्थ्य राख्न सहयोग पुऱ्याउँछ ।
- स्वस्थ्य व्यक्तिमा काम गर्ने जाँगर बढ्दछ ।
- व्यवस्थित आवासले पानी, बिजुली, ढल आदिको सुविधाहरू दिन्छ ।
- मानसिक स्थिति राम्रो राख्दछ ।
- सुरक्षाको अनुभूति दिंन्छ ।
- जीवनको स्तर राम्रो पार्दछ ।

विद्यार्थीहरूलाई अव्यवस्थित सहरीकरणको चित्र देखाएर त्यस चित्रबारे छलफल गर्न लगाउने । छलफलका निम्ति निम्न प्रश्नहरू दिने र आएको उत्तरहरूलाई बुँदागत रूपमा कालोपाटीमा लेखिदिने ।

विद्यार्थीहरूलाई तलको तालिका देखाई मानिसहरूको बसोबास अवस्थाबारे जानकारी दिने ।

नेपालमा बसोबासको अवस्था

आफ्नै घर भएको परिवारहरू	९३ प्रतिशत
बहालमा बस्ने गरेका परिवारहरू	२.२ प्रतिशत
बहाल नतिरी बस्ने परिवारहरू	२.३ प्रतिशत
स्वीकृतिविना खाली ठाउँमा बस्ने परिवारहरू	१.३ प्रतिशत

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, जीवनस्तर सर्वेक्षण प्रतिवेदन, २०५३

शिक्षकले आवासको कमीमा देखिने समस्याहरू विद्यार्थीहरूलाई बुझाई दिनका निम्ति तलका बुँदाहरू कालोपाटीमा लेखी छलफल गरिदिने :

आवासको समस्या परिवारमा परिवाजनको सङ्ख्या बढ्दै गएपछि घरभित्रैबाट सुरु हुन्छ । एउटै कोठामा वा एउटै घरमा धेरै जना बस्नुपर्ने हुँदा परिवारका सदस्यहरूले विभिन्न समस्याहरू पनि भोग्नुपर्नेहुन्छ । जस्तै;

- बस्ने, सुत्ने ठाउँको अभाव
- एउटै कोठालाई धेरै उद्देश्यहरूको निम्ति प्रयोग गर्नुपर्ने वाध्यता
- दैनिक तथा पारस्परिक क्रियाकलाप गर्न अप्ठ्यारो हुने
- फोहोरमैलाको थुप्रो बढ्ने
- पानी र चर्पी आदिको समस्या
- वातावरण प्रदूषित हुने
- स्वास्थ्यमा वातावरणीय प्रदूषण, सरसफाइको कमी, खुम्चिएर बस्नुपर्ने वाध्यता आदिको नराम्रो असर देखिन थाल्ने
- जनसङ्ख्या बढ्नाले खेतीयोग्य जमिनमा घरहरू बनाउनाले खेतीयोग्य जमिनको अभाव र कम उब्जनीको समस्या भोग्नुपर्ने
- आवासका निम्ति वनजङ्गल फँडनीको समस्या आदि ।

४.५ विद्यार्थीहरूलाई जीवनको गुणस्तर ह्रास गर्ने अर्को तत्त्व स्वास्थ्य सेवा र सुविधाको कमी बारे छलफल गर्न र यससम्बन्धी अवधारणा दिन तलका प्रश्नहरूमा छलफल गराईदिने :

(ग) स्वास्थ्य सेवा तथा सुविधा

१. जनसङ्ख्या वृद्धि र स्वास्थ्य सेवाको कस्तो सम्बन्ध छ ?
२. स्वास्थ्य सेवाले जनसङ्ख्या वृद्धिमा कसरी मद्दत गर्दछ ?
३. जनसङ्ख्या वृद्धिले स्वास्थ्य सेवामा के असर पार्दछ ?
४. स्वास्थ्य सेवा र सुविधाको कमीमा समाजमा के नतिजा देखिन्छ ?

विद्यार्थीहरूलाई निम्न तालिका देखाई स्वास्थ्य सेवा र सुविधा तथा जनसङ्ख्याबीचको अन्तरसम्बन्ध बुझाइदिने ।

तालिका नं. ४ स्वास्थ्य सेवा र सुविधा तथा जनसङ्ख्या वृद्धि

स्वास्थ्य सेवा र सुविधा मानिसहरूले पाएमा रोग सङ्क्रमण र मृत्युदर कम हुन्छ जसको नतिजास्वरूप जनसङ्ख्या वृद्धि हुन जान्छ । जनसङ्ख्या बढ्यो भने अव्यवस्थित सहरीकरणले गर्दा खानेपानी, फोहोरमैला तथा ढल निकास आदिको व्यवस्था उपयुक्त हुँदैन । मानिसहरूले स्वास्थ्य सेवा र सुविधाहरू कम पाउँछन् जसले गर्दा उनीहरू अनेकौँ सङ्क्रामक रोगहरू जस्तै; आउँ, जन्डिस, टाइफाइड, हैजा, पखाला आदिका सिकार बन्छन् र मृत्युदर बढ्दछ, फलस्वरूप उनीहरूको जीवनको गुणस्तरमा ह्रास आउँछ ।

विद्यार्थीहरूलाई नेपालको जनसङ्ख्याको स्थिति र बढ्दो जनसङ्ख्याले स्वास्थ्य क्षेत्रमा परेको असरबारे प्रस्ट पार्न निम्न विवरण दिने :

वि.सं. २०४८ को जनगणनाअनुसार नेपालमा जनसङ्ख्याको वृद्धिदर वार्षिक २.१ प्रतिशत थियो भने २०५८ को जनगणनाअनुसार यो दर बढेर २.२४ प्रतिशत भएको छ । यस हिसाबले नेपालको स्वास्थ्य सेवा तथा सुविधामा ठूलो असर परेको छ । अस्पताल, स्वास्थ्य चौकी, स्वास्थ्यकर्मीहरूका सङ्ख्यामा केही हदसम्म वृद्धि भए पनि यो वृद्धि धेरैजसो सहरी इलाकामा मात्र सीमित छ । नेपालमा स्वास्थ्य सेवा र सुविधाको स्थिति निम्नअनुसार रहेको छ ।

तालिका नं. ३ नेपालमा स्वास्थ्यसेवा र सुविधा

क्र.सं.	विवरण	वि.सं. २०३८	वि.सं. २०४८	२०५८
१	अस्पताल	७३	११४	८३
२	स्वास्थ्य चौकी	५८३	८१६	७११
३	आयुर्वेदिक औषधालय	८५	१५५	२८५
४	प्रतिडाक्टर जनसङ्ख्या	३२,३६७	१५,८००	-
५	प्रतिअस्पताल शैया	५,५२५	३,८०८	-

उक्त तालिकालाई शिक्षकले खुलस्त हुने गरी व्याख्या गरिदिने र अन्त्यमा जनसङ्ख्या वृद्धिले गर्दा मानिसहरूलाई भनेबमोजिम सेवा र सुविधा दिन नसक्ने हुनाले रोग व्याधिले गर्दा उनीहरूमा मृत्युदर र रोगी रहने सङ्ख्या बढ्दछ र जीवनको गुणस्तर घट्दछ । तसर्थ जनसङ्ख्या वृद्धिमा कमी ल्याउनु आवश्यक छ भनी विद्यार्थीहरूलाई बुझाई दिने ।

(घ) शिक्षा

विद्यार्थीहरूलाई नेपालमा शिक्षा र जनसङ्ख्याको स्थिति र आवश्यकता झल्काउने निम्न तालिका देखाई व्याख्या गरिदिने :

तालिका नं. ४ शिक्षाको आवश्यकता र महत्त्व

शिक्षा मानिसको जीवनमा ज्ञान, सीप र अभिवृत्तिको विकासलाई नभई नहुने पक्ष हो । शिक्षाको आवश्यकता र महत्त्वलाई निम्न कुराले झल्काउँछ : ● दक्ष र कुशल जनशक्ति उत्पादन गर्न मद्दत गर्दछ । ● सामाजिक, सांस्कृतिक तथा राजनीतिक चेतनाको विकास गर्दछ । ● आधुनिककीकरणलाई उत्प्रेरित गर्दछ । ● मानिसलाई जीवनोपयोगी शिक्षा प्रदान गर्दछ । ● समाजमा सभ्य मानिसको सङ्ख्या बढाउँछ । ● शिक्षाले बनाएको विकास ढिलो आए पनि दीर्घकालीन हुन्छ ।

विद्यार्थीहरूलाई जनसङ्ख्या वृद्धि र शिक्षाबीच कस्तो अन्तरसम्बन्ध हुन्छ भनी निम्न तालिका देखाएर प्रस्ट पारिदिने :

तालिका नं. ५ जनसङ्ख्या वृद्धि र शिक्षाको स्थिति

तीव्र जनसङ्ख्या वृद्धिले गर्दा अन्य क्षेत्रहरूमा जस्तै शिक्षामा पनि ठूलो असर परेको छ । मानिसहरूको सङ्ख्या धेरै भनेको विद्यार्थीहरूको सङ्ख्या, विद्यालय, कलेज, विश्वविद्यालयको अनुपातमा धेरै हुनु हो । यसको परिणामस्वरूप कति विद्यार्थीहरूका निम्ति सुविधायुक्त विद्यालयहरूको अभाव हुन जान्छ । शिक्षा प्राप्त गर्ने र काम पाउने कार्य कठिन हुँदै जान्छ शिक्षाको कमीले मानिसको जीवनको गुणस्तर ह्रास हुन जान्छ ।

विद्यार्थीहरूलाई जनसङ्ख्या धेरै बढेमा स्कुल र विद्यालयसम्म पर्ने असरहरू बुँदागतहरूपमा शिक्षकले कालोपाटीमा छलफल गरेपछि लेखिदिने :

- जनसङ्ख्या वृद्धिबाट शिक्षामा परेका असरहरू
- विद्यार्थीको सङ्ख्या बढ्नाले विद्यालयमा कक्षाकोठाको अभाव
- विद्यार्थी र शिक्षकको सङ्ख्याको अनुपात नमिल्ने
- पठनपाठनलाई चाहिने सामग्रीको कमी
- विद्यार्थी धेरै हुँदा अस्वस्थ्यकर कक्षा र स्कुल वातावरण

- सबै विद्यार्थीलाई उत्तिकै ध्यान पुऱ्याउन नसकिने
- शैक्षिक सामग्री र पुस्तकहरूको अभाव
- विद्यार्थीलाई दिनुपर्ने सुविधाहरू विद्यालयले दिन नसक्ने
- विद्यार्थीको जनसङ्ख्या वृद्धि, बेरोजागारी आदिले गर्दा बेलामा स्कुल शुल्क तिर्न नसक्ने
- सरकारले पनि बढ्दो विद्यार्थी सङ्ख्याको अनुपातमा विद्यालय, शिक्षक आदि सुविधा दिन नसक्ने आदि ।

नेपालमा शिक्षाको पहिलेको र अहिलेको स्थिति विद्यार्थीहरूलाई बुझाउन निम्न तालिका देखाई व्याख्या गरिदिने :

वि.सं. २००७ मा पहिलो पल्ट आधुनिक शिक्षाको विकास हुँदा नेपालमा ३१० ओटा प्रारम्भिक विद्यालयहरू, २२ ओटा माध्यमिक विद्यालयहरू र दुई कलेज तथा विद्यार्थीहरूको सङ्ख्या १०,४५५ थियो । आज चार पाँच दशकपछि शैक्षिक क्षेत्रमा भएको उन्नति तलको तालिकाबाट प्रस्ट हुन्छ ।

तालिका नं. ६ विभिन्न वर्षमा भएका विद्यालय, विद्यार्थी र शिक्षक सङ्ख्या

तह	विद्यालय सङ्ख्या			शिक्षक सङ्ख्या			विद्यार्थी सङ्ख्या		
	२०३८	२०५२	२०५८	२०३८	२०५२	२०५८	२०३८	२०५२	२०५८
प्रा वि	१०,३२५	२१,४७३	२४,९४३	२९,१३४	८२,६४५	९६,६५९	१३,८८,००१	३२,६३,०५०	३८,५३,६१६
नि.मा.वि.	२,७८६	५,०४१	७,३४०	१२,२४५	१६,८२१	२६,६५८	१,६९,५६४	७,२६,३००	१०,५८,४४८
मा.वि.	९१८	२,६५४	४,११३	४,९०९	१४,५८५	१८,८४६	१,४४,३३१	२,९०,१४३	४,४९,२९६
जम्मा	१४,०३२	२९,१६८	३६,३९६	४६,२८८	१,१४,०५१	१,३२,१८३	१७,०१,९८६	४२,७९,४९३	५३,६१,३६०

माथिको तालिकाको विश्लेषण गरिसकेपछि शिक्षकले विद्यार्थीहरूलाई जनसङ्ख्या वृद्धिले गर्दा स्कुलको राम्रो शिक्षा प्रदान गर्न सक्दैन र विद्यार्थीहरूले राम्ररी पठनपाठन गर्न सक्दैनन् भने मानिसहरूले राम्रो शिक्षाको अभावमा भनेको जस्तो रोजागर नपाई जीवनको गुणस्तरमा ह्रास आउने कुरा बताई दिने ।

शिक्षकले नेपालमा उच्च शिक्षाको स्थिति बुझाइदिने विद्यार्थीहरूलाई निम्न तालिका देखाई बुझाई दिने ।

तालिका नं. ७



५. मूल्याङ्कन

तलका प्रश्नहरू विद्यार्थीलाई गर्न दिने ।

५.१. जनसङ्ख्या वृद्धि भन्नाले तिमी के बुझ्दछौ ?
५.२ जनसङ्ख्या वृद्धिले जीवनको कुनकुन पक्षहरूमा ह्रास ल्याउँछ ? बुँदागत रूपमा लेख ।
५.३ पोसिलो खानाको अभाव भएमा हामीले कस्तो कार्यहरू गर्न असमर्थ हुन्छौं ?
५.४ शरीर स्वस्थ्य राख्न पोसिलो खानामा कस्ता पौष्टिक तत्त्वहरू हुनुपर्दछ ?
५.५ परिवारको सङ्ख्या बढ्दै गयो भने आवासमा कस्तो समस्या देखा पर्न थाल्दछ ?
५.६ वि.सं. २०५३ को सर्वेक्षणअनुसार नेपालमा कति प्रतिशत परिवारहरू आफ्नै घरमा बस्छन् ?
५.७ नेपालको जनसङ्ख्या वृद्धिदर वि.सं. २०४८ अनुसार २.१ प्रतिशत थियो भने वि.सं. २०५८ मा कति छ ?
५.८ स्वास्थ्य सेवा र सुविधाको कमीमा मानिसहरूको जीवनस्तरमा कसरी ह्रास आउँछ ?
५.९ वि.सं. २००७ सालमा नेपालमा प्राथमिक विद्यालयहरू कतिओटा थिए ?
५.१० जनसङ्ख्याको वृद्धिले शिक्षामा ल्याएका समस्याहरू छोटकरीमा लेख ।

६. सारांश

खाद्यान्न, आवास, शिक्षा स्वास्थ्य सेवा र सुविधा मानिसलाई बाँच्न, स्वस्थ रहन र जीवनस्तर बढाउनका निम्ति चाहिने तत्त्वहरू हुन् । परिवारमा एक सदस्य मात्र पनि यी आवश्यक तत्त्वहरूबाट बञ्चित हुन्छ भने त्यो परिवारलाई गुणस्तरीय जीवन बाँचेको भन्न मिल्दैन । तसर्थ बाँच्नु पाउनु मानव अधिकार हो भने यी सबै सेवा र सुविधाहरूको परिपूर्ति हुनु जीवनको गुणस्तर जोगाउन र बढाउनका निम्ति अति आवश्यक छन् ।

पाठ : २ जीवनको गुणस्तरमा ह्रास

१. भूमिका

तीव्र जनसङ्ख्या वृद्धिको क्रम घटेको छैन । मानिसहरूको सङ्ख्यामा वृद्धिको साथसाथै उनीहरूको खाना, बसाइँ र शिक्षाको मागहरू पनि बढ्दै गइरहेका छन् । यी सबै मागहरूको पूर्ति प्राकृतिक स्रोतहरू जस्तै; वनजङ्गल, वनस्पति, पशुपन्छी, माटो, हावा आदिबाट प्राप्त गर्नुपर्ने हुन्छ । यसले गर्दा आजभोलि दिनप्रतिदिन प्राकृतिक स्रोतहरूको बढी माग र प्रयोगले प्राकृतिक स्रोतको गुणमा कमी र ह्रास आइरहेको छ । मानिस सामाजिक प्राणी हो र उसले समाजमा बस्दा आफ्नो रीतिरिवाज, साहित्य, धर्म र संस्कृतिक झल्काउने विभिन्न मठमन्दिर, गुम्बा, चैत्य, सङ्गीत, नृत्य आदि आफ्नो धर्म र संस्कृतिको प्रतिनिधित्व गर्नका निम्ति निर्माण गर्छ र अनुसरण गर्छ । तर मानिसहरूको सङ्ख्या बढ्दै जाँदा मानिसहरूले आधुनिकीकरण, सहरीकरण र विदेशीकरणको आवश्यकता महसुस गर्दै जान्छन् जसले गर्दा हाम्रो मौलिक कला र संस्कृतिहरू टुहुरो हुनुका साथै सांस्कृतिक सम्पदाहरूमा पनि ह्रास आउने गर्दछ ।

२. विशिष्ट उद्देश्य

यस पाठको अध्ययन पूरा गरिसकेपछि विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

२.१ प्राकृतिक स्रोतको ह्रासका अवधारणा बताउन,
२.२ प्राकृतिक स्रोतको ह्रासबाट पर्ने असरहरू वर्णन गर्न,
२.३ सांस्कृतिक सम्पदाको ह्रासको अवधारणा बताउन,
२.४ सांस्कृतिक सम्पदाको ह्रासबाट पर्ने असरहरू बताउन,
२.५ प्राकृतिक स्रोत तथा सांस्कृतिक सम्पदाहरू ह्रास हुनबाट बचाउने उपायहरू पहिल्याउन ।

३. शैक्षिक सामग्री

३.१ प्राकृतिक स्रोतहरू विनास भएको चित्र (जस्तै; वनफँडानी, वन्यजन्तु तथा वन्य पशुपन्छीले बासस्थान नपाएको)
३.२ नदीनाला, वायु प्रदूषित भएको कारण झल्काउने चित्र
३.३ प्राकृतिक स्रोतको ह्रासबाट आएको प्राकृतिक प्रकोपको चित्र (जस्तै : बाढी, पहिरो, भूक्षय)
३.४ सांस्कृतिक सम्पदाको बेसाहारा भएको चित्र
३.५ सांस्कृतिक सम्पदा र प्राकृतिक स्रोतहरूलाई बचाउने उपाय भएको चित्र र तालिकाहरू ।

४. शिक्षण क्रियाकलाप

४.१ शिक्षकले विद्यार्थीहरूलाई जसरी जनसङ्ख्या वृद्धिले जीवनको गुणस्तरमा ह्रास आउँछ त्यसरी नै प्राकृतिक स्रोत र सांस्कृतिक सम्पदाहरूमा पनि यसले उत्तिकै असर पार्दछ भनी बुझाउने । प्राकृतिक स्रोतमा ह्रासको अवधारणा बताइदिने । प्राकृतिक स्रोत विनाससँग सम्बन्धित प्रश्नहरू सोध्ने ।

४.२ विद्यार्थीहरूबाट आएका उत्तरहरूलाई सङ्क्षेपमा दोहोऱ्याई निम्न बुँदाहरू कालोपाटीमा लेखी बुझाईदिने :

(क) प्राकृतिक स्रोतमा ह्रासको अवधारणा

जनसङ्ख्याको तीव्र वृद्धिले गर्दा मानिसहरूको सङ्ख्या पनि बढ्दै जान्छ । त्यसका साथै उनीहरूको मागहरू पनि बढ्दै जाने हुँदा प्रकृतिका विभिन्न पक्षहरू जस्तै; रूख, बिरुवा, हावा, पानी, वन, माटो, पशुपन्छी आदिको प्रयोग पनि घट्दै जान्छ । फलस्वरूप प्राकृतिक स्रोतहरूको अभाव हुन गई तिनीहरूको गुणमा कमी आउनुलाई ह्रास भन्दछन् ।

(ख) प्राकृतिक स्रोतमा ह्रास आउने कारणहरू

प्राकृतिक स्रोतमा ह्रास आउनाको कारणहरू विद्यार्थीसँग निम्न प्रश्नहरू राखी छलफल गर्ने :

- प्राकृतिक स्रोतहरू जस्तै; पानी, हावा, माटो, आदिहरूमा कसरी ह्रास आउँदछ ?
- प्राकृतिक स्रोतमा ह्रास आउनमा मानिसहरूको मात्र दोष हुन्छ कि पशुपन्छी र प्रकृतिको पनि ?

छलफल पछि निम्न बुँदाहरूका आधारमा विद्यार्थीहरूलाई व्याख्या गरिदिने -

प्राकृतिक स्रोतमा ह्रास आउनाका कारणहरू ▪ नयाँ बस्तीका लागि वन फँडानी गर्दा बाढी, पहिरो, भूक्षय जस्तो प्राकृतिक प्रकोपले दुःख दिन्छ । ▪ कलकारखानाको माग बढ्दा यसबाट आएको धुँवाले वायु प्रदूषण गर्दछ र फोहोरमैलाले जमिन तथा नदीनाला, पानीको मुहान प्रदूषित पार्दछ । ▪ किटनाशक औषधि र रासायनिक मलहरूले जमिनको उत्पादन शक्ति घटाउँदछ । ▪ प्रदूषित वायु, पानी तथा जमिनले मानिसहरूमा विभिन्न रोगहरू देखिन थाल्दछ । ▪ दूषित पानीले पानीमा रहेका वनस्पति र प्राणी आदिमा नराम्रो असर पर्दछ ।

- सबै प्रकारको प्रदूषणले प्राकृतिक शृङ्खला र हावापनीको चक्रहरूमा नकारात्मक असर पर्दछ ।
- बनफँडानीले घाँस, दाउरा, काठ, जडीबुटी तथा वन्यजन्तु र पशुपन्छीको अभाव हुन थाल्दछ ।
- मानिसहरूले काठ दाउराको अभावमा राष्ट्रिय निकञ्ज, आरक्ष र आरक्षण क्षेत्रहरूको अनियमित प्रयोग गर्नेछन् ।

४.४ विद्यार्थीहरूलाई जनसङ्ख्या वृद्धिवाट सांस्कृतिक सम्पदामा आएको ह्रासको अवधारणा दिन तलका प्रश्नहरूमा छलफल गराउने ।

१. सांस्कृतिक सम्पदा भनेको के हो ?
२. सांस्कृतिक सम्पदा किन आवश्यक हुन्छ ?
३. किन मानिसहरू आफ्नो धार्मिक तथा सांस्कृतिक सम्पदाको स्याहार गर्न सकिरहेका छैनन् ?
४. मठमन्दिर, चैत्य आदिको सुन्दरतामा ह्रास आउनुको कारण के हुन सक्छ ?

छलफल पछि विद्यार्थीहरूमा अवधारणा स्पष्ट पार्नको निम्ति तालिका देखाई व्याख्या गरिदिने ।

तालिका नं. १ सांस्कृतिक सम्पदामा ह्रासको अवधारणा

मानिसहरूले आफू बाँच्ने क्रममा आफ्नो जात, धर्म, संस्कृति, परम्पराअनुसार बोल्ने, हिड्ने, रहनसहन र सङ्गीत, कला आदि अनुकरण गरी रहेका छन् । यसरी अनुकरण गर्दा उनीहरू आफ्नो सुविधाको निम्ति अनेकौं मठमन्दिर, गुम्बा आदि आफ्नो संस्कृति झल्काउने कुराहरू निमार्ण गरेका हुन्छन् तर जनसङ्ख्याको तीव्र वृद्धिले गर्दा अव्यवस्थित सहरीकरण बढ्दै गयो । मानिसहरू आधुनिक रीतिरिवाजमा लाग्ने, धार्मिक र सांस्कृतिक सम्पदाहरूलाई बेवास्ता गर्दै, फोहोरमैलाको व्यवस्थापन राम्ररी नगर्ने, मन्दिरहरू भत्काई वजार व्यवसाय स्थापना गर्ने, उद्योग कलकारखाना बनाउने आदिले गर्दा हाम्रो सांस्कृतिक सम्पदाहरूमा ह्रास आउनाका साथै संरक्षण नपाएर लोप हुँदै गइरहेका छन् ।

४.५ शिक्षकले विद्यार्थीहरूसँग सांस्कृतिक सम्पदामा ह्रास कसरी आउँछ भनी प्रश्नोत्तर गर्ने । उनीहरूबाट आएका उत्तरहरूलाई बुँदागत रूपमा कालोपाटीमा लेखी ह्रास आउनाका कारणहरू व्याख्या गरिदिने ।

सांस्कृतिक सम्पदामा ह्रास हाउनाका कारणहरू :

- जनसङ्ख्या बढ्दा मानिसहरूलाई खाने, लगाउने, बस्ने, स्वास्थ्य, शिक्षा आदिको सुविधा घट्दछ । फलस्वरूप पुराना धार्मिक तथा सांस्कृतिक सम्पदाका स्थलहरूको अतिक्रमण गर्न सुरु गर्दछन् ।
- जनसङ्ख्या बढ्नाले मानिसहरूले विवाह, व्रतबन्ध, श्राद्ध आदिका लागि स्थान नपाउँदा मठमन्दिर, गुम्बा, धर्मशाला आदिको प्रयोग गर्दछन् र फोहोरमैला थुपार्ने स्थान बनाउँछन् ।
- मानिसको धेरै सङ्ख्याले घर जग्गाको अभाव हुन्छ । धार्मिक र सांस्कृतिक स्थलहरू अधिकरण गर्ने जस्ता कार्य पनि हुन्छन् ।
- आधुनिकीकरणले गर्दा आजका युवा र वयस्कहरू धार्मिक र सांस्कृतिक सम्पदाहरूलाई संरक्षण र संवर्द्धन गर्नेतिर ध्यान दिँदैनन् ।
- नोकरी र पैसाको अभावमा मानिसहरू पुराना महत्त्वपूर्ण मूर्ति र कालकृतिहरू, पाण्डुलिपि आदि चोरी निकासी गरी पैसा कमाउन कार्यमा लाग्दछन् ।
- कलकारखाना र यातायातका साधनहरूबाट आएको प्रदूषित धुँवाहरूले अम्ल वर्षा गर्ने हुँदा मानव स्वास्थ्यमा असर पर्नुको साथै अमूल्य मठमन्दिर, गुम्बा तथा पुराना तथा आधुनिक घर कार्यालयहरूको स्थितिमा ह्रास ल्याउँदछ ।

४.६ शिक्षकले विद्यार्थीहरूलाई प्राकृतिक र सांस्कृतिक सम्पदाहरू ह्रास हुनबाट बचाउने उपायहरूको छलफल गराउने । प्राकृतिक स्रोत र सांस्कृतिक सम्पदाहरूको पूर्ण संरक्षण र संवर्द्धन भएको चित्र देखाई उपायहरू प्रस्ट पारिदिने ।

प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू ह्रास हुनबाट बचाउने उपायहरूबारे बताइ दिने -

- मानिसहरूमा जनसङ्ख्या तथा वातावरण शिक्षाको व्यवस्था गरेर
- परिवार योजना र परिवार नियोजनप्रति सचेत गराएर
- सरकारबाट शिक्षा, स्वास्थ्य, रोजगारी, सीपमूलक तालिम, व्यवस्थित सहरीकरणको राम्रो व्यवस्था मिलाएर
- सांस्कृतिक सम्पदा संरक्षण र संवर्द्धनको आवश्यकताप्रति जनचेतनाको विकास गरेर
- प्रदूषण नियन्त्रणका लागि जनता र सरकार दुवै पक्षहरूबाट पहल गरेर ।

५. मूल्याङ्कन

५.१ प्राकृतिक स्रोतमा ह्रास आउनाका मुख्य कारण के हो ?
५.२ प्राकृतिक स्रोतहरू जस्तै; हावा, पानी, माटो आदिमा कसरी ह्रास आउँछ ?
५.३ वनफँडानीबाट केके असरहरू देखिन्छन् ?
५.४ खानेपानीको प्रदूषणबाट स्वास्थ्यमा के असर पर्न सक्छ ?

५.५ सांस्कृतिक सम्पदामा ह्रास आउनु भनेको के हो ?
५.६ मानिसहरूले आफ्नो धार्मिक र सांस्कृतिक सम्पदाहरूको किन ध्यान राख्दैनन् ?
५.७ प्राचीन मूर्तिहरू चोरी पैठारी हुनुको मुख्य कारण के हो ?
५.८ वायु प्रदूषणले धार्मिक र सांस्कृतिक सम्पदामा ल्याएको हानिबारे लेख ।
५.९ प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू बचाउने दुईओटा उपायहरू उल्लेख गर ।

६.. सारांश

मानिसको निम्ति मात्र नभई पशुपन्छी जीवजन्तु सबैलाई बाँच्नका लागि प्राकृतिक स्रोतको आवश्यता पर्दछ भने दैनिक जीवन काट्नका निम्ति धार्मिक तथा सांस्कृतिक सम्पदाहरू पनि आवश्यक हुन्छन् । तर बढ्दो जनसङ्ख्या र यसको असीमित मागले गर्दा आज कतिपय महत्त्वपूर्ण प्राकृतिक स्रोत र सांस्कृतिक सम्पदाहरू लोप हुँदै गइरहेका छन् । यिनीहरू बिना हाम्रो जीवन रहँदैन । तसर्थ प्राकृतिक र सांस्कृतिक सम्पदाहरूको बचाउ गर्नु भनेको हामीले हामी आफैँलाई बचाउनु हो ।

एकाइ : ५	जनसङ्ख्या नियन्त्रयण र वातावरण संरक्षण तथा संवर्द्धनका उपायहरू	घन्टी : २४

यो एकाइ विशेष गरी जनसङ्ख्या नियन्त्रण, व्यवस्थापन, वातावरण संरक्षण तथा संवर्द्धन गर्ने उपायहरूसँग सम्बन्धित छ । खासगरी मानिसको जीवनलाई कसरी गुणस्तरीय बनाउन सकिन्छ ? गुणस्तरीय जीवन विकासका तत्त्वहरू केके हुन्छन् ? वातावरण संरक्षण कसरी गर्न सकिन्छ ? वातावरण संवर्द्धन गर्ने उपायहरू केके हुन सक्छन् ? आदि पक्षहरूमा जानकारी दिने काम यो एकाइले गर्ने छ । के कस्तो उद्देश्यहरू यस एकाइअन्तर्गत पर्दछन्, शिक्षण सिकाइ क्रियाकलाप के कसरी सञ्चालन गर्न सकिन्छ, मूल्याङ्कन कसरी गर्न सकिन्छ र के कस्ता शैक्षिक सामग्री यस एकाइमा शिक्षण गर्न आवश्यक हुन्छन् भन्नेतर्फ पनि यो एकाइले सामान्य जानकारी दिने छ ।

५.१ गुणस्तरीय जीवन विकास तत्त्वहरू

१. भूमिका

जीवन गुणस्तरीय हुनुपर्छ । गुणस्तरीय जीवनबाट नै मानिसको चौतर्फी विकास सम्भव हुन्छ । जीवनलाई गुणस्तरीय बनाउने कार्य अत्यन्त कठिन छ । यसका पछाडि धेरै तत्त्वहरूले प्रभाव पार्ने गर्दछन् । गुणस्तरीय जीवनबाट नै व्यक्तिको विकास, गाउँ, समाजको विकास र राष्ट्रको विकास हुने हुँदा यसतर्फ विशेष चनाखो रहनुपर्ने हुन्छ ।

गुणस्तरीय जीवनका लागि मानिसको आर्थिक अवस्था, जीवनस्तर, राष्ट्रको सामाजिक, आर्थिक अवस्था, वातावरणीय स्थिति, राज्यले उपलब्ध गराउने सेवा सुविधा (शिक्षा, स्वास्थ्य, पोषण, रोजगारी) आदिले प्रभाव पार्ने गर्दछन् । राम्रो शिक्षा, स्वास्थ्य, गास, वास, कपास गुणस्तरीय वातावरण आदि गुणस्तरीय जीवनसँग सम्बन्धित पक्षहरू हुन् । त्यसैले स्वास्थ्यसम्बन्धी ज्ञान, शिक्षाको प्राप्ति, उचित पोषण, रोजगारी आदिमा हरेक व्यक्ति सक्षम हुँदै जानुपर्ने हुन्छ । यसो हुन सकेमा मात्रै मानिसको जीवन गुणस्तरीय हुन सक्छ ।

२. विशिष्ट उद्देश्य

यो पाठ पढी सकेपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

२.१ गुणस्तरीय जीवनसँग परिचित हुन,

२.२ गुणस्तरीय जीवनका तत्त्वहरू पहिचान गर्न,

३. शैक्षिक सामग्री

३.१ मानिसको जीवन गुणस्तरीय झल्काउने चित्र
३.२ गरिबी झल्किने चित्र

४. शिक्षण क्रियाकलाप

४.१ विद्यार्थीहरूले जीवनका बारेमा केके कुरा बुझेका छन्, सूची बनाउन लगाउने ।
४.२ जीवनलाई गुणस्तरीय बनाउन केके कुराहरू आवश्यक पर्दछन् पहिचान गर्न लगाउने ।
४.३ विद्यार्थीले पहिचान गरेका विषयवस्तु र तत्त्वहरूको बारेमा कक्षाकोठामा समूह बनाई छलफल गराउने र कक्षाकोठामा प्रस्तुत गर्न लगाउने ।
४.४ शिक्षकले विद्यार्थीहरूले तयार पारेको कार्य र शिक्षकको आफ्नो अनुभवसमेतका आधारमा निम्न निष्कर्ष दिने :

गुणस्तरीय जीवन भन्नाले -

- मानिस भौतिक, शारीरिक र वौद्धिक हिंसाबाट सक्षम रहने अवस्थालाई जनाउँछ ।
- मानिस स्वास्थ्य, स्वच्छ वातावरणमा गास, वास, कपास, शिक्षा, स्वास्थ्य आदिको अवसर सहज ढङ्गबाट उपयोग गर्ने अवस्थालाई बुझाउँछ ।

गुणस्तरीय जीवनका लागि आवश्यक तत्त्वहरू

- स्वास्थ्य
- शिक्षा
- पोषण
- रोजगारी आदि ।

५. मूल्याङ्कन

५.१ गुणस्तरीय जीवन भन्नाले के बुझिन्छ ?
५.२ गुणस्तरीय जीवनका तत्त्वहरू केके हुन् ?
५.३ मानिसको जीवनलाई कसरी गुणस्तरीय बनाउन सकिन्छ ?

६. सारांश

मानिसले आफ्नो जीवनलाई गुणस्तरीय बनाउनुपर्दछ । गुणस्तरीय जीवनमा मानिसको मानसिक, शारीरिक, भौतिक विकास सम्भव छ । जीवनलाई गुणस्तरीय बनाउने सन्दर्भमा केही आधारभूत तत्त्वहरूले निकै ठूलो भूमिका खेल्ने गर्दछन् । तिनीहरूमा शिक्षा, स्वास्थ्य, पोषण, रोजगारी आदि प्रमुख हुन् । स्वस्थ्य शरीरका लागि स्वास्थ्य र पोषणको अहम् भूमिका रहन्छ । बौद्धिक विकास लागि शिक्षा नभई हुँदैन । साथै आर्थिक उन्नतिविना जीवनलाई गुणस्तरीय बनाउन कठिनाइ उत्पन्न हुने हुँदा रोजगारीको पनि निकै ठूलो महत्त्व हुन्छ ।

५.१.१ गुणस्तरीय जीवन विकास तत्त्वहरू

१. भूमिका

स्वास्थ्य मानिसका लागि सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । स्वस्थ्य हुनु नै मानिसको धन हो भन्नुमा अत्युक्ति नहोला । जीवनलाई गुणस्तरीय वनाउन स्वास्थ्यको भूमिका धेरै महत्त्वपूर्ण हुने गर्दछ । यो गुणस्तरीय जीवनको एउटा आधारभूत तत्त्व हो । त्यसैले हरेक व्यक्तिले आफ्नो स्वास्थ्यप्रति ख्याल गर्नुपर्ने हुन्छ । मानिसलाई स्वस्थ्य राख्नमा आर्थिक अवस्था, शैक्षिक स्थिति आदि कुराहरूले प्रभाव पार्ने गर्दछन् ।

२. विशिष्ट उद्देश्य

यो पाठ पढी सकेपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

२.१ गुणस्तरीय जीवनका लागि आवश्यक तत्त्व स्वास्थ्यका बारेमा परिचित हुन,

२.२ स्वस्थ्य रहने बानीको विकास गर्न ।

३. शैक्षिक सामग्री

३.१ स्वस्थ्य भएको चित्र

३.२ स्वस्थ हुँदाखेरी हुने फाइदा झल्किने तस्बिर ।

४. शिक्षण क्रियाकलाप

४.१ निम्न प्रश्नका माध्यमबाट शिक्षण क्रियाकलाप सुरु गर्ने :

(१) मानिस किन स्वास्थ्य हुनुपर्छ ?

(२) स्वस्थ्य हुँदा के कस्ता फाइदाहरू हुन्छन् ?

(३) मानिस स्वस्थ्य नहुँदा के कस्ता असरहरू पर्न सक्छन् ?

(४) मानिसलाई स्वस्थ्य राख्न केके कुराहरूमा ध्यान दिनुपर्ला ।

४.२ विद्यार्थीका उत्तरका आधारमा स्वास्थ्यको महत्त्व, यसको फाइदा र स्वस्थ्य रहन ध्यान दिनुपर्ने कुराहरूको सूची तयार पार्ने ।

४.३ विद्यार्थीहरूलाई निम्नानुसारको सारांश वताइदिने -

- हामी सधैँ स्वस्थ्य रहनुपर्छ
- स्वस्थ्य हुन सकेमा मात्र जीवनस्तरमा सुधार हुन्छ ।
- स्वस्थ्य हुनका लागि स्वास्थ्यसम्वन्धी ज्ञान, पोषण, रोग, रोगका उपचार, खानेपानी, व्यक्तिगत सरसफाइ, सुई तथा खोप, स्वस्थ्य खाना, स्वस्थ्य वातावरण आदिमा विशेष ध्यान दिनुपर्दछ ।

५. मूल्याङ्कन

- स्वस्थ्य जीवनका लागि स्वास्थ्य विषयमा छलफल गराउने ।
- छलफलका आधारमा मूल्याङ्कन गर्ने ।

५.१.२ शिक्षा

१. भूमिका

मानिसालाई असल बनाउने कार्यमा शिक्षाको महत्त्व धेरै हुन्छ । कस्तो मानिस बनाउने, के कस्ता चरित्रहरूको विकास गर्ने आदि कुराहरू शिक्षाले नै निर्धारण गर्ने गर्दछ । तसर्थ गुणस्तरीय जीवनका लागि शिक्षा आवश्यक हुन्छ ।

२. विशिष्ट उद्देश्य

गुणस्तरीय जीवनका लागि शिक्षा आवश्यक हुने कुरा बताउन ।

३. शैक्षिक सामग्री

शिक्षाको कारण उन्नति प्रगति झल्केको चित्र

४. शिक्षण सिकाइ क्रियाकलाप

४.१ हरेक विद्यार्थीलाई आफ्नो टोल छिमेकमा १/१ जना पढेका र नपढेका व्यक्तिहरूको जीवनको खोजी गर्न लगाउने ।

४.२ पढेको व्यक्तिको जीवन र नपढेको व्यक्तिको जीवन बीच तुलना गर्न लगाउने ।

४.३ शिक्षा किन आवश्यक हुने रहेछ भन्ने कुराको निष्कर्ष निकाल्न दिने ।

४.४ आफूले पनि निम्न निष्कर्ष दिने -
ज्ञानका लागि शिक्षा चाहिन्छ ।
शिक्षाले मानिसको चेतनाको विकास गर्छ ।
शिक्षाको माध्यमबाट धेरै आर्थिक स्रोत जुटाउन सकिन्छ ।
शिक्षाले गुणस्तरीय जीवन बनाउन सघाउँछ ।

५. मूल्याङ्कन

विद्यार्थीले तयार पारेको तुलनात्मक घटनाका आधारमा मूल्याङ्कन गर्ने ।

६. सारांश

शिक्षा ज्ञानको मुहान हो । ज्ञानले मानिसलाई चतुरो बनाउँछ । प्राप्त ज्ञानको उचित प्रयोगबाट मानिसले उन्नति गर्न सक्छ । शिक्षाको कारण मानिसको चौतर्फी विकास हुन जाने हुँदा यसले जीवनलाई गुणस्तरीय बनाउनमा मद्दत पुऱ्याउँछ ।

५.१.३ पोषण

१. भूमिका

पोषणविना जीवन सम्भव हुँदैन । पोषणको अभावले वा उपयुक्त ढङ्गको पोषणको सेवनले जीवनलाई प्रत्यक्ष प्रभाव पार्ने हुन्छ । तसर्थ गुणस्तरीय जीवनका लागि उपयुक्त पोषण आवश्यक पर्दछ ।

२. विशिष्ट उद्देश्य

गुणस्तरीय जीवनका लागि पोषण आवश्यक हुने कुरा बताउन ।

३. शैक्षिक सामग्री

पोषणयुक्त खानाका चित्र/पोष्टरहरू

४. शिक्षण क्रियाकलाप

४.१ निम्न प्रश्नबाट शिक्षण क्रियाकलाप सुरु गर्ने :

- पोषणयुक्त खाना किन खानुपर्छ ?
- पोषणयुक्त खाना भन्नाले के कस्तो खानालाई जनाउँछ ?

४.२ विद्यार्थीबाट प्राप्त उत्तरहरूका आधारमा निम्न निष्कर्ष बताइदिने -

- गुणस्तरीय जीवनका लागि पोषण आवश्यक हुन्छ ।
- मानिसको बौद्धिक, शारीरिक तथा मानसिक विकासमा पोषणको प्रभाव पर्दछ ।
- उचित पोषणको अभावमा मानिस कुपोषित हुने गर्दछन् ।
- गुणस्तरीय जीवन बिताउन सँधै पोषणयुक्त खाना खानुपर्छ ।

५. मूल्याङ्कन

मूल्याङ्कन निम्न प्रश्नका आधारमा गर्ने :

- पोषणयुक्त खानाले कसरी गुणस्तरीय जीवन सम्भव हुन्छ ?
- पोषणयुक्त खाना कस्तो प्रकारको खाना हो ?

६. सारांश

गुणस्तरीय जीवनका लागि खाना पोषयुक्त हुनुपर्छ । पोषणयुक्त खानाको सेवनबाट नै मानिसको शारीरिक, मानसिक, बौद्धिक, विकास सम्भव हुन्छ । शारीरिक आवश्यकतानुसार शक्ति दिने, विकास गर्ने र रक्षा गर्ने खानाहरू खानो बानी बसाल्नु राम्रो हुन्छ ।

५.१.४ रोजगारी

१. भूमिका

रोजगारीको अभावमा आर्थिक उन्नति सम्भव छैन । आर्थिक उन्नति हुन नसकेको अवस्थामा मानिसको जीवन कष्टप्रद हुन जान्छ । खान लगाउन, बस्न, स्वास्थ्योपचार गर्न, शिक्षा हासिल गर्ने लगायतका अन्य क्रियाकलापमा समेत समस्या उत्पन्न हुन जान्छ । त्यसैले आर्थिक पक्षसँग सम्बन्धित रोज़गारीलाई पनि गुणस्तरीय जीवनको तत्त्वका रूपमा लिइन्छ ।

२. विशिष्ट उद्देश्य

गुणस्तरीय जीवनका तत्त्वहरूमध्ये रोजगारीका बारेमा परिचित हुन

३. शैक्षिक सामग्री

विभिन्न व्यवसाय गर्दै गरेका चित्रहरू ।

४. शिक्षण क्रियाकलाप

४.१ विद्यार्थीलाई निम्न प्रश्नहरू सोध्ने :

- तिमीले के कस्ता व्यवसायमा मानिसहरू लागेको देखेका छौ, सूची तयार पार ।
- किन त्यस्ता व्यवसायमा मानिसहरू लागेका होलान् ?
- रोजगारीले हाम्रो जीवनमा के कस्ता प्रभावहरू पार्ने गर्दछन् ?

४.२ विद्यार्थीको उत्तरहरूका आधारमा निम्न निष्कर्ष दिने :

- जीवनस्तर उकास्न पैसा चाहिन्छ । पैसा कमाउन रोजगारीमा लाग्नुपर्छ ।
- रोजगारीबाट प्राप्त पैसाले खाना लगाउन, शिक्षा प्राप्त गर्न, मनोरञ्जन गर्न सकिन्छ जुन जीवनका लागि अत्यावशयक हुन्छ ।
- रोजागरीले सधैँ मानिसलाई सक्रिय तुल्याउँछ ।
- मानिसका आवश्यकताहरू पूरा गर्न रोजगारीले मद्दत गर्दछ ।

५. मूल्याङ्कन

५.१ गुणस्तरीय जीवनका लागि रोजगारी किन आवशयक पर्छ ?

५.२ रोजगारीले कसरी जीवनलाई गुणस्तरीय बनाउँछ ?

६. सारांश

गुणस्तरीय जीवनका लागि रोजगारी अत्यावश्यक हुन्छ । रोजगारीले आर्थिक उन्नति गर्दछ । आर्थिक उन्नति भएको अवस्थामा मानिसले शिक्षा प्राप्त गर्न, बिरामी पर्दा औषधि गर्न, भौतिक सुविधा विस्तार गर्न, आफूलाई सुरक्षित राख्न, पोषणयुक्त खाना खाने लगायत अन्य कार्यहरूसमेत सहजरूपमा सम्पन्न गर्न सक्छ । यसले उनीहरूको जीवनलाई बढी गुणस्तरीय बनाउन मद्दत पुऱ्याउँछ ।

५.२ वातावरण संरक्षण तथा संवर्द्धनका उपायहरू

१. भूमिका

हामी वरपरका हावा, पानी, माटो, वनजङ्गल प्राकृतिक स्रोत, प्राणी आदि सबैको संयुक्त रूप वातावरण हो । हामी बसोवास गर्ने वातावरण प्रदूषित बन्न जाँदा हाम्रो जीवनमा अनेकन खतरापूर्व अवस्थाहरू आउने गर्दछन् । त्यसैले हाम्रो वरपरको वातावरणलाई सफा, स्वच्छ, हराभरा बनाई राख्नुपर्दछ । यसप्रकार संरक्षण तथा संवर्द्धनका उपायहरूको बारेमा चर्चा गर्ने छौँ । विशेषत यस पाठमा हामी वातावरण संरक्षण तथा संवर्द्धन गर्न अपनाउन सकिने उपायहरूको शिक्षण गर्ने तरिका बारेमा छलफल गर्ने छौँ ।

२. उद्देश्य

२.१ वातावरण संरक्षणका उपायहरू पहिचान गर्न ।

३. शैक्षिक सामग्री

३.१ विभिन्न प्रकारका सचेतना, वृक्षरोपण, वन तथा तटबन्ध आदिका तस्बिहरू
३.२ संरक्षित वातावरण र असंरक्षित वातावरणको चित्र ।

४. शिक्षण क्रियाकलाप

४.१ हरेक विद्यार्थीलाई आआफ्नो वरपरको बासस्थानका बारेमा के जानकारी छ, बताउन लगाउने ।
४.२ आ-आफ्नो वरपरको वातावरणसँग गाँसिएको समस्याहरू केके छन् भन्न लगाउने ।
४.३ वातावरणीय समस्याका कारणहरू खोजी गर्न लगाउने ।
४.४ समस्या समाधानका के कस्ता उपायहरू अपनाउन सकिन्छ, पहिचान गर्न लगाउने ।

५. मूल्याङ्कन

५.१ वातावरणलाई किन संरक्षण गर्नुपर्दछ ?
५.२ वातावरण संरक्षण गर्ने के कस्ता उपायहरू छन् ?

६. सारांश

हामीले वरपरको वातावरणलाई संरक्षण गर्नुपर्दछ । वातावरण संरक्षण भयो भने मात्रै मानिसको, समाजको र राष्ट्रको विकास हुन जान्छ । पृथ्वीमा प्राणीमात्रको कल्याण यसैमा हुने गर्दछ । वातावरणलाई संरक्षण गर्ने केही निश्चित तरिकाहरू पनि छन् । जस्तै; जनचेतना अभिवृद्धि, वृक्षरोपण, वनसम्पदाको संरक्षण, वातावरणीय सरसफाइ, प्रचारप्रसार अभियान र सांस्कृतिक सम्पदाको सम्भार तथा संरक्षण आदि ।

जनचेतना अभिवृद्धि

१. भूमिका

वातावरण संरक्षणमा जनचेतनाको ठूलो भूमिका रहन्छ । मानिसहरू सचेत भएको अवस्थामा मात्रै वातावरण संरक्षित हुन जान्छ । संरक्षित वातावरणमा मात्र मानिसको विकास हुन सक्छ । त्यसैले जति सक्यो त्यति धेरै मात्रामा जनचेतनाको विकास गर्नुपर्दछ ।

२. विशिष्ट उद्देश्य

यो पाठ पढिसक्पेछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्ने छन् :

- वातावरण संरक्षणमा जनचेतनाको भूमिका बताउन ।

३. शैक्षिक सामग्री

जनचेतना अभिवृद्धि गराएको चित्र
वातावरण संरक्षण गर्दै आएको चित्र

४. शिक्षण क्रियाकलाप

४.१ मानिसहरूलाई किन वातावरणप्रति सचेत गराउनुपर्छ ?
४.२ जनचेतना कसरी अभिवृद्धि गर्न सकिन्छ ?
४.३ जनचेतना बढाउन विद्यार्थीको के भूमिका रहन्छ ?
४.४ माथिको प्रश्नहरूका सम्बन्धमा कक्षाकोठामा समूह बनाई छलफल गराउने ।
४.५ हरेक समूहले गरेको कार्यलाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउने ।
४.६ अन्त्यमा निम्न निष्कर्ष दिने -

- वातावरण संरक्षणमा मानिसको भूमिका ठूलो हुन्छ ।
- मानिसको सक्रियताले नै वातावरणलाई संरक्षित गर्न सकिन्छ ।
- गाउँगाउँमा पर्चा टाँसेर, शिक्षा दिएर, जनताको भूमिका बताएर जनचेतनाको विकास गर्न सकिन्छ ।

५. मूल्याङ्कन

५.१ वातावरणलाई संरक्षण गर्नमा जनचेतनाले कसरी सघाउँछ ।
५.२ विद्यार्थीले कसरी जनचेतनाको विकास गराउन सक्छ ?

६. सारांश

जनचेतनाको विकासले नै वातावरणलाई संरक्षण गर्न सकिन्छ । वातावरणसम्बन्धी ज्ञान दिएर, सीप प्रदान गरेर, गाउँ टोलमा आयोजना हुने सभा, सम्मेलन तथा विद्यार्थीलाई प्रयोग गरेर जनचेतना बढाउन सकिन्छ ।

वनसम्पदाको संरक्षण

१. भूमिका

वन मानिसका लागि अत्यावश्यक हुन्छ । जीवन निर्वाहका लागि वन अपरिहार्य छ । वनलाई जथाभावी विनाश गर्नाले वातावरणलाई प्रदूषित वनाउँछ । वाढी, पहिरो, सुख्खा आदि समस्या पनि वन विनासले निम्त्याउँछ । तसर्थ वनसम्पदालाई संरक्षण गर्नु हाम्रो भूमिकाभित्र पर्दछ ।

२. विशिष्ट उद्देश्य

यो पाठ पढीसकेपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

२.१ वनसम्पदा संरक्षणको आवश्यकता र महत्त्व बताउन,

२.२ वनसम्पदाको संरक्षणमा मानिसको भूमिका बताउन ।

३. शैक्षिक सामग्री

विभिन्न वनसम्पदाका चित्रहरू

४. शिक्षण क्रियाकलाप

४.१ वनसम्पदाको संरक्षण किन ? भन्ने शीर्षकमा समूह निर्माण गरी छलफल गराउने ।

४.२ वनसम्पदामा विद्यार्थीको भूमिका शीर्षकमा समूह छलफल गर्न लगाउने ।

४.३ समूहमा भएको छलफलका आधारमा निष्कर्ष निकाली दिने ।

- सहरीकरण, औद्योगिकीकरण, विकास निर्माण आदि कार्यहरूबाट वनसम्पदामा नकारात्मक प्रभाव पर्दछ ।
- वनसम्पदालाई विभिन्न प्रकारमा बाँडिएको छ । सबै प्रकारका वनलाई संरक्षित गर्नुपर्दछ ।
- वैकल्पिक ऊर्जा विकास, फर्निचर तथा गृहनिर्माणमा मितव्ययी प्रयोग आदिबाट वनसम्पदालाई संरक्षित गर्न सकिन्छ ।
- विद्यार्थीले वनसम्पदालाई संरक्षण गर्ने कार्यमा सघाउ पुऱ्याउन सक्छन् ।

५. मूल्याङ्कन

- वनसम्पदालाई कसरी संरक्षित गर्न सकिन्छ ?
- वनसम्पदालाई सुरक्षित गर्दा केके फाइदाहरू हुन्छन् ?

६. सारांश

वनसम्पदा मानव जीवनका लागि अति आवश्यक वस्तु हो । यसको अभावमा मानिसका न्यूनतम आवश्यकताहरू पनि आपूर्ति हुन सक्दैनन् । साथै दैवीप्रकोप जस्ता वाढी, पहिरो, सुख्खा आदि समस्याहरूसमेतको सामना गर्नुपर्ने हुन्छ । तसर्थ यसलाई संरक्षित गर्नुपर्दछ । यसको उचित प्रयोग गरेर, मितव्ययी भएर, संरक्षण गरेर, औद्योगिकीकरण र विकास निर्माणमा विशेष ध्यान दिएर वनसम्दालाई संरक्षित गर्न सकिन्छ ।

वातावरणीय सरसफाइ

१. भूमिका

मानवीय कार्यहरूले वातावरणलाई दूषित बनाउँछन् । जनसङ्ख्या वृद्धिले उपलब्ध साधन र स्रोतको वढी उपयोग हुन जान्छ । विकासको क्रमले भौतिक सुविधाहरू जस्तै; मोटर, मोटरसाइकल, कलकारखाना आदिको विकास हुन्छ र हाम्रो वरपरको जमिन, पानी, हावा आदि प्रदूषित हुन जान्छन् । तसर्थ वातावरणलाई सफा राख्नुपर्दछ ।

२. विशिष्ट उद्देश्य

यो पाठ पढिसकेपछि विद्यार्थीहरू निम्न कार्यहरू सम्पन्न गर्न सक्षम हुने छन् -

- वातावरणीय सरसफाइको महत्त्व बताउन,
- वातावरणीय सरसफाइमा संलग्न हुन ।

३. शैक्षिक सामग्री

घर, विद्यालय सरसफाइ गर्दै गरेको चित्र, पोस्टर

४. शिक्षण क्रियाकलाप

४.१ विद्यार्थीहरूलाई समूहमा बाड्ने र निम्न प्रश्नहरूका सम्बन्धमा छलफल गराउने :

- फोहोर ठाउँ/घर र सफा घरको बीच के भिन्नता हुन्छ ?
- सफा ठाउँमा बस्दा र फोहोर ठाउँमा बस्दा के कस्ता फाइदा बेफाइदा हुन सक्छन् ?
- वातावरणलाई कसरी सफा राख्न सकिन्छ ?
- विद्यार्थीले वातावरणलाई सफा राख्न कसरी मद्दत पुऱ्याउन सक्छन् ?

४.२ उपयुक्त प्रश्नहरू समूहमा छलफल गर्न लगाउने । विद्यार्थीले निकालेको निष्कर्षलाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउने ।

- वातावरणलाई सधैँ सफा राख्नुपर्छ ।
- सफा वातावरणमा बस्ने मानिस स्वस्थ्य हुन्छ र दूषित वातावरणमा बस्ने मानिस अस्वस्थ्य/विरामी हुन सक्छ ।
- वातावरणलाई हामीले सफा राख्न सक्छौँ । यसका लागि निम्न कार्यहरू गर्नुपर्दछ :
    - घर सफा राख्ने
    - फोहोरमैलालाई व्यवस्थित गर्ने

- पानीमा फोहोर नगर्ने
- खाली ठाउँमा वृक्षरोपण गर्ने
- रासायनिक पदार्थहरूको प्रयोग नगर्ने
- सरसफाइलाई अभियानको रूपमा सञ्चालन गर्ने

५. मूल्याङ्कन

वातावरणीय सरसफाइको मानव जीवनमा के महत्त्व छ ?
वातावरणलाई कसरी सफा राख्न सकिन्छ ?

६. सारांश

वातावरणीय सरसफाइले मानिसलाई स्वस्थ्य वनाउँछ । मानिसकै क्रियाकलापबाट वातावरण दूषित हुने गर्दछ । मानिसले वातावरणलाई सफा राख्न सक्छन् । यसका लागि घर, विद्यालय, उद्योग, कलकारखाना आदिबाट निस्कने फोहोरलाई व्यवस्थित ठाउँमा ठेगान लगाउनुपर्छ । पानी, वनजङ्गल, प्राकृतिक स्रोत आदिको संरक्षण र संर्वद्धन गर्नुपर्छ । सरसफाइलाई अभियानको रूपमा सञ्चालन गर्नुपर्दछ ।

पाठ ६ : संयुक्त राष्ट्रजनसङ्ख्या कोष

१. भूमिका

जनसङ्ख्या नियन्त्रण र वातावरण संरक्षणका कार्यक्रमहरू सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संघ संस्थाहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । यी संस्थाहरूबाट हाम्रो देशको जनसङ्ख्या तथा वातावरण क्षेत्रका नीति तथा कार्यक्रमहरू तर्जुमा गर्न सहयोग पुग्दै आएको छ । यी संस्थाहरूबाट गाउँ विकास समितिहरूमा पनि विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । यी संस्थाहरूले जनसङ्ख्या र वातावरण शिक्षा कार्यक्रमहरू सञ्चालनका लागि आर्थिक तथा प्राविधिक सहयोग जुटाउँदै आएका छन् । यी संस्थाहरूमध्ये संयुक्त राष्ट्र जनसङ्ख्या कोष, विश्व बाल कोष, विश्व कृषि तथा खाद्य सङ्गठन, सयुक्त राष्ट्र वातावरण कार्यक्रम, विश्व संरक्षण सङ्घ र विश्व प्रकृति कोषजस्ता संस्थाहरूले नेपालमा पनि सहयोग पुऱ्याउँदै आएका विषयहरूका सम्बन्धमा हामी यस पाठमा अध्ययन हुनेछ ।

२. उद्देश्य

यो पाठ पढिसकेपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

२.१ संयुक्त राष्ट्र जनसङ्ख्या कोषको परिचय दिन,
२.२ संयुक्त राष्ट्र जनसङ्ख्या कोषको उद्देश्य बताउन,
२.३ संयुक्त राष्ट्र जनसङ्ख्या कोषको कार्यक्रमबारे पहिचान गर्न ।

३. शैक्षिक सामग्री

यस पाठसँग सम्बन्धित, पोस्टर, तालिका पेपर, शब्द आदि ।

४. शिक्षण क्रियाकलाप

४.१ यो अन्तर्राष्ट्रिय स्तरको संस्था हो । यो संस्थाले विश्वभरि सहयोग पुऱ्याउँदै आएको छ । यसलाई UNFPA पनि भनिन्छ भनी परिचय दिने ।

४.२ विद्यार्थीहरूलाई तीन समूहमा विभाजन गरी प्रत्येक समूहलाई गोला प्रथाका आधारमा परिचय, उद्देश्य, कार्यक्रम बाँड्ने ।

४.३ प्रत्येक समूहका साथीहरूले आ-आफ्नो विषयमा छलफल गर्ने ।

४.४ छलफलपछि विद्यार्थीलाई कुनै एकजना टोली प्रमुख छनोट गरी छनोट गरिएको मध्येबाट एकजनाले अगाडि आई भूमिका निर्वाह विधिद्वारा आफ्नो विषयमा भन्न लगाउने । जस्तै;

- मेरो नाम संयुक्त राष्ट्र सङ्घ हो ।
- अङ्ग्रेजीमा मलाई United Nations fond for Population activities भनिन्छ ।
- छोटकरीमा मलाई UNFPA भनिन्छ ।
- मेरो घर अमेरिकाको न्यूयोर्कमा छ ।

४.५ यसरी परिचय, उद्देश्य कार्यक्रमहरू बताइसकेपछि शिक्षकले तालिका, पोस्टर, चित्रको माध्यमद्वारा सारांश बताई दिने ।

५. मूल्याङ्कन

५.१ संयुक्त राष्ट्र जनसङ्ख्या कोषले के काम गर्छ ?

५.२ संयुक्त राष्ट्र जनसङ्ख्या कोषको कुनै एक उद्देश्य लेख ।

५.३ यस संस्थाको कार्यक्रमहरू केके हुन् ?

५.४ नेपालमा यस संस्थाले कुनकुन काम गरेको छ ? दुईओटा काम लेख ।

६. सारांश

६.१ संयुक्त राष्ट्र जनसङ्ख्या कोषलाई छोटकरीमा UNFPA भनिन्छ ।

६.२ यो संस्था संयुक्त राष्ट्र साधारण सभाको अङ्ग हो ।

६.३ यसको स्थापना सन् १९६९ मा भएको हो ।

६.४ यस संस्थाले जनसङ्ख्यासम्बन्धी क्रियाकलापमा विकसित र अविकसित राष्ट्रहरूलाई नीति निर्माण, समस्या समाधान आर्थिक र प्राविधिक सहयोग गर्दै आएको छ ।

६.५ आफ्नो कार्यक्षेत्रमा प्राविधिक सहयोग, तालिम सामग्री निर्माण, अनुसन्धान कार्य र सूचना आदानप्रदानमा सहयोग पुऱ्याइएको छ ।

६.६ मातृशिशु कल्याण, जनसङ्ख्यासम्बन्धी विभिन्न कार्यमा यसले महत्त्वपूर्ण कार्य गरेको छ ।

पाठ ७ विश्व बालकोष

१. **भूमिका**

यो अन्तर्राष्ट्रियस्तरको संस्था हो । यस संस्थाले बालबालिकाका लागि सहयोग पुऱ्याउँदै आएको छ ।

२. **उद्देश्य**

विश्व बालकोषको परिचय दिन तथा उद्देश्य तथा कार्यक्रमहरू बताउन ।

४. **शिक्षण क्रियाकलाप**

४.१ शिक्षकले कालोपाटीमा विश्व बालकोष UNICEF लेखी पूर्ण रूप लेख्न कुनै छ जना विद्यार्थीहरूलाई खाली कागज र मार्कर पेन छ ओटा दिने र बाँकी विद्यार्थीलाई विश्वबालकोषको परिचय पढ्न लगाउने ।

४.२ उनीहरूले लेखिसकेपछि अगाडि आई भन्न लगाउने । भनिसकेपछि कालोपाटीमा टेपले टाँस्न लगाउने पुनः सबै विद्यार्थीलाई पढ्न भन्ने ।

४.३ त्यसपछि शिक्षकले यसको परिचय सङ्क्षेपमा बताई दिने ।

- यो संस्था सन् १९४६ मा स्थापना भएको हो ।
- यसलाई संयुक्त राष्ट्र अन्तर्राष्ट्रिय बाल आकस्मिक कोषको नामले चिनिन्छ ।
- यसलाई छोटकरीमा UNICEF भन्निछ ।
- सुरुमा लडाइँमा परेकाहरूलाई सहयोग पुऱ्याउने लक्ष्य राखे पनि पछि बालबालिकाहरूलाई दीर्घकालीन रूपमा सहयोग गर्ने नीति अपनायो ।
- पछि १९५३ मा संयुक्त राष्ट्रको स्थायी संस्था बनाई विश्व बालकोष नामकरण गरिए पनि युनिसेफलाई यथावत् राखियो ।
- यसको मुख्य कार्यालय न्युयोर्कमा छ । सहायक कार्यालय नेपालमा छ । १२८ राष्ट्रमा यसको कार्यक्रम सञ्चालन छ ।

४.४ चार्ट पेपरका सहायताले यसका उद्देश्यहरू विद्यार्थीलाई टिप्न लगाउने साथै यसको कार्यक्रमहरू शिक्षकले कक्षागत रूपमा कालोपाटीमा लेखी दिने र विद्यार्थीलाई सूची बनाउन लगाउने ।

५. **मूल्याङ्कन**

५.१ विश्व बालकोषको UNICEF को पूर्ण रूप लेख ।

५.२ विश्व बालकोषको एउटा उद्देश्य लेख ।

५.३ विश्व बालकोषको कुनै दुईओटा नाम लेख ।

६. **सारांश**

६.१ यस संस्थालाई छोटकरीमा UNICEF भन्ने गरिन्छ ।

६.२ सुरुमा लडाइमा परेका बालबालिकाको उद्धार गर्ने नीति अपनायो ।

६.३ यो संयुक्त राष्ट्र स्थायी संस्थाको रूपमा सेवा कार्यमा जुटेको छ ।

६.४ यसको मुख्य कार्यालय न्यूयोर्कमा छ ।

६.५ १२८ राष्ट्रमा यसको कार्यक्रम सञ्चालित छन् ।

६.६ नेपालमा पनि बालबालिकासम्बन्धी विषयमा, वातावरण विषयमा मद्दत गर्दै आएको छ ।

पाठ ८ विश्व खाद्य तथा कृषि सङ्गठन (FAO)

१. भूमिका

विश्व खाद्य तथा कृषि सङ्गठन सन् १९४५ को अक्टोवर १६ मा स्थापना भएको हो । यो अन्तर्राष्ट्रिय स्तरको संस्था हो । यसलाई FAO पनि भनिन्छ । यस सङ्गठनमा १७१ देशहरू सदस्य रहेका छन् । यसबाट ११२ देशहरूमा यससम्बन्धी कार्यहरू सञ्चालन गरिएका छन् ।

२. उद्देश्य

यो पाठ पढिसकेपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुन्छन् :

२.१ विश्व खाद्य तथा कृषि सङ्गठनको परिचय र उद्देश्य बताउन ।
२.२ यसका कार्यक्रमबारे बताउन,
२.३ नेपालमा गरेका कामबारे बताउन ।

३. शिक्षण सामग्री

३.१ FAO सँग सम्बन्धित पोस्टर, चित्र

४. शिक्षण क्रियाकलपा

४.१ शिक्षकले विश्व खाद्य तथा कृषि सङ्गठनको सामान्य परिचय बताएपछि विद्यार्थीहरूलाई चार समूहमा गोलाप्रथाद्वारा छुट्टयाउने र प्रत्येक समूहलाई, परिचय, उद्देश्य, कार्यक्रम र नेपालमा यस संस्थाले गर्ने कार्य बाँड्ने ।
४.२ प्रत्येक समूहलाई आआफ्नो पाठ अध्ययन गर्न लगाउने ।
५.३ अध्ययनपश्चात् समूहमा छलफल गरी निष्कर्ष लेख्न लगाउने
५.४ पालैपालो अगाडि आई भूमिका निर्वाह विधिद्वारा भन्न लगाउने ।
४.५ शिक्षकले पोस्टर र चित्रद्वारा सारांश प्रस्तुत गरिदिने ।

५. मूल्याङ्कन

५.१ विश्व खाद्य तथा कृषि सङ्गठनको स्थापना कहिले भएको हो ।
५.२ FAO को एउटा उद्देश्य लेख ।
५.३ यस संस्थाले गर्ने कुनै दुईओटा कार्यक्रमको नाम लेख ।
५.४ नेपालमा यस संस्थाले गरेका दुई ओटा कामको नाम लेख ।

६. सारांश

६.१ यो संस्था संयुक्त राष्ट्रअन्तर्गतको अन्तर्राष्ट्रिय संस्था हो ।
६.२ यसले पोषणस्तर र जीवनस्तर उकास्न मद्दत गर्छ ।
६.३ यसले जीवनका लागि पानी, खाना, रूख भनी नारा राखेको छ ।
६.४ नेपालमा कृषि योजना, खाद्यान्न, सुरक्षा, ग्रामीण ऋणको व्यवस्था गरिएको छ ।

पाठ ९ संयुक्त राष्ट्र वातावरण कार्यक्रम (UNEP)

१. भूमिका

संयुक्त राष्ट्र सङ्घले सन् १९७२ को जुनमा मानव वातावरणसम्बन्धी सम्मेलन आयोजना गरेको थियो । यो संस्था संयुक्त राष्ट्र सङ्घअन्तर्गत अन्तर्राष्ट्रिय संस्था हो । यस संस्थामा पाँचै महादेशका ५८ ओटा राष्ट्रहरूले प्रतिनिधित्व गरेका छन् । यस पाठमा हामी संयुक्त राष्ट्र वातावरण कार्यक्रमसँग सम्बन्धित विषयमा अध्ययन गर्दछौँ ।

२. उद्देश्य

पाठको अन्तमा विद्यार्थीहरू संयुक्त राष्ट्र वातावरण कार्यक्रमको परिचय दिन सक्नेछन् ।

३. शिक्षण सामग्री

चार्ट पेपर, पोस्टर चित्र आदि

४. शिक्षण क्रियाकलाप

४.१ शिक्षकले ठूलो अक्षरले कालोपाटीमा शीर्षक लेखी दिने र विद्यार्थीहरूलाई यस पाठ अध्ययन गर्न निर्देशन दिने र साथसाथ मुख्यमुख्य बुँदा कापीमा क्रम मिलाएर लेख्न लगाउने । यस समय शिक्षकले आवश्यक परेको पृष्ठपोषण दिने ।

४.२ विद्यार्थीमध्ये कुनै एकलाई अगाडि बोलाएर अभिनय विधिद्वारा पाठ पढ्न लगाउने र अरू साथीलाई साथीले भनेको कुनै कुरा छुट्यो छुटेन हेर्न लगाउने ।

४.३ शिक्षकले पहिला आफूले केही उदाहरण निम्नानुसार प्रस्तुत गर्ने "एकादेशमा संयुक्त राष्ट्र सङ्घ भन्ने अन्तर्राष्ट्रिय संस्थाको जन्म सन् १९७२ मा जन्म भएको हो" आदि ।

४.४ विद्यार्थीले अभिनय गरी सकेपछि चित्र, पोस्टर, चार्ट पेपरको माध्यमद्वारा सारांश बताई दिने ।

५. मूल्याङ्कन

५.१ संयुक्त राष्ट्र संघले कुन विषयलाई प्राथमिकता दियो ?

५.२ UNFPA को पूर्णरूप लेख ।

५.३ यस सङ्घले गर्ने कुनै एक कार्यक्रम लेख ।

६. सारांश

६.१ संयुक्त राष्ट्र वातावरण कार्यक्रम सन् १९७२ स्वीडेनको स्टकहोममा सुरु भयो ।

६.२ यसले मानव, वातावरणसम्बन्धी विषयमा बाच्न पाउने हक र वातावरणलाई भावी पिँढीका लागि पनि जगेर्ना गर्नुपर्ने अवधारणा प्रतिवादन गऱ्यो ।

पाठ १० विश्व प्रकृति कोष (WWF)

१. भूमिका

विश्व प्रकृति कोष अन्तर्राष्ट्रिय गैरसरकारी प्राकृतिक संरक्षण संगठन हो । यसको स्थापना सन् १९६१ मा स्थापना भएको अन्तर्राष्ट्रिय स्तरको संस्था हो । यसको मुख्य कार्यालय स्वीजरल्यान्डमा रहेको छ । यस संस्था पृथ्वीको दुर्लभ जीव तथा प्राकृतिक स्रोतहरूको जगेर्ना गर्ने कार्यमा प्रयत्नशील छ । हामी यस संस्थाका बारेमा जानकारी हासिल गर्नेछौं ।

२. उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू विश्व प्रकृति कोषको परिचय दिन सक्नेछन् ।

३. शिक्षण सामग्री

चार्ट पेपर, साइनपेन, पिन, पोस्टर चित्र आदि

४. शिक्षण क्रियाकलाप

४.१ शिक्षकले विश्व प्रकृति कोषको भूमिका बाँधेर विद्यार्थीहरूलाई चार समूहमा विभाजन गर्ने र समूहलाई WWF को परिचय, उद्देश्य, कार्यक्रम, कार्यको सूची तयार पार्न लगाउने ।

४.२ विभाजनपश्चात् चारओटा कार्ड पेपर र साइनपेन प्रत्येक समूहमा दिने र आआफ्नो समूह पाठ अध्ययन गरिसकेपछि छलफल गर्ने र सबैको सहमतिमा एक समूह नेताले आफ्नो विषय छोटकरीमा कार्डबोर्डमा लेख्ने ।

४.३ शिक्षकले ती कार्डबोर्डअरू प्रत्येक नेताको अगाडि आलपिनले (छातीमा) अड्काउने ।

४.४ प्रत्येकको छातीमा रहेको कार्डवोर्डको कुरा अर्को साथीले पढ्ने ।

४.५ अर्को साथीले पढिसकेपछि जनावरको आवाज दिँदै कक्षाको तलमाथि घुमेर लेखेको कुरा अरू साथीलाई पनि पढ्न अवसर दिने । जस्तो; (१) WWF को परिचय (२) उद्देश्य पढ्ने (३) कार्यक्रम पढ्ने (४) काम पढ्ने ।

४.६ यसरी विद्यार्थीद्वारा यी क्रियाकलाप सकिएपछि शिक्षकले चार्ट पेपर, पोस्टर र चित्रको सहायताद्वारा शिक्षकले सारांश बताइदिने ।

५. मूल्याङ्कन

५.१ WWF ले कुन विषयमा काम गर्छ ?

५.२ WWF को कुनै एक उद्देश्य लेख ।

सांस्कृतिक सम्पदाको सम्भार तथा संरक्षण

१. भूमिका

सांस्कृतिक सम्पदा राष्ट्रका अमूल्य वस्तुका रूपमा रहन्छन् । नेपाल सांस्कृतिक सम्पदाको हिसाबले धनी देशका रूपमा चिनिन्छ । हाम्रो देशमा सांस्कृतिक रूपले मूल्यावान् ठानिएका र विश्वसम्पदा सूचीमा समेत परेका विभिन्न सांस्कृतिक सम्पदाहरू छन् । यस्ता सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा संवर्द्धन गर्न सकेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा समेत देशको इज्जत बढ्न जान्छ ।

२. उद्देश्य

यो पाठ पढिसकेपछि विद्यार्थीहरू निम्न कुराहरूमा सक्षम हुनेछन् :

- सांस्कृतिक सम्पदाको संरक्षण गर्न,
- सांस्कृतिक सम्पदाको संरक्षणको महत्त्व बताउन ।

३. शैक्षिक सामग्री

- विभिन्न मठ मन्दिरहरूको चित्र/पोस्टर
- सांस्कृतिक सम्पदा संरक्षण गर्दै गरेको चित्र

४. शिक्षण क्रियाकलाप

४.१ विद्यार्थीलाई आ-आफ्नो गाउँ टोल छिमेकमा रहेका सांस्कृतिक सम्पदाका रूपमा परिचित सङ्गीत, साहित्य, कला आदि विषयहरूको सूची तयार पार्न लगाउने ।

४.२ यस्ता सांस्कृतिक सम्पदाको के कस्तो महत्त्व छ बताउन लगाउने ।

४.३ शिक्षकले निम्न निष्कर्ष दिने -

- सांस्कृतिक सम्पदाभित्र देशको साहित्य, सङ्गीत, कला आदि क्षेत्रहरूलाई समेट्छ ।
- मठमन्दिर, चैत्य आदि विषयवस्तुहरू पनि सांस्कृतिक सम्पदाभित्र पर्छन् ।
- सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धन गर्नका लागि सबै पक्ष सचेत र सक्रिय रहनुपर्छ ।

पाठ १० विश्व प्रकृति कोष (WWF)

१. भूमिका

विश्व प्रकृति कोष अन्तर्राष्ट्रिय गैरसरकारी प्राकृतिक संरक्षण संगठन हो । यसको स्थापना सन् १९६१ मा स्थापना भएको अन्तर्राष्ट्रिय स्तरको संस्था हो । यसको मुख्य कार्यालय स्वीजरल्यान्डमा रहेको छ । यस संस्था पृथ्वीको दुर्लभ जीव तथा प्राकृतिक स्रोतहरूको जगेर्ना गर्ने कार्यमा प्रयत्नशील छ । हामी यस संस्थाका बारेमा जानकारी हासिल गर्नेछौं ।

२. उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू विश्व प्रकृति कोषको परिचय दिन सक्नेछन् ।

३. शिक्षण सामग्री

चार्ट पेपर, साइनपेन, पिन, पोस्टर चित्र आदि

४. शिक्षण क्रियाकलाप

४.१ शिक्षकले विश्व प्रकृति कोषको भूमिका बाँधेर विद्यार्थीहरूलाई चार समूहमा विभाजन गर्ने र समूहलाई WWF को परिचय, उद्देश्य, कार्यक्रम, कार्यको सूची तयार पार्न लगाउने ।

४.२ विभाजनपश्चात् चारओटा कार्ड पेपर र साइनपेन प्रत्येक समूहमा दिने र आआफ्नो समूह पाठ अध्ययन गरिसक्रेपछि छलफल गर्ने र सबैको सहमतिमा एक समूह नेताले आफ्नो विषय छोटकरीमा कार्डबोर्डमा लेख्ने ।

४.३ शिक्षकले ती कार्डबोर्डअरू प्रत्येक नेताको अगाडि आलपिनले (छातीमा) अड्काउने ।

४.४ प्रत्येकको छातीमा रहेको कार्डवोर्डको कुरा अर्को साथीले पढ्ने ।

४.५ अर्को साथीले पढिसकेपछि जनावरको आवाज दिँदै कक्षाको तलमाथि घुमेर लेखेको कुरा अरू साथीलाई पनि पढ्न अवसर दिने । जस्तो; (१) WWF को परिचय (२) उद्देश्य पढ्ने (३) कार्यक्रम पढ्ने (४) काम पढ्ने ।

४.६ यसरी विद्यार्थीद्वारा यी क्रियाकलाप सकिएपछि शिक्षकले चार्ट पेपर, पोस्टर र चित्रको सहायताद्वारा शिक्षकले सारांश बताइदिने ।

५. मूल्याङ्कन

५.१ WWF ले कुन विषयमा काम गर्छ ?

५.२ WWF को कुनै एक उद्देश्य लेख ।

सांस्कृतिक सम्पदाको सम्भार तथा संरक्षण

१. भूमिका

सांस्कृतिक सम्पदा राष्ट्रका अमूल्य वस्तुका रूपमा रहन्छन् । नेपाल सांस्कृतिक सम्पदाको हिसाबले धनी देशका रूपमा चिनिन्छ । हाम्रो देशमा सांस्कृतिक रूपले मूल्यावान् ठानिएका र विश्वसम्पदा सूचीमा समेत परेका विभिन्न सांस्कृतिक सम्पदाहरू छन् । यस्ता सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा संवर्द्धन गर्न सकेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा समेत देशको इज्जत बढ्न जान्छ ।

२. उद्देश्य

यो पाठ पढिसकेपछि विद्यार्थीहरू निम्न कुराहरूमा सक्षम हुनेछन् :

- सांस्कृतिक सम्पदाको संरक्षण गर्न,
- सांस्कृतिक सम्पदाको संरक्षणको महत्त्व बताउन ।

३. शैक्षिक सामग्री

- विभिन्न मठ मन्दिरहरूको चित्र/पोस्टर
- सांस्कृतिक सम्पदा संरक्षण गर्दै गरेको चित्र

४. शिक्षण क्रियाकलाप

४.१ विद्यार्थीलाई आ-आफ्नो गाउँ टोल छिमेकमा रहेका सांस्कृतिक सम्पदाका रूपमा परिचित सङ्गीत, साहित्य, कला आदि विषयहरूको सूची तयार पार्न लगाउने ।

४.२ यस्ता सांस्कृतिक सम्पदाको के कस्तो महत्त्व छ बताउन लगाउने ।

४.३ शिक्षकले निम्न निष्कर्ष दिने -

- सांस्कृतिक सम्पदाभित्र देशको साहित्य, सङ्गीत, कला आदि क्षेत्रहरूलाई समेट्छ ।
- मठमन्दिर, चैत्य आदि विषयवस्तुहरू पनि सांस्कृतिक सम्पदाभित्र पर्छन् ।
- सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धन गर्नका लागि सबै पक्ष सचेत र सक्रिय रहनुपर्छ ।

५. मूल्याङ्कन

- सांस्कृतिक सम्पदाभित्र केके कुराहरू पर्दछन् ?
- सांस्कृतिक सम्पदालाई कसरी संरक्षण गर्नुपर्छ ?
- सांस्कृतिक सम्पदालाई किन संरक्षण गर्नु जरुरी हुन्छ ।

६. सांराश

देशका सांस्कृतिक सम्पदाको आफ्नै महत्त्व रहन्छ । स्वदेशी तथा विदेशी पर्यटक बढाउन, आर्थिक स्रोत बढाउन, अन्तर्राष्ट्रियस्तरमा देशलाई चिनाउनसमेत यसले निकै ठूलो योगदान पुऱ्याउने भएकाले यसको संरक्षण र संवर्द्धन गर्नु जरुरी हुन्छ ।

भक्तपुर

प्रकाशक:

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

मुद्रक:

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर ।

मूल्य रु. ३२/-

304.
PAU
2061

Cover: emanon Nepa